सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ फागुन २०८२, शनिबार (21 Feb 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

चुनावले बढायो वैदेशिक व्यापार

चालू आवको सात महिनामा १२ खर्ब ९१ अर्बको व्यापार

माघमा चालू आर्थिक वर्षकै उच्च कीर्तिमान



निर्वाचन प्रयोजनका लागि भारतले अनुदानमा दिएका गाडी



● **श्यामप्रसाद भण्डारी**, महानिर्देशक, भन्सार विभाग

पछिल्लो समय चुनावलक्षित वस्तु आयात भएका छन्। चुनावलक्षित सामग्रीमा गाडीको हिस्सा धेरै छ। विभिन्न देशले दिएका सहयोग प्राप्त भएका छन्। चुनावलाई आवश्यक पर्ने अन्य सामग्री पनि आयात भएका छन्। त्यसले गर्दा आयात बढाउन केही सहयोग पुगेको छ। आयात बढे पनि यसले राजस्वमा भने खासै योगदान गरेको छैन। चुनावलक्षित सामग्री कर छुटमा ल्याइएको छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

निर्वाचन नजिकिँदै जाँदा बढेको राजनीतिक चहलपहलसँगै सीमापार व्यापारमा पनि उछाल आएको छ। निर्वाचनको तयारीले आयात-निर्यात 'गुल्जार' बनाउँदा चालू आर्थिक वर्षको सात महिनामा १२ खर्ब ९१ अर्ब ६३ करोडको वैदेशिक व्यापार भएको छ। सो अवधिमा ११ खर्ब २३ अर्ब ४८ करोडको आयात हुँदा निर्यात भने एक खर्ब ६८ अर्ब १४ करोडको मात्र छ।

माघमा एक खर्ब ८४ अर्ब रुपैयाँभन्दा बढीको वस्तु आयात भई चालू आर्थिक वर्षकै उच्च कीर्तिमान बनेको छ। तर, आयात उकालो लाग्दा पनि राजस्वमा भने अपेक्षित सुधार देखिएको छैन।

■ व्यापार घाटा ९ खर्ब ५५ अर्ब पुग्यो

भन्सार विभागले शुक्रबार सार्वजनिक गरेको तथ्यांकअनुसार माघ महिनामा एक खर्ब ८४ अर्ब ४६ करोड ३३ लाख ३० हजार रुपैयाँबराबरको वस्तु आयात भएको छ। चालू आर्थिक वर्षमा यो कुनै पनि महिनामा भएको सबैभन्दा उच्च आयात हो।

विभागको तथ्यांकअनुसार साउनमा एक खर्ब ४३ अर्ब चार करोड ६ लाख, भदौमा एक खर्ब ६२ अर्ब ११ करोड ४४ लाख, असोजमा एक खर्ब ६२ अर्ब ९२ करोड ८२ लाख, कात्तिकमा एक खर्ब ४१ अर्ब ३६ करोड ७९ लाख, मंसिरमा एक खर्ब ५६ अर्ब ७३ करोड ७९ लाख र पुसमा एक खर्ब ७२ अर्ब ८३ करोड ३६ लाख रुपैयाँको वस्तु आयात भएको थियो।

पुसदेखि नै चुनावलक्षित सामग्री आयात हुन थालेको विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले बताए। उनका अनुसार गाडीलगायत निर्वाचनसँग सम्बन्धित सामग्री ठुलो परिमाणमा भित्रिएका छन्। 'पछिल्लो समय चुनावलक्षित वस्तु आयात भएका छन्। चुनावलक्षित सामग्रीमा

» पृष्ठ २ मा क्रमशः

सात महिनामा १३.६५ प्रतिशतले बढ्यो आयात

चालू आवको पहिलो सात महिनामा समग्र आयात १३.६५ प्रतिशतले बढेको छ। गत आवको सोही अवधिमा नौ खर्ब ८८ अर्ब ५८ करोड रुपैयाँको वस्तु आयात भएको थियो भने चालू आवमा बढेर ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाख रुपैयाँ पुगेको छ।

■ ३२.१९ प्रतिशतले बढ्यो निर्यात

समीक्षा अवधिमा नेपालको वस्तु निर्यात भने ३२.१९ प्रतिशतले बढेको छ। गत आवको पहिलो सात महिनामा एक खर्ब २७ अर्ब २० करोड ४८ लाख २९ हजार रुपैयाँको वस्तु निर्यात भएको थियो। चालू आवको सात महिनामा एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख २४ हजार रुपैयाँको वस्तु निर्यात भएको छ। पछिल्लो समय नेपालबाट भारतमा भटमासको तेलको निर्यात उच्च दरमा वृद्धि भएको छ।

कच्चा भटमास तेल सबैभन्दा बढी आयात

सात महिनामा ७० अर्ब ९९ करोड ५६ लाखबराबरको कच्चा भटमास तेल आयात भएको छ, जुन सबैभन्दा बढी आयात हुने वस्तु हो। चीन, ब्राजिल, कतार, थाइल्यान्ड, अर्जेन्टिना र युक्रेनलगायत देशबाट आयात गरिएको कच्चा तेल नेपालमै प्रशोधन गरी भारत निर्यात गरिन्छ। पछिल्लो समय भारतमा प्रशोधित भटमास तेलको माग उच्च छ। दोस्रो स्थानमा ६९ अर्ब ९१ करोड रुपैयाँको डिजेल र तेस्रो स्थानमा ३८ अर्ब १३ करोड रुपैयाँको पेट्रोल आयात भएको छ।

निर्यातमा पनि भटमास तेल नै पहिलो

निर्याततर्फ पनि भटमास तेलकै हिस्सा धेरै छ। समीक्षा अवधिमा ६६ अर्ब ७८ करोड ८७ लाख १४ हजार रुपैयाँको प्रशोधित भटमास तेल निर्यात भएको छ। नेपाली व्यवसायीले विभिन्न मुलुकबाट कच्चा सोयाबिन तेल लिएर भारतमा निर्यात गर्दै आएका छन्। समग्र निर्यात हिस्सा बढ्नुमा भटमास तेलको मुख्य योगदान छ।

■ प्रमुख दलका घोषणापत्रमा विदेश नीति

स्वाधीनता, सन्तुलन र सुधार

सन्तुलित सम्बन्ध र 'क्रिकेट कूटनीति'



कांग्रेस

विश्व समुदायसँग समानताको सिद्धान्तमा आधारित सम्बन्ध विस्तार गर्दै नेपाललाई आत्मविश्वासी राष्ट्रका रूपमा स्थापित गर्ने। विदेशस्थित नेपाली नियोगलाई डिजिटल व्यापार प्रवर्द्धन केन्द्रका रूपमा विकास गर्ने र खेलकुदलाई 'सफ्ट पावर'का रूपमा प्रयोग गर्दै 'क्रिकेट कूटनीति'मार्फत छवि सुदृढ गर्ने।

सबैसँग मित्रता, कसैसँग छैन शत्रुता



एमाले

राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षा मूल प्रतिबद्धता। आन्तरिक मामिलामा हस्तक्षेप अस्वीकार्य। 'सबैसँग मित्रता, छैन कसैसँग शत्रुता' नारासहित एमालेले भनेको छ- हामी कुनै पनि छिमेकीसँगको अति निकटता चाहँदैनौं र अति दूरी पनि चाहँदैनौं।

स्वतन्त्र नेपाल र सन्तुलित कूटनीति



नेकपा

स्वतन्त्र नेपाल र सन्तुलित कूटनीतिको नारा तथा राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षा गर्ने प्रतिबद्धता। आर्थिक कूटनीतिलाई प्राथमिकता दिँदै वैदेशिक लगानी, निर्यात प्रवर्द्धन, प्रविधि हस्तान्तरण, पर्यटन र रोजगारीको अवसर विस्तार गर्ने। सीमा विवाद कूटनीतिक वार्ताबाट समाधान।

'बफर स्टेट'बाट 'भाइब्रेन्ट ब्रिज'



रास्वपा

सन्तुलित र गतिशील कूटनीति अवलम्बन गर्दै नेपाललाई 'बफर स्टेट'बाट 'भाइब्रेन्ट ब्रिज'मा रूपान्तरण गर्ने अवधारणा। भारत र चीनसँग विकास साझेदारी सुदृढ गर्दै डिजिटल पूर्वाधार, भौतिक संरचना र आर्थिक सहकार्य विस्तार गर्ने। व्यापारिक साझेदार मुलुकमा 'इकोनोमिक कन्सुलर'।


'नेपाल प्रथम' र शान्ति क्षेत्रको प्रस्ताव



राप्रपा

'नेपाल प्रथम, नेपाली प्रथम' नारा। असमान सन्धि-सम्झौता खारेज गर्ने, आर्थिक कूटनीतिलाई प्राथमिकता दिने र 'नेपाल शान्ति क्षेत्र' प्रस्ताव पुनर्जीवित गर्ने प्रतिबद्धता।

राष्ट्रिय हितका आधारमा मित्रराष्ट्रसँग सु-सम्बन्ध



जसपा नेपाल

राष्ट्रिय सुरक्षा, स्वाधीनता, अखण्डता र वातावरणीय संरक्षणलाई परराष्ट्र नीतिको आधार बनाइने। द्विपक्षीय तथा बहुपक्षीय सम्बन्धमार्फत शान्ति, स्थायित्व र आर्थिक समृद्धि प्रवर्द्धन गर्ने।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

आसन्न निर्वाचनका लागि मैदानमा उत्रिएका प्रमुख राजनीतिक दलहरूले घोषणापत्रमा राष्ट्रिय हित, स्वाधीनता र सन्तुलित कूटनीतिको प्रतिबद्धता दोहोऱ्याएका छन्। राष्ट्रिय हितमा आधारित विदेश नीतिमा जोड दिए पनि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरण, कूटनीतिक आचारसंहिताको कडाइलगायतका संवेदनशील विषयमा अधिकांश दल मौन छन्।

प्रमुख दलका घोषणापत्रमा सुरक्षा (पृष्ठ २)

आसन्न निर्वाचनमा होमिएका प्रमुख दल कांग्रेस, एमाले, नेकपा, रास्वपा, राप्रपा र जसपा नेपालले सार्वजनिक गरेको घोषणापत्रमा राष्ट्रहितमा जोड दिइएको छ। तर, रास्वपाबाहेक अन्य दलले भागबन्डामुक्त राजदूत नियुक्तिको स्पष्ट प्रतिबद्धता जनाएका छैनन्।

कांग्रेसले राष्ट्रिय हित र सार्वभौमिक समानताका आधारमा सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने प्रतिबद्धता जनाएको छ। राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षा आफ्नो मूल प्रतिबद्धता रहेको एमालेले जनाएको छ। नेकपाले कालापानी पश्चिम लिम्पियाधुरासम्मको सीमा समस्या समाधान गर्ने भनेको छ भने राष्ट्रिय स्वतन्त्र पार्टीले कूटनीतिक नियोगहरूलाई दलीय भागबन्डाको थलो बन्न नदिने भनेको छ।

» पृष्ठ २ मा क्रमशः

■ रमजानमा नमाज



इस्लाम धर्मावलम्बीको पवित्र महिना रमजान सुरु भएसँगै शुक्रबार दरबारमार्गस्थित नेपाली जामे मस्जिदमा धार्मिक ग्रन्थ नमाज पढ्दै रोजेदार (व्रतालुहरू)। बिहीबारबाट सुरु भई ३० दिनसम्म रोजा (निराहार व्रत) बसेर नमाज पढ्ने गरिन्छ। ३० दिनसम्म हरेक दिन रोजा बस्ने गरिन्छ, सूर्योदयदेखि सूर्यास्तसम्म पानीसमेत पिउँदैनन्। ३० दिनपछि मुख्य पर्व इद मनाइन्छ।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

झ्नयाँ



चुनावी प्रचारमा प्रविधि

उम्मेदवार भाइरल एजेन्डा ओझेल

'सामाजिक सञ्जालमार्फत हुने एकोहोरो प्रचारले मतदाता र उम्मेदवारबिच दूरी बढाएको छ'

● पवन बराइली



वानखेडेमा छाएका दीपेन्द्र

● रमेश सुवेदी

अशुद्ध घोषित जिब्राहरूको इतिहास



मातृभाषा दिवसको उत्सवले तब मात्र सार्थकता पाउँछ, जब काठमाडौंका चिल्ला सडकमा बोलिने नेपाली शब्द र बागलुङको आरनमा गुन्जिने 'ज्वार' शब्दले बराबरको नागरिक सम्मान पाउँछन्।

● यीश्वरा सिवा

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

४१ दलले बुझाए घोषणापत्र

२२ दलको घोषणापत्र अझै आयोगको रेकर्डबाहिर

निर्वाचन आयोगको कानुन तथा राजनीतिक दल महाशाखा प्रमुख सहसचिव **यज्ञ भट्टराई** भन्छन्-



"राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचारप्रसार गर्दा घोषणापत्रका आधारमा आफ्ना नीति-कार्यक्रम लिएर मतदातामाझ जानुपर्छ भन्ने मुख्य उद्देश्य हो। त्यसैले मतदाताले पनि दलका नीति-कार्यक्रम के छन्, तिनका मूल्यांकनका आधारमा मतदान गरून् भनेर घोषणापत्र सार्वजनिक गर्ने र आयोगमा बुझाउने भनिएको हो।

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगको निर्देशनअनुसार ४१ राजनीतिक दलले घोषणापत्र सार्वजनिक गरी आयोगमा बुझाएका छन्। राजनीतिक दलसम्बन्धी ऐनको दफा ५७ र निर्वाचन आचारसंहिताको दफा ३७ मा दल तथा उम्मेदवारले घोषणापत्र सार्वजनिक गरी आयोग तथा सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्ने व्यवस्था छ।

समानुपातिकतर्फ ५७ निर्वाचन चिह्नमार्फत ६३ दलले सहभागिता जनाएका र तीमध्ये ४१ दलले घोषणापत्र बुझाइसकेको तथा अझै २२ दलले नबुझाएको सहायक

» पृष्ठ २ मा क्रमशः



■ यी हुन् घोषणापत्र बुझाउने दल

राष्ट्रिय जनमोर्चा, संयुक्त नागरिक पार्टी, समावेशी समाजवादी पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेकपा (माओवादी), नागरिक उन्मुक्ति पार्टी, त्रिमूल नेपाल, जसपा नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, नेपाल जनता पार्टी, राष्ट्रिय परिवर्तन पार्टी, नेकपा (माले), राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, नेसनल रिपब्लिक नेपाल, नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, नेकपा, रास्वपा, नेकपा (संयुक्त), राष्ट्रिय जनमुक्ति पार्टी, उज्यालो नेपाल, नागरिक सर्वोच्चता पार्टी नेपाल, नेमकिपा, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, जनादेश पार्टी नेपाल, जय मातृभूमि पार्टी, नेपालका लागि नेपाली पार्टी, नेपाल मातृभूमि पार्टी, जनता समाजवादी पार्टी, गतिशील लोकतान्त्रिक पार्टी, नेपाली जनश्रमदान संस्कृति पार्टी, आम जनता पार्टी, प्रलोपा, नेपाल लोकतान्त्रिक पार्टी, जनमत पार्टी, मितेरी पार्टी नेपाल, सार्वभौम नागरिक पार्टी, पिपुल फर्स्ट पार्टी, नेपाली जनता दल

■ ५६ दलले अझै खाता खोलेनन्

२,५३९ उम्मेदवार पनि बैंकिङ प्रणालीबाहिर



दल तथा उम्मेदवारले कुनै नेपाली नागरिक वा संगठित संस्थाबाट २५ हजार रुपैयाँभन्दा बढी स्वैच्छिक आर्थिक सहयोग रकम प्राप्त गर्दा सोझै बैंक खातामा प्राप्त गर्नुपर्ने र सोभन्दा कम रकमका लागि नगदी रसिद वा भर्पाई बैंक खातामा जम्मा गर्नुपर्ने भनिएको छ। सरकारी निकाय, सार्वजनिक निकाय, गैरसरकारी संस्था, विदेशीबाट सहयोग लिन नपाउने भनिएको छ। तर, ५६ दल र २५ सय ३९ उम्मेदवारले बैंकिङ च्यानलबाहिर निर्वाचन खर्च गरिरहेका छन्।

नयाँ पत्रिका

निर्वाचन प्रचार खर्च बैंकिङ प्रणालीबाट गर्नुपर्ने निर्वाचन आयोगको निर्देशन दल र उम्मेदवारले उल्लंघन गरेका छन्। आयोगका अनुसार शुक्रबारसम्म सात दल र ८६७ उम्मेदवारले मात्र छुट्टै बैंक खाता खोलेका छन्। ५६ दल र दुई हजार ५३९ उम्मेदवारले बैंकिङ च्यानलबाहिर निर्वाचन खर्च गरिरहेका छन्।

आयोगले ४ फागुनमा तोकिएको खुला प्रचारअगावै निर्वाचन प्रचारका लागि छुट्टै खाता खोलेर बैंकिङ कारोबार गर्न र घोषणापत्र सार्वजनिक गरेर बुझाउन निर्देशन दिए पनि दल र उम्मेदवारले अटेरी गरेका हुन्। आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले अहिलेसम्म सात दल र ८६७ उम्मेदवारले खाता खोलेर खर्च थालेको भन्दै बाँकी पनि एक-दुई दिनमै प्रणालीभित्र आउने बताइन्।

उनका अनुसार नेपाली कांग्रेस, नेकपा संयुक्त, राष्ट्रिय जनमोर्चा, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी र संयुक्त नागरिक पार्टीले मात्र छुट्टै खाता खोलेका छन्। उम्मेदवारतर्फ २५ प्रतिशतले मात्रै खाता खोलेका छन्।

उनले कार्यविधिअनुसार निर्वाचन प्रचारका लागि आर्थिक सहयोग

» पृष्ठ २ मा क्रमशः

■ दाङमा रविले भने–

तपाईंहरूले जनतालाई धोका दिनुभयो, बच्चालाई गोली ठोकेर मार्नुभयो





दाङमा **दीपक बोहरा**

रास्वपा सभापति रवि लामिछानेले २१ फागुनको चुनावबाट भाग्य र भविष्य फेर्नुपर्ने बताएका छन् । विभिन्न राजनीतिक दलहरूले ३५ वर्षसम्म जनतालाई धोका दिएपछि जनता रिसाएको उनको भनाइ छ ।

रास्वपाले शुक्रबार दाङको घोराहीमा आयोजना गरेको चुनावी आमसभामा सभापति लामिछानेले भने, 'हिजो तपाईंहरूले नै यो देश बनाउनुहुन्छ कि भनेर आस गरेर बसेका मान्छे थिए । तपाईंहरूले जनतालाई धोका दिनुभयो । धोका दिनुभयो ल ठिकै छ, तर बच्चालाई गोली ठोकेर मार्नुभयो । आमाको कोख रित्यानुभयो । त्यसकारण जनता रिसाएका छन् । जनता रिसाएको वेला हो यो ।'

देशभर जनता जागेको र जागरणलाई परिणाममा बदल्नुपर्ने उनले बताए । 'यसअघिका निर्वाचनमा यहाँहरूले भोट हाल्नुभएकै हो, पटक-पटक विभिन्न राजनीतिक दललाई छान्नुभएकै हो । नेहेरिएको होइन, मौका नदिएको होइन,' उनले भने, 'तर, यसपटक फेर्नुपर्नेछ, जनप्रतिनिधि फेर्ने होइन- हाम्रो आफ्नो भाग्य र भविष्य फेर्नुपर्नेछ, हाम्रो आफ्नै हातले, कसैको हातले होइन ।'

आफू गृहमन्त्री छँदा सरकारले भ्रष्टाचारीलाई कारबाही गरिरहेका वेला कांग्रेस-एमालेबिच सहमति गरेर सरकार ढालेको उनको आरोप छ । 'मलाई संसद्बाट निकाल्ने योजनाकार यहीँ छन् नि । यो देशका जनताले सबैभन्दा धेरै मत दोस्रोपटक दिएर पठाएको मलाई छलछाम गरी, बिचौलियासँग मध्यरातमा हस्ताक्षर गरेर, सुशासन कायम गर्दै गरेको, भ्रष्टाचारीलाई कोच्दै गरेको सरकारलाई संसद्बाट छलछाम गरेर दुई घण्टामा सूचना टाँस गरेर निकाल्ने योजनाकार यहीँ छन् नि,' उनले भने, 'उठेका होलान् यसपटक पनि, तिनले सुन्ने गरी भन्न चाहन्छु । संसद्बाट निकाल्यौँ, जनताको मनबाट निकालेर देखाऊ । तिनको आदेशमा मेरो बेडरुममा प्रहरीले अन्तिम इच्छा सोधेको थियो । यहीँ छन् तिनीहरू । मध्यरातमा पुलिस पठाएर मेरो अन्तिम इच्छा सोध्न आदेश दिने यहाँबाट चुनाव लड्दै छन् ।'

लामिछानेले नेपालको राजनीतिलाई षड्यन्त्र र पाखुराको बलमा कब्जा गर्नेहरू भाग्नुपर्ने बताए । 'हामीले वाचापत्रमा भ्रातृ संगठनरहित पार्टी बनाउने भनेका छौँ । किसान, मजदुर, शिक्षकलाई भन्न चाहन्छु- दलहरूले तपाईंहरूलाई एकत्रित गरेर भ्रातृ संगठन बनाए । तर, ३५ वर्षसम्म शिक्षकको हितमा काम नगर्दा, शिक्षकहरू दुईतिहाइको सरकार हुँदा आफ्नो अधिकार माग्न काठमाडौं गएको होइन, किन चाहियो त्यो संगठन ? किसानलाई आफ्नो पार्टीमा राखेर बिल्ला भिडाइदिएको होइन ? किसानले मूल्य नपाएर बाटोमा दुध फ्याँकेको होइन, किन चाहियो त्यो संगठन ? किसानले मलबिउ नपाएको होइन, बजार नपाएको होइन । तपाईंहरूको भोट लगेर बिचौलियालाई बेच्छन् किन हाल्नुहुन्छ ?'

अब शिक्षकले आफ्नो अधिकारका लागि सडकमा जानु नपर्ने उनको भनाइ छ । 'रास्वपामा शिक्षक, किसान, मजदुर, विद्यार्थी कसैको भ्रातृ संगठन छैन । यी सबैको हकहित हाम्रा मूल नारा हो । हामी हाँगा बनाएर होइन, जरा बनाएर यी समस्यालाई राजनीतिभन्दा माथि पुगेर समाधान गर्छौं,' लामिछानेले भने, '३५ वर्ष थारूहरूलाई भोट बैंक बनाएको होइन ? जहाँ भन्यो त्यही भोट हाल भनेको होइन । भयो पूरा माग ? भयो संरक्षण ? भूमिहीनले लालपुर्जा देख्न पाए ? पाए कसैले अधिकार ? तपाईंहरूका अधिकारका लागि हामी विनाभ्रातृ संगठन लड्छौं । कसैले चिन्ता लिनुपर्दैन ।'

गाँजाको नेपाल ट्रान्जिट

थाइल्यान्ड, मलेसिया हुँदै काठमाडौंबाट दिल्ली तस्करी

नयाँ पत्रिका

यसै साताका दुई घटनाले थाइल्यान्डको गाँजा मलेसिया हुँदै नेपाल ट्रान्जिट बनाएर भारतको दिल्ली पुर्‍याउने गिरोह सक्रिय रहेको खुलासा गरेको छ । थाइल्यान्डबाट गाँजा ल्याउने क्रम विगतदेखि नै भए पनि केही सातायता नयाँ शैली अपनाइएको छ, जसमा लगेज एकजनाले ल्याउने र अर्कोले लैजानेछ ।

पछिल्ला दुईमध्ये पहिलो घटनाअनुसार मंगलबार बेलुका पौने १० बजे मलेसियन एयरलाइन्सको जहाज काठमाडौं अवतरण भयो । सो विमानमा आएका दुई भारतीय यात्रुले चारवटा लगेज छाडेर बाहिरिए । ती लगेज लिन एयर इन्डियाबाट बेलुका ८ बजे नै दिल्लीबाट चार भारतीय काठमाडौं आएका थिए । करिब दुई घण्टा प्रतीक्षा गरेर उनीहरू मलेसियाबाट आएको लगेज आफ्नो भन्दै बाहिरिन खोज्दा प्रहरीले नियन्त्रणमा लियो । जाँच गर्दा १३ केजी ३३० ग्राम गाँजा बरामद भयो ।

यस्तै दृश्य शुक्रबार पनि दोहोरियो । मलेसियाबाट आएका यात्रुले छाडेको झोला लिन आएका तीन भारतीय पक्राउ परे । उनीहरूको साथबाट ११ केजी २७० ग्राम गाँजा बरामद भयो । ती व्यक्ति केही घण्टाअघि मात्र दिल्लीबाट काठमाडौं आएका थिए । पछिल्लो डेढ वर्षमा यस्तै कारोबारमा संलग्न १०२ भारतीय नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र पक्राउ परेका छन् ।

प्रहरीका अनुसार थाइल्यान्डबाट गाँजा ल्याउने क्रम विगतदेखि नै थियो । तर, केही सातायता नयाँ तरिका अपनाइएको छ । लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी कृष्णप्रसाद कोइरालाका अनुसार मलेसियाबाट एकजनाले लगेज ल्याउने र नेपालबाट अर्कोले लिएर भारत पुर्‍याउने शैली देखिएको छ । एक सातामै प्रहरीले यस्तो धन्दामा संलग्न सातजना भारतीयलाई पक्राउ गरिसकेको छ ।

पछिल्लो समय थाइल्यान्डबाट मलेसिया हुँदै ल्याउने प्रवृत्ति देखिएको प्रहरीको लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी कोइरालाले बताए । 'थाइल्यान्डबाट गाँजा लिएर आउने भारतीयहरू विगतका वर्षदेखि नै पक्राउ पर्दै आएका छन्,' उनी भन्छन्, 'मलेसियाबाट एउटाले लगेजमा हालेर ल्याउने र यहाँको विमानस्थलबाट अर्कोले लिएर जाने नयाँ शैली देखिन थालेको छ ।'

नयाँ शैलीअनुसार गिरोहले लगेजमा विशेष चिह्न राखेर त्यसको फोटो दिल्लीबाट आउने व्यक्तिलाई पठाउने गर्छ । सोही आधारमा पहिचान गरी लगेज उठाइने गरेको अनुसन्धानमा खुलेको छ । भन्सार कार्यालयले एक्स-रे स्क्रिनिङ गर्ने भए पनि कतिपय अवस्थामा पत्ता लाग्न सकेको छैन । त्यसैले गिरोहले नेपाललाई ट्रान्जिट विन्दु बनाएको प्रहरीको आशंका छ । बरामद गाँजा सडकमार्ग हुँदै भारतका विभिन्न सहरमा पुर्‍याइने गरेको अनुसन्धानले देखाएको एसएसपी कोइराला सुनाउँछन् ।

थाइल्यान्डमा गाँजाको कारोबार वैधानिक छ । त्यहाँ करिब एक किलो गाँजाको मूल्य तीन लाख भारतीय रुपैयाँ पर्ने र भारतमा पुर्‍याउँदा १० लाख रुपैयाँसम्ममा बिक्री हुने गरेको प्रहरी स्रोत बताउँछ । उच्च नाफाका कारण अन्तर्राष्ट्रिय गिरोहले कमजोर आर्थिक अवस्था भएका व्यक्तिलाई 'भरिया'का रूपमा प्रयोग गर्ने गरेका छन् । नेपालमा सजाय तुलनात्मक रूपमा कम हुने आकलनका आधारमा पनि ट्रान्जिटका रूपमा प्रयोग गरिएको हुन सक्ने प्रहरीको भनाइ छ ।

डेढ वर्षमा १०१ भारतीय पक्राउ

नेपालको विमानस्थलमा थाइल्यान्डबाट ल्याइएको गाँजासहित भारतीयहरू बारम्बार पक्राउ पर्दै आएका छन् । आर्थिक वर्ष ०८१/८२ मा ४५ जना भारतीय थाइल्यान्डबाट आएको गाँजासहित पक्राउ परेका थिए । उनीहरूको साथबाट २०२ केजी गाँजा बरामद भएको थियो । चालू आर्थिक वर्षको साउनदेखि हालसम्म ५७ जना भारतीय पक्राउ परेको र १३० केजी गाँजा बरामद भइसकेको ब्युरोका एसएसपी कोइरालाले बताए ।

शौचालयमा लुकेर प्रतीक्षा

गत मंगलबार पक्राउ परेका सायद सदिक अली, महेश अशोक मोर्जे, मिर्जा नाजिर बैग र मो अजिम लामो समय विमानस्थलको शौचालयमा बसेका थिए । बेलुका ८ बजे दिल्लीबाट काठमाडौं आएका उनीहरू करिब दुई घण्टा त्यहीँ अलमलिएका थिए । पछि मलेसियन एयरलाइन्सबाट आएको लगेज लिएर निस्कन खोज्दा शंका लागेर निगरानी गर्दा गाँजा फेला परेको विमानस्थल प्रहरीका एसपी राजकुमार सिलवालले बताए । उनीहरूले हवाई टिकट र १५ हजार भारतीय रुपैयाँ पारिश्रमिक पाउने सर्तमा झोला लिन आएको बयान दिएका छन् । मलेसियाबाट सो लगेज लिएर आउने अन्य दुईजनालाई बुधबार गौशालाको होटेलबाट ब्युरोले पक्राउ गरेको छ ।

शुक्रबार एकैपटक चारजना पक्राउ परे । पक्राउ परेका मोहम्मद जुनैद, हुसेन शेख, समिना मिर्जा थाइल्यान्डबाट आएको गाँजा लिएर निस्कँदै गर्दा पक्राउ परेका हुन् । त्यस्तै, सेहजाद अहमद भने आफैँले थाइल्यान्डबाट मलेसिया हुँदै तीन किलो तीन सय ग्राम गाँजा लिएर आएका थिए । थाइल्यान्डबाट आउने भारतीयलाई निगरानी राखेर पक्राउ गर्न थालेपछि उनीहरूले मलेसियाको ट्रान्जिट प्रयोग गरेर झुक्याउन खोजेको हुन सक्ने प्रहरी अधिकारी बताउँछन् ।

एमालेको झन्डा जलाएको आरोपमा एकजना पक्राउ

दाङ/ दाङको तुलसीपुरमा एमालेको चुनाव चिह्न सूर्यअंकित झन्डा जलाएको आरोपमा प्रहरीले शुक्रबार एकजनालाई पक्राउ गरेको छ । तुलसीपुर उपमहानगरपालिका- ७, कालाखोलाका ५५ वर्षीय बुद्धिबहादुर बस्नेतलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक रेशम बोहराले बताए । झन्डा जलाउने तीनजनाको पहिचान भएकामा दुईजना अझै फरार रहेको उनले बताए ।

तुलसीपुरस्थित वीरेन्द्र चोकमा भएको रास्वपासमर्थकको भेलामा बिहीबार केही व्यक्तिले एमालेविरुद्ध नाराबाजी गर्दै झन्डा जलाएका थिए ।

एमालेले भने रास्वपाका कार्यकर्ताले झन्डा जलाएको आरोप लगाएको छ । पार्टीको झन्डा जलाइएको घटनालाई लिएर एमालेको भ्रातृ संगठन अनेरास्ववियुले शुक्रबार काठमाडौंमा मसाल जुलुस निकाल्दै रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको पुत्ला दहन गरेको छ । त्यसअघि शुक्रबार नै एमाले घोराहीमा कालोझन्डासहित प्रदर्शन पनि गरेको थियो । एमाले दाङका उपाध्यक्ष मनोहर बुढाथोकीले झन्डा जलाउनेलाई प्रहरी-प्रशासनले कारबाही नगरे एमालेले कारबाही गर्नेसमेत बताए ।

त्यस्तै, एमाले केन्द्रीय प्रचार संयोजक मीनबहादुर शाहीले शुक्रबार विज्ञप्ति जारी गरी पार्टी अध्यक्ष केपी ओलीविरुद्ध अपाच्य शब्दसहित नाराबाजी गरिएको तथा महासचिव शंकर पोखरेलको गृहनगरमै यस्तो (झन्डा जलाउने) घटना हुनु आपत्तिजनक भएको बताएका छन् । अपराधजन्य गतिविधि भन्दै संलग्नमाथि कानुनी कारबाही गर्न उनले माग गरेका छन् ।

तर, रास्वपा दाङका सभापति विनय घिमिरेले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै झन्डा जलाउने गतिविधिमा रास्वपाका कार्यकर्ता संलग्न नभएको दाबी गरेका छन् । 'पार्टीका सभापतिज्यू सुर्खेतको कार्यक्रम समापन गरी दाङ आउने क्रममा सडकपेटीमा स्वस्फूर्त रूपमा स्वागतमा जुटेका शुभेच्छुकको उत्साहजनक उपस्थितिलाई देखी अत्तालिएका केही घुसपैठ र अवाञ्छित तत्त्वहरूले भ्रमपूर्ण वातावरण सिर्जना गरेका हुन् भन्ने हाम्रो स्पष्ट ठहर छ,' विज्ञप्तिमा भनिएको छ ।

रास्वपाले घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेको छ । रासवपा सभापति रवि लामिछानेले पनि शुक्रबार घोराहीमा आयोजित चुनावी सभामा झन्डा जलाउने रास्वपाको चरित्र नरहेको बताए । 'यदि रास्वपाको कोही-कसैले झन्डा जलाएको रहेछ भने पनि कारबाही हुन्छ । आफैँ घुसपैठ गरेको हो भने होसियार, काँक्रो खाएर बियाँ टाँसेको हो भने होसियार,' उनले भने ।

त्यस्तै, तुलसीपुरस्थित रास्वपा दाङ ३ को सम्पर्क कार्यालयमा शुक्रबार साँझ तोडफोड भएको छ । रास्वपा ३ का उम्मेदवार कमल सुवेदीले पार्टीको सम्पर्क कार्यालयमा शुक्रबार साँझ करिब ६ बजेतिर तोडफोड भएको बताए ।

स्वाधीनता...

पृष्ठ १ बाट क्रमशः

कांग्रेस : सन्तुलित सम्बन्ध र 'क्रिकेट कूटनीति'

विश्व समुदायसँग समानताको सिद्धान्तमा आधारित सम्बन्ध विस्तार गर्दै नेपाललाई आत्मविश्वासी राष्ट्रका रूपमा स्थापित गर्ने कांग्रेसको प्रतिज्ञापत्रमा छ । 'विश्व समुदायसँग सार्वभौमिक समानताको सिद्धान्तका आधारमा सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति अवलम्बन गर्दै नेपाली कांग्रेस नेपाललाई एउटा आत्मविश्वासयुक्त राष्ट्रका रूपमा विश्वमञ्चमा स्थापित गराउने प्रतिबद्धता व्यक्त गर्दछ,' कांग्रेसको प्रतिज्ञापत्रमा छ ।

छिमेकी र मित्रराष्ट्रहरूसँगको सम्बन्ध समानता र आपसी सम्मानमा आधारित हुने कांग्रेसको प्रतिज्ञा छ । 'नेपालको परराष्ट्र नीति राष्ट्रिय हित र सार्वभौमिक समानताको जगमा उभिनेछ । हाम्रो छिमेकी र मित्रराष्ट्रहरूसँगको सम्बन्ध समानता र आपसी सम्मानमा आधारित हुने छ र यस्तो सम्बन्धलाई पारस्परिक हित र आर्थिक साझेदारीका आधारमा अगाडि बढाइनेछ,' कांगेसले भनेको छ ।

कांग्रेसले नेपाल संलग्न विभिन्न अन्तर्राष्ट्रिय बहुपक्षीय मञ्चमा उपस्थिति र संलग्नतालाई अझ सघन र प्रभावकारी बनाउने भनेको छ । 'अन्तर्राष्ट्रिय साझेदारी बलियो बनाउँछौँ र त्यसबाट प्राप्त हुने सहयोग र अवसरहरूको अधिकतम उपयोग गर्छौं,' कांग्रेसले भनेको छ, 'कुनै पनि प्रकृतिको प्रतिरक्षा, सैन्य तथा सुरक्षा सवाल एवं शक्तिराष्ट्रहरूबिचको सामरिक प्रतिस्पर्धामा नेपाल प्रत्यक्ष वा परोक्ष संलग्न हुनेछैन ।'

विदेशस्थित नेपाली नियोगलाई डिजिटल व्यापार प्रवर्द्धन केन्द्रका रूपमा विकास गर्ने र खेलकुदलाई 'सफ्ट पावर'का रूपमा प्रयोग गर्दै 'क्रिकेट कूटनीति'मार्फत अन्तर्राष्ट्रिय छवि सुदृढ गर्ने कांग्रेसको योजना छ । 'खेलकुदलाई सफ्ट पावरका रूपमा प्रयोग गर्दै नेपाललाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको 'तटस्थ आयोजना स्थल'का रूपमा स्थापित गर्न विशेष पहल गर्दै क्रिकेट कूटनीतिमार्फत नेपालको अन्तर्राष्ट्रिय छवि सुधार र कुटनीतिक सम्बन्ध विस्तार गरिनेछ,' कांग्रेसले भनेको छ ।

कांग्रेसले प्रमुख श्रम गन्तव्य मुलुकका कूटनीतिक नियोगहरूलाई साधन-स्रोत सम्पन्न बनाई नेपाली श्रमिकको सुरक्षा, उद्धार र हकहितका लागि राज्यको सक्रिय अभिभावकत्व सुनिश्चित गर्ने भनेको छ । 'गन्तव्य मुलुकमा रहेका नेपाली श्रमिकको हक-हित सुरक्षा र कल्याण एवं उद्धार तथा राहतमा कूटनीतिक नियोग र कर्मचारीको कुनै पनि कमजोरी अक्षम्य हुनेछ,' कांग्रेसले भनेको छ, 'परराष्ट्र सेवाका सबै कर्मचारीको आधारभूत सेवा प्रवेश र सेवाकालीन प्रशिक्षण एवं श्रम सहचारी, श्रम काउन्सिलर र राजदूतहरूको अभिमुखीकरणमा नेपाली श्रमिकको हक-हितको संरक्षण, कल्याण र उद्धारको विषय राख्छौँ ।'

एमाले : सबैसँग मित्रता, कसैसँग छैन शत्रुता

एमालेले राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षा आफ्नो मूल प्रतिबद्धता रहेको जनाएको छ । अध्यक्ष केपी ओलीको सन्देशसहित सार्वजनिक घोषणापत्रमा स्वतन्त्र, तटस्थ र असंलग्न वैदेशिक नीति अवलम्बन गर्ने उल्लेख छ ।

'हामी हाम्रो राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्ताका रक्षक हौँ । त्यसैले सार्वभौमसत्तामाथिको आक्रमणमा मौन छैनौँ,' एमालेले भनेको छ, 'हामी नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता एवं राष्ट्रिय हितको रक्षा र संवर्द्धनको विषयमा कुनै प्रकारको कमीकमजोरी हुन नदिने घोषणा गर्दछौं ।'

एमालेले स्वतन्त्र, तटस्थ, न्याय र विश्व शान्तिमा आधारित असंलग्न वैदेशिक नीति र परराष्ट्र सम्बन्ध कायम राख्दै अघि बढ्ने घोषणा गरेको छ । 'सबैसँग मित्रता, छैन कसैसँग शत्रुता' नारासहित एमालेले छिमेकी देशहरूसँगको सम्बन्धलाई अझ विश्वसनीय र विश्वासपूर्ण बनाउने भनेको छ । 'सबै राष्ट्रको सार्वभौमिकता र स्वतन्त्रताको सम्मान गर्दै र अन्य राष्ट्रबाट त्यस्तै व्यवहारको अपेक्षा गर्नेछौँ । कुनै पनि राष्ट्रको राजनीतिक, सैनिक, भौगोलिक अखण्डता र आन्तरिक मामिलामा हस्तक्षेप अस्वीकार्य छ,' एमालेले भनेको छ ।

एमालेले छिमेकी भारत र चीनसँगको सम्बन्धलाई अझै मजबुत एवं सुदृढ बनाउँदै पारस्परिक सहयोग अभिवृद्धि गर्ने भनेको छ । 'हामी कुनै पनि छिमेकीसँगको अति निकटता चाहँदैनौं र अति दूरी पनि चाहँदैनौँ,' एमालेले भनेको छ । एमालेले श्रम गन्तव्यका सबै देशसँग सामाजिक सुरक्षाको प्रावधानसहित द्विपक्षीय श्रम सम्झौता गर्ने भनेको छ ।

नेकपा : स्वतन्त्र नेपाल र सन्तुलित कूटनीति

नेकपाले स्वतन्त्र नेपाल र सन्तुलित कूटनीतिको नारा दिँदै राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षा गर्ने प्रतिबद्धता जनाएको छ । 'अहिले मुलुकमा जुन खालका बाह्य हस्तक्षेपकारी गतिविधि भएका छन्, त्यसबारे इतिहासमा कहिल्यै कुनै विदेशी शासनको अधीनमा नरहेको हाम्रो राष्ट्रको स्वाधीनता र स्वाभिमानमा आँच आउन सक्ने खतरा महसुस भएको छ,' नेकपाले भनेको छ । तर, नेकपाले हस्तक्षेप र खतरा कहाँबाट भएको उल्लेख गरेको छैन ।

नेकपाले छिमेकी भारत र चीनसँग पारस्परिक सम्मान, विश्वास र लाभमा आधारित सन्तुलित सम्बन्ध विकास गर्ने भनेको छ । 'लिपुलेक, लिम्पियाधुरा, कालापानीजस्ता सीमा विवादलाई कूटनीतिक वार्ता र अन्तर्राष्ट्रिय कानुनका आधारमा समाधान गर्नेछौँ,' नेकपाले भनेको छ ।

नेकपाले आर्थिक कूटनीतिलाई प्राथमिकता दिँदै वैदेशिक लगानी, निर्यात प्रवर्द्धन, प्रविधि हस्तान्तरण, पर्यटन र रोजगारी अवसर विस्तार गर्ने भनेको छ । यसैगरी, नेकपाले जलवायु परिवर्तन, हिमालय संरक्षण, पर्वतीय मुद्दा र भूपरिवेष्टित राष्ट्रका साझा हितमा अन्तर्राष्ट्रिय मञ्चमा नेपालको आवाज सशक्त बनाउने प्रतिबद्धता जनाएको छ ।

रास्वपा : 'बफर स्टेट'बाट 'भाइब्रेन्ट ब्रिज'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सन्तुलित र गतिशील कूटनीति अवलम्बन गर्दै नेपाललाई 'बफर स्टेट'बाट 'भाइब्रेन्ट ब्रिज'मा रूपान्तरण गर्ने अवधारणा अघि सारेको छ । 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई सर्वोपरि राख्दै बदलिँदो वैश्विक भूराजनीति र छिमेकी शक्तिहरूको उदयलाई नेपालको विकासको अवसरमा बदल्न हामी सन्तुलित र गतिशील कूटनीति अवलम्बन गनेछौँ,' रास्वपाले भनेको छ, 'छिमेकी मुलुकहरूको रणनीतिक चासो र वैश्विक शक्तिसन्तुलनमा आएको बदलाबलाई मध्यनजर गर्दै नेपाललाई बफर स्टेटबाट भाइब्रेन्ट ब्रिजका रूपमा रूपान्तरण गरी त्रिपक्षीय आर्थिक साझेदारी र कनेक्टिभिटीका माध्यमबाट राष्ट्रिय हित सुनिश्चित गर्ने प्रयास गर्नेछौँ ।'

भारत र चीनसँग विकास साझेदारी सुदृढ गर्दै डिजिटल पूर्वाधार, भौतिक संरचना र आर्थिक सहकार्य विस्तार गर्ने रास्वपाको दृष्टिकोण छ । 'विशेषगरी डिजिटल पब्लिक पूर्वाधार, उच्च गतिमा बनेका गुणस्तरीय भौतिक पूर्वाधार, अर्थतन्त्रको औपचारिकीकरण, उत्पादनमूलक उद्योग र सेवा क्षेत्रबिचको सामञ्जस्य र समग्र राज्य सक्षमताको वृद्धिमा भारतसँग लाभ लिन सकिन्छ,' रास्वपाको भनाइ छ, 'चीनसँग सहुलियतपूर्ण वित्तको परिचालनमार्फत विश्वस्तरीय पूर्वाधार निर्माण, आर्थिक सामाजिक विकासका लागि राज्यनिर्देशित लक्ष्य र कार्यक्रम, अन्तरप्रादेशिक प्रतिस्पर्धाका अनुकरणीय विषयहरूलाई साझेदारीका पाटा बनाउनेछौँ ।'

रास्वपाले कूटनीतिक नियोगलाई राजनीतिक भागबन्डाको थलो बन्न नदिई 'परफर्मेन्स अडिट' प्रणाली लागू गर्ने प्रतिबद्धता जनाएको छ । 'राजनीतिक भागबन्डाको थलो बन्न नदिई प्रत्येक कूटनीतिक नियोगको सक्रियता र नतिजा मापन गर्ने वैज्ञानिक 'परफर्मेन्स अडिट' प्रणाली सुरु गरी कूटनीतिलाई देशको आर्थिक समृद्धिको बलियो आधार बनाउनेछौँ,' रास्वपाले भनेको छ, 'विश्वको जुनसुकै कुनामा रहेका नेपालीले राज्यको उपस्थिति महसुस गर्न सकून् भन्नका लागि कूटनीतिक सेवालाई 'सुरक्षा र सुविधा'केन्द्रित बनाउनेछौँ ।' आर्थिक कूटनीतिलाई प्राथमिकता दिँदै प्रमुख व्यापारिक साझेदार मुलुकमा 'इकोनोमिक कन्सुलर'को संख्या बढाउने योजना पनि सार्वजनिक गरेको छ ।

रास्वपाले संकल्पपत्रमा मुलुकको राष्ट्रियता कमजोर अवस्थामा रहेको र वैदेशिक हस्तक्षेप डरलाग्दो ढंगले बढेको भनेको छ । तर, कहाँबाट हस्तक्षेप भएको उल्लेख गरेको छैन । 'राष्ट्रिय स्वतन्त्रता, अखण्डता, एकता, सार्वभौमिकता, प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धनको निमित्त राष्ट्रिय सुरक्षा मूल नीति बनाइनेछ,' राप्रपाले भनेको छ ।

राप्रपा : 'नेपाल प्रथम'

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले राष्ट्रियता कमजोर बन्दै गएको र बाह्य हस्तक्षेप बढेको दाबी गर्दै 'नेपाल प्रथम, नेपाली प्रथम' नारा अघि सारेको छ । राप्रपाले असमान सन्धि-सम्झौता खारेज गर्ने, आर्थिक कूटनीतिलाई प्राथमिकता दिने र 'नेपाल शान्ति क्षेत्र' प्रस्ताव पुनर्जीवित गर्ने प्रतिबद्धता जनाएको छ । 'नेपालको भूभाग कसैको विरुद्ध प्रयोग हुन दिइनेछैन । सबै प्रकारका असमान सन्धि-सम्झौता खारेज गरिनेछ । आर्थिक कूटनीतिलाई जोड दिइनेछ,' राप्रपाले भनेको छ, 'नेपाल शान्ति क्षेत्रको प्रस्तावलाई पुनर्जीवित गरिनेछ ।'

जसपा नेपाल : राष्ट्रिय सुरक्षामा जोड

जसपा नेपालले राष्ट्रिय सुरक्षा, स्वाधीनता, अखण्डता र वातावरणीय संरक्षणलाई परराष्ट्र नीतिको आधार बनाउने उल्लेख गरेको छ । द्विपक्षीय तथा बहुपक्षीय सम्बन्धमार्फत शान्ति, स्थायित्व र आर्थिक समृद्धि प्रवर्द्धन गर्ने पार्टीको धारणा छ । 'नेपालले राष्ट्रिय सुरक्षा, अखण्डता, स्वाधीनता, स्वतन्त्रता, सार्वभौमसत्ता, सीमा, वातावरणको सुरक्षा, नागरिकहरूको आर्थिक विकास तथा सामाजिक, सांस्कृतिक मूल्य र मान्यताको संरक्षणलाई सर्वोपरि राखी राष्ट्रियहितका आधारमा सबै मित्रराष्ट्रसँग सु-सम्बन्ध कायम गर्दै शान्ति, स्थायित्व, आर्थिक विकासको स्थायित्व र समृद्धिको दिशामा अगि बढ्न द्विपक्षीय वा बहुपक्षीय सम्बन्ध विस्तार गर्नुपर्दछ,' जसपा नेपालले भनेको छ ।

४१ दलले...

पृष्ठ १ बाट क्रमशः

प्रवक्ता सीता पुन श्रीसले बताइन् । सहायक प्रवक्ता पुनका अनुसार प्रत्यक्षतर्फ ६३ दलका तीन हजार ४०६ उम्मेदवार चुनावी मैदानमा छन् । प्रत्यक्षतर्फका धेरै उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा घोषणापत्र बुझाएकाले एकीकृत तथ्यांक तयार भइसकेको छैन ।

आयोगले २७ माघमा दल तथा उम्मेदवारलाई निर्वाचन घोषणापत्र सार्वजनिक गरी आयोगमा पेस गर्न निर्देशन दिएको थियो । सोही निर्देशनअनुसार ४१ दलले घोषणापत्र सार्वजनिक गरी आयोगलाई जानकारी गराएको दल तथा उम्मेदवारलाई नागरिकसमक्ष जवाफदेही बनाउने उद्देश्यले उक्त व्यवस्था गरिएको हो ।

आयोगको कानुन तथा राजनीतिक दल महाशाखा प्रमुख सहसचिव यज्ञ भट्टराईले दल तथा उम्मेदवार घोषणापत्रकै आधारमा मतदातामाझ जानुपर्ने उद्देश्यले निर्देशन जारी गरिएको बताए । 'राजनीति दल तथा उम्मेदवारले निर्वाचन प्रचारप्रसार गर्दा घोषणपत्रका आधारमा आफ्ना नीति-कार्यक्रम लिएर मतदातामाझ जानुपर्छ भन्ने मुख्य उद्देश्य हो । त्यसैले मतदाताले पनि दलका नीति-कार्यक्रम के छन्, तिनका मूल्यांकनका आधारमा मतदान गरून् भनेर घोषणापत्र सार्वजनिक गर्ने र आयोगमा बुझाउने भनिएको हो,' उनले भने ।

५६ दलले...

पृष्ठ १ बाट क्रमशः

लिई गर्ने आम्दानी र खर्चको कारोबार छुट्टै खातामार्फत गर्नुपर्ने बताइन् । खाता सञ्चालन निर्वाचन आचारसंहिताको पालनाभित्र पर्ने भन्दै कार्यान्वयन नगरिए दल र उम्मेदवारलाई निर्वाचन कसुर तथा सजाय ऐनअन्तर्गत कारबाही हुने बताइन् । ऐनमा एक लाखसम्म जरिवाना र उम्मेदवारी खारेजीसम्मको व्यवस्था छ । सहायक प्रवक्ता पुनले दल तथा उम्मेदवारबाट अटेरी भए आयोगले जरिवानाको निर्णय गर्ने बताइन् ।

आयोगले निर्वाचनमा दल एवं उम्मेदवारबाट हुने निर्वाचन प्रचारका लागि प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोगको रकम र त्यस्तो प्रचारप्रसारका लागि दल एवं उम्मेदवारले गर्ने खर्चलाई मितव्ययी, पारदर्शी बनाई निर्वाचनमा सुशासन कायम गर्न 'निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि २० माघमा स्वीकृत गरी सार्वजनिक गरेको थियो । खुला प्रचार सुरु हुनुअगावै खाता खोल्न दल तथा उम्मेदवारलाई भनेको थियो ।

आयोगका प्रवक्ता नारायण भट्टराईले दल तथा उम्मेदवारद्वारा आमनिर्वाचनको सिलसिलामा गरिने प्रचारप्रसार खर्चलाई बैंकिङ प्रणालीमा आबद्ध गराउन कार्यविधि बनाइएको बताए । उनका अनुसार खाता खोल्नका लागि दलको हकमा निर्वाचन आयोगको सचिवालयबाट र उम्मेदवारहरूको हकमा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट सिफारिस हुने गरी तोकिएको छ ।

चुनावले...

पृष्ठ १ बाट क्रमशः

गाडीको हिस्सा धेरै छ । विभिन्न देशले दिएका सहयोग प्राप्त भएका छन् । चुनावलाई आवश्यक पर्ने अन्य सामग्री पनि आयात भएका छन्,' उनले भने, 'त्यसले गर्दा आयात बढाउन केही सहयोग पुगेको छ । आयात बढे पनि यसले राजस्वमा भने खासै योगदान गरेको छैन । चुनावलक्षित सामग्री कर छुटमा ल्याइएको छ ।' चुनावलाई लक्षित गरेर भारतले ठुलो संख्यामा गाडी सहयोग गरेको छ । त्यस्ता गाडी भन्सार प्रणालीबाटै आयात भएको देखिए पनि कर छुट हुने गर्छ ।

चालू आवको सात महिनामा आयातित वस्तुबाट दुई खर्ब ८० अर्ब ७६ करोड ७८ लाख रुपैयाँ राजस्व उठेको छ । भन्सार विन्दुमा भ्याटसहित विभिन्न शीर्षकमा कर असुली गरिन्छ ।

दलका घोषणापत्रमा के छन् सुरक्षाको विषय ?

काठमाडौं/ चुनावी घोषणापत्रमा दलहरूले राष्ट्रिय सुरक्षा र सुरक्षा निकायको सुदृढीकरणसम्बन्धी विषय पनि थोरबहुत समेटेका छन् । एमालेले सुरक्षाकर्मीको मर्यादाको विषय उठाएको छ । एमालेको घोषणापत्रमा भनिएको छ, 'राष्ट्रको सुरक्षा, सार्वभौमिकता र स्थायित्वका लागि जीवन अर्पण गर्ने बहालवाला तथा अवकाशप्राप्त सुरक्षाकर्मीको सम्मान र कल्याण सुनिश्चित गर्दछौँ । पेसागत मर्यादा, सेवा-सुविधा, सामाजिक सुरक्षा, स्वाथ्योपचारसँगै सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्दै उनीहरूको हक र हित संरक्षण गर्छौं ।'


नेकपाको घोषणापत्रमा भने सुरक्षा निकायको सुदृढीकरणसम्बन्धी विस्तृत विषय छन् । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई आधुनिक उपकरणसहित व्यावसायिक बनाउने, रासन, युनिफर्म, आवासलगायत सुविधा बढाउने उल्लेख छ । एक वर्षभित्र प्रहरी समायोजन गर्ने, तल्लो तहलाई १६ वर्षमै पेन्सन दिने, शान्ति मिसनमा सहभागी बढाउन कूटनीतिक पहल गर्ने, समायानूकुल राष्ट्रिय सुरक्षा नीति बनाउने, सुरक्षा निकायमा योग्यता, पारदर्शिता र राजनीतिक हस्तक्षेपमुक्त नियुक्त तथा बढुवा प्रणाली लागू गर्ने उल्लेख छ ।

रास्वपाले सुरक्षा निकायहरू छिटो-छरितो र प्रविधिमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । आधुनिक प्रविधि र विशिष्ट जनशक्तिसहित सशस्त्र प्रहरी बललाई विशिष्टीकृत बनाउने, सीमानाकामा नाइट भिजन क्यामेरा, डिजिटल इन्ट्री प्रणाली लागू गर्ने र क्रस बोर्डर अपराधलाई शून्यमा झार्ने योजना आफ्नो 'वाचापत्र'मा राखेको छ । कांग्रेसले सुरक्षा निकायको सुदृढीकरणका विषयमा खासै उल्लेख गरेको छैन । विपत् व्यवस्थापनमा भने उसले योजना राखेको छ ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ९ फागुन ०८२
nayapatrikaofficial @nayapatrika

■ चुनावी प्रचारमा प्रविधि

उम्मेदवार भाइरल एजेन्डा ओझेल



जनताका सुखदुःखमा कम देखिने नेता यतिवेला गाउँगाउँमा पुगेका छन् । मतदातालाई आकर्षित गर्ने एजेन्डा र वाचा जनताको बिचमा पुऱ्याउनेभन्दा अनेक गतिविधिका कारण 'भाइरल' बनिरहेका छन् ।

निर्वाचन



● पवन बराइली

पहिले चुनावी माहोल सुरु हुनासाथ चोक, चौतारी र गल्ली झन्डा, ब्यानर, पोस्टर, पर्चा र नाराले रंगिन्थे । अहिले चुनावी प्रचारको स्वरूप फेरिएको छ । पोस्टर, पम्प्लेट चोक, चौतारीबाट सामाजिक सञ्जालतिर सरेको छ । घरघरमा झन्डा र ब्यानर राख्नेहरू अहिले सामाजिक सञ्जालमा आफ्ना उम्मेदवारका पोस्टर राखिरहेका छन् ।

चुनावी मैदानमा भिडिरहेका उम्मेदवारले पनि फेसबुक, टिकटक, युट्युब, इन्स्टाग्राम र एक्सजस्ता प्लेटफर्मलाई चुनाव प्रचारको प्रमुख माध्यम बनाइरहेका छन् । कतिपय दलले आन्तरिक रूपमा डिजिटल टिम नै राखेका छन् । कसैले कन्टेन्ट क्रिएटर तथा कलाकारसँग सहकार्य गरेका छन् । भोट माग्दै घरदैलोमा पुग्नुपर्ने कतिपय उम्मेदवार सामाजिक सञ्जालमा मतदातासँग भोट मागिरहेका देखिन्छन् ।

■ त्यो चुनावी शैली

राष्ट्रिय जनमोर्चाका अध्यक्ष ९२ वर्षीय चित्रबहादुर केसीसँग २०४८ देखि चुनावमा सक्रिय भएको अनुभव छ । उनको दिमागमा चुनाव भन्नेबित्तिकै गाउँ-गाउँ पुग्ने, जनताको सुखदुःख सोध्ने, पार्टी र आफ्नो विचार जनतालाई सुनाउने दिनको सम्झनामा आउँछ । उनी पहिले र अहिलेको चुनावी शैलीमा आकाश-जमिनको फरक देख्छन् । भन्छन्, 'त्यसवेला जनतासामु नगई बाँच्ने आधार नै थिएन । नेताहरू गाउँ-गाउँ पुग्थे । पार्टीका नीति, कार्यक्रम, विचार र सिद्धान्त प्रत्यक्ष रूपमा जनतालाई सुनाउँथे । कोणसभा हुन्थ्यो । माइकिङ गरिन्थ्यो । पर्चा-पोस्टर बोकेर रातभर हिँडिन्थ्यो । चुनाव भनेको जनताको आँगनमा पुगेर सुख-दुःख साट्ने अवसर थियो । जनतासँगै बसिन्थ्यो ।'

पहिले जनताले आफ्नै घरबाट रासन दाउरा निकालेर, तरकारी टिपेर कार्यकर्ता र नेतालाई खुवाउने गरेको उनी सुनाउँछन् । उनी भन्छन्, 'उम्मेदवारलाई जिताउन मतदाता आफैं सक्रिय हुन्थे । पैसा लेनदेनको अपेक्षै थिएन ।'

उम्मेदवार र मतदाताबिचको सम्बन्ध माछा र पानीको जस्तै हुनुपर्ने उनको अनुभव छ । उनका अनुसार त्यस्तो सम्बन्ध हुँदा मात्र नेताले जनताको पीडा बुझ्छ, मतदाताले नेताको स्वभाव चिन्छ । अहिले सामाजिक सञ्जालले चुनावलाई सहजसँगै जटिल पनि बनाएको उनको मत छ । भन्छन्, 'सामाजिक सञ्जालमा प्रतिस्पर्धीबिच गालीगलोज, आरोप-प्रत्यारोप बढेको छ । हिजो यस्तो थिएन । हार-जितलाई प्राविधिक विषय ठानिन्थ्यो, व्यक्तिगत रिसइबी थिएन ।'

■ यो चुनावी शैली

प्रविधिमा पहुँच बढेसँगै चुनावी शैली पनि परिवर्तन हुँदै आयो । उम्मेदवारहरू भौतिक भेटघाटमा मात्रै सक्रिय छैनन्, प्रविधिमार्फत पनि मतदाता रिझाउन मिहिनेत गरिरहेका छन् । नेकपा एमालेका केन्द्रीय सदस्य किरण पौडेल यसपटक एमालेले चुनावी पुरानो र नयाँ दुवै प्रचार शैली अपनाएको बताउँछन् । उनी भन्छन्, 'डोर-टु-डोर र माउथ-टु-माउथ हाम्रो प्रचारको मूल शैली हो । सामाजिक सञ्जाललाई प्रचारको सहायक माध्यमका रूपमा लिएका छौं ।' उनका अनुसार पार्टीले फेसबुक, टिकटकलगायत सामाजिक सञ्जाललाई चुनाव प्रचारको रूपमा प्रयोग गरेको छ । पार्टीका उम्मेदवार, नेता, इन्फ्लुएन्सर, पत्रकार तथा समर्थक समूहले चुनाव सामग्री उत्पादन र प्रसारण गर्ने उनको भनाइ छ ।

नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसे पार्टीले डिजिटल प्रविधिलाई उपयोग गरिरहेको बताउँछन् । उनका अनुसार पार्टीका शुभचिन्तक र समर्थक सामाजिक सञ्जालमा स्वस्फुर्त रूपमा सक्रिय छन् । उनी भन्छन्, 'सूचना प्रविधिलाई हामीले उपयोग गरिरहेका छौं । पार्टीका धारणा र सन्देश सामाजिक सञ्जालमार्फत नै सार्वजनिक गरिरहेका छौं ।' डिजिटल माध्यमको प्रयोग गरे पनि नागरिकसँगको प्रत्यक्ष संवाद नै सबैभन्दा प्रभावकारी हुने उनको भनाइ छ ।

नेपाली कम्युनिस्ट पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाका अनुसार चुनाव प्रचारमा प्रविधिको प्रयोग भइरहेको छ । डिजिटल प्लेटफर्ममा कार्यकर्ताले स्वयंसेवकको रूपमा काम गरिरहेको उनको भनाइ छ ।

अन्य दलभन्दा राष्ट्रिय स्वतन्त्र पार्टीको केही फरक शैली देखिन्छ । चुनावमा डिजिटल क्याम्पेनलाई प्राथमिकतामा राखेको रास्वपा नेता असिम शाह बताउँछन् । उनी भन्छन्, 'म र खुस्बु सरकार श्रेष्ठको नेतृत्वमा पार्टीले डिजिटल क्याम्पेन टिम र डिजिटल स्ट्राटेजी टिम बनाएको छ । हामी काम गरिरहेका छौं ।'

शाहका अनुसार पार्टीले चुनाव प्रचारका लागि २० देखि २५ सदस्यीय डिजिटल टिम गठन गरेको छ । 'सोसल मिडिया टिम, आइटी टिम, कन्टेन्ट क्रियटर, ग्राफिक डिजाइनर, क्यामेरा पर्सन, कन्टेन्ट राइटर र कलाकार सम्मिलित टोलीले डिजिटल सामग्री उत्पादन गर्छ,' उनी भन्छन्, 'यो टिमले घोषणापत्र, पार्टीका नीति सामाजिक सञ्जालमार्फत मतदातासम्म पुऱ्याउने काम गरिरहेको छ । साथै उम्मेदवारको जीवनी, गीत, भिडियो र सिर्जनात्मक प्रस्तुति तयार पार्छ । कुन क्षेत्रमा उम्मेदवारको डिजिटल सामग्री कमजोर छ, कहाँ डिजिटल पहुँच कम पुगेको छ भन्ने विश्लेषणसमेत गरिन्छ ।'

■ प्रविधिको उपयोग

डिजिटल प्रविधिले चुनावी प्रचारको स्वरूप नै बदलिदिएको छ । पहिले घर-घर पुगेर मात्रै सम्भव हुने सन्देश आज मोबाइल स्क्रिनबाटै मतदातासम्म पुगिरहेको छ । कार्यकर्ता र मतदाता दुवैले पहिलेभन्दा छिटो पार्टी र उम्मेदवारका घोषणापत्र हेर्न पाइरहेका छन् । दलहरूले पत्रकार सम्मेलन सामाजिक सञ्जालमा लाइभ गरिरहेका छन् । नेताका गतिविधि तत्काल सार्वजनिक भइरहेका छन् । एकजना उम्मेदवार भौतिक रूपमा सबै ठाउँ पुग्न सक्दैनन्, तर प्रविधिले उनलाई हजारौं स्क्रिनमा एकैपटक पुऱ्याइदिएको छ ।

नेपाली कांग्रेसका सभापति गगन थापाले 'मटन डट वर्ल्ड' नामक अनलाइन दर्ता गरेर त्यहाँबाट पनि चुनावी प्रचार गरिरहेका छन् । उक्त वेबसाइटमा थापाका एजेन्डा, विगतका काम र भविष्यका योजना राखिएका छन् । यति मात्रै होइन, थापाले फेसबुकमार्फत चुनावलक्षित छोटा भिडियो सार्वजनिक गरिरहेका छन् । सामाजिक सञ्जालमा आउने आलोचनात्मक टिप्पणीलाई उनले सामाजिक सञ्जालबाटै जवाफ दिन्छन् ।

एमाले अध्यक्ष केपी ओली पनि सामाजिक सञ्जालमा सक्रिय छन् । मतदातासँगका गतिविधि सामाजिक सञ्जालमा सार्वजनिक गर्छन् । नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' कहिले मतदाताको घरभित्रै बसेर आगो तापिरहेको र कहिले जनतासँगै बसेर खाना खाइरहेको तस्बिर, भिडियोहरू सामाजिक सञ्जालमा आइरहन्छन् । रास्वपा सभापति रवि लामिछानेले पनि आफ्ना धारणा सामाजिक सञ्जालमा राखिरहन्छन् । रास्वपाका वरिष्ठ नेता बालेन्द्र साह देशका विभिन्न स्थानमा पुग्दा उनका गतिविधि तत्काल सामाजिक सञ्जालमार्फत सार्वजनिक हुन्छन् । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङका हरेकजस्तो चुनावी गतिविधि सार्वजनिक हुन्छन् । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ चुनावी ऱ्यालीमा व्यस्त भिडियो र तस्बिर सामाजिक सञ्जालमा प्रशस्तै भेटिन्छन् । स्वतन्त्र उम्मेदवार महावीर पुन म्यग्दीका गाउँ-गाउँमा चुनावी प्रचारमा व्यस्त रहेको भिडियो, तस्बिर सामाजिक सञ्जालमा देखिन्छन् ।

प्रविधिको सकारात्मक प्रयोग मात्रै भएको देखिन्न । सदुपयोग नहुँदा मतदाता चिढिएका उदाहरण पनि कैयन छन् । मतदाताले उम्मेदवारका एजेन्डाभन्दा उनीहरूका गतिविधि सामाजिक सञ्जालमा धेरै फेल्नुपरिरहेको छ । जनतासँग असम्बन्धित देखासिकी गतिविधि डिजिटल दुनियाँमा कैद छन् । उम्मेदवारमा जनताको समस्या सुन्नेभन्दा फोटो, भिडियो र स्टाटस सामाजिक सञ्जालमा अपडेट गर्ने प्रतिस्पर्धा भइरहेको देखिन्छ ।

पहिले दलहरूले उम्मेदवारलाई टिकट वितरण गरेका दृश्य खासै देखिन्नथ्यो । अहिले हरेक दलका शीर्ष नेताले आफ्ना उम्मेदवारलाई टिकट दिँदै गरेको दृश्य सामाजिक सञ्जालमा छ्यापछ्याप्ती भेटिन्छन् । फिल्मी सुटिङको झल्को दिने त्यस्ता दृश्य सार्वजनिक हुँदा आममानिस चिढिएका पनि छन् ।

सामाजिक सञ्जाल प्रयोगमा अगाडि छन्, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ । उनी मतदातासँग गफ गर्नुअघि नै दर्जनौं क्यामेरा अगाडि तेर्सिन्छन् । उनले बोलेको केही मिनेटमै क्लिप्स सामाजिक सञ्जालमा फैलिन्छ । राष्ट्रिय प्रजातन्त्र पार्टी जुम्ला-१ का उम्मेदवार ज्ञानेन्द्र शाही चुनावी सभा मोबाइल र क्यामेराको घेराभित्रै सुरु गर्छन् । आम जनता पार्टीको तर्फबाट रौतहट-४ का उम्मेदवार ऋषि धमला चुनावी मैदानमा फरक शैलीका कारण चर्चामा आउँछन् । उनका हरेक गतिविधि सामाजिक सञ्जालमा ट्रोल बन्छन् ।

गोरखा-१ बाट उम्मेदवारी दिएका रास्वपाका नेता सुदन गुरुङ पनि प्रविधि प्रयोगमा अघि देखिन्छन् ।

'सामाजिक सञ्जालमार्फत हुने एकोहोरो प्रचारले मतदाता र उम्मेदवारबिच दूरी बढाएको छ ।'

उनले कपडा पसलमा डमीसँग भोट मागेको भिडियो क्लिप सामाजिक सञ्जालमा छायो । एमाले नेता सूर्य थापा चुनावी मैदानमा अनेक गतिविधिका कारण चर्चामा आइरहन्छन् । उनी कहिले मकै भुट्दै गरेका देखिन्छन्, कहिले डोको बुनिरहेका त कहिले नाङ्लो निफनिरहेका । एमालेका उम्मेदवार गोकुल घर्ती स्थानीयको घरमा ढिँडो मस्काउँदै गरेको भिडियो सामाजिक सञ्जालमा छ्यापछ्याप्ती छ । प्रगतिशील लोकतान्त्रिक पार्टीका उम्मेदवार जनार्दन शर्मा पनि यो दौडमा पछि छैनन् । उनले दमाह बजाउँदै नाचेको भिडियो सार्वजनिक भयो ।

वर्षौंसम्म जनताको आँगन नटेकेका राजनीतिक दल तथा उम्मेदवार यतिवेला खेतबारी मात्र होइन, घरको चुलोसम्म पुगेका छन् । चुलोमा पाक्दै गरेको भात, रोटी, दुध, मकैका परिकारसँगै उनीहरू देखिन्छन् । कोही सँगै बसेर खाँदै, कोही आफैं पकाउँदै गरेको दृश्य सार्वजनिक हुन्छ । यस्ता तस्बिर र भिडियो अहिले सामाजिक सञ्जालमा छ्यापछ्याप्ती छन् ।

जनताका सुखदुःखमा कम देखिने नेता यतिवेला गाउँगाउँमा पुगेका छन् । मतदातालाई आकर्षित गर्ने एजेन्डा र वाचा जनताको बिचमा पुऱ्याउनेभन्दा अनेक गतिविधिका कारण 'भाइरल' बनिरहेका छन् ।

■ फेक एकाउन्टदेखि डिपफेकसम्म

चुनावी माहोलमा डिजिटल माध्यमको प्रयोग सकारात्मक मात्रै भएको छैन । नकारात्मक प्रचार, भ्रामक सामग्री र अतिरञ्जित दाबीहरू पनि उत्तिकै छिटो फैलिरहेका छन् । कलाकारहरूको तस्बिर एआईमार्फत बनाएर चुनावी प्रचार गरिँदै छ । युट्युबहरूमा एआईले निर्माण गरेका सामग्री 'भाइरल' छन् । फेसबुकमा फेक अकाउन्टबाट विभिन्न कलाकारको फोटो बनाएर पोस्ट गरेको देखिन्छ । केही समयअघि राजेश हमाल, दीपकराज गिरी, प्रदीप खड्का, अनमोल केसी, पल शाहलगायत कलाकारको फोटो चुनावी प्रचारको सामग्रीसँगै राखी फेसबुकमा पोस्ट गरिएको थियो ।

अहिलेको चुनावमा सबैभन्दा ठुलो जोखिम डिपफेक प्रयोगबाट भइरहेको विश्लेषकहरूको भनाइ छ । एआई प्रयोग गरेर कसैको आवाज वा भिडियो जस्तो देखिने नक्कली सामग्री तयार गरी समाजिक सञ्जालमा राखिएको देखिन्छ । कतिपयले बुस्टेड पोस्ट, पेड विज्ञापन प्रयोग गरिरहेका छन् । भ्रमपूर्ण सूचना, फेक न्युज, फोटो-भिडियोको दुरुपयोग, ट्रोल आक्रमण आदि चुनौती बनेका छन् । कुनै उम्मेदवारविरुद्ध आधारहीन आरोप लगाउने पोस्ट भाइरल हुन सक्छ । नक्कली एकाउन्टबाट अफवाह फैलाइरहेका छन् । डिजिटल प्लेटफर्ममा नियमन कठिन छ । आचारसंहिताले अनलाइन प्रचारलाई कसरी अनुगमन गर्ने भन्ने प्रश्न उठिरहेको छ ।

नेकपाका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडा सामाजिक सञ्जालमा भ्रामक सूचना र डिजिटल दुरूपयोग बढ्दै गएको बताउँछन् । उनका अनुसार डिपफेक भिडियो, फेक न्युज र तोडमोड गरिएका सामग्रीले समस्या पारिरहेको छ । गलत सूचना सम्प्रेषण भइरहँदा पनि निर्वाचन आयोग मौन बसेको उनको गुनासो छ । 'डिजिटल प्रविधिको सदुपयोग हुनु राम्रो हो । आयोगले अनुगमन गर्नुपर्छ । प्रविधिले फैलाएको भ्रमले चुनावी वातावरणलाई विथोल्छ', उनी भन्छन् ।

कांग्रेस प्रवक्ता देवराज चालिसेका अनुसार सामाजिक सञ्जालमा फेक एकाउन्ट खोलेर टिप्पणी गर्ने र कृत्रिम बहस सिर्जना गर्ने काम भइरहेको छ । 'सामाजिक सञ्जाल प्रभावकारी माध्यम हो, तर यसको दुरूपयोग गर्न हुँदैन । निर्वाचन आयोगले व्यावहारिक अनुगमन गर्नुपर्छ । फेक न्युज, तथ्य जाँच नभएका सूचना र भ्रामक सामग्रीले समाजलाई हानि गर्छ,' उनले भने ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरे यसपटकको निर्वाचनमा सबैभन्दा ठुलो चुनौती सामाजिक सञ्जाल बनेको बताउँछन् । 'अघिल्ला चुनावमा उल्लंघनका घटना छिटफुट देखिन्थे,' उनी भन्छन्, 'तर अहिले प्रविधिको तीव्र प्रयोगका कारण आचारसंहिताविपरीतका गतिविधि सामाजिक सञ्जालमै बढी देखिएका छन् ।'

घिमिरेका अनुसार उम्मेदवार र राजनीतिक दलहरूले प्रचारका लागि सामाजिक सञ्जाललाई प्राथमिक माध्यम बनाएका छन् । आयोग स्वयंले पनि मतदाता शिक्षा र सूचनाका लागि डिजिटल माध्यम अपनाएको छ । 'जहाँ प्रयोग बढी हुन्छ, त्यहाँ विकृति पनि देखिन्छ,' उनी भन्छन् । त्यसैले यसको नियन्त्रण आयोगका लागि जटिल चुनौती बनेको छ ।

घिमिरेका अनुसार निर्वाचन घोषणा भएदेखि आयोग यस विषयमा गम्भीर र संवेदनशील छ । प्रविधिको सकारात्मक प्रयोगसँगै नकारात्मक असर बढेको देखिएपछि आयोगले विज्ञहरूसँग छलफल गरेर विशेष कार्यक्रम तयार गरेको छ । 'आयोगपरिसरभित्रै एक छुट्टै युनिट गठन गरिएको छ, जसले सामाजिक सञ्जालको दैनिक निगरानी गर्छ । यो युनिटले निर्वाचनसँग सम्बन्धित सामग्री स्क्रिनिङ गर्छ । आचारसंहिताविपरीतका पोस्ट, मिथ्या सूचना, दुष्प्रचार वा अफवाह देखिएमा त्यसलाई पहिलो चरणमा सफ्टवेयरमार्फत पहिचान गरिन्छ । त्यसपछि आयोगले कारबाही प्रक्रिया अघि बढाउँछ,' उनले भने । घिमिरेका अनुसार हालसम्म २० वटा भ्रामक सामग्री हटाइसकिएको छ ।

सामाजिक सञ्जालमा उम्मेदवारविरुद्ध गलत प्रचार भएको पाइएमा आयोगले नेपाल प्रहरीलाई पत्र लेख्छ । त्यस्ता ५०-६० वटा सामग्री हटाइसकिएको उनको भनाइ छ । 'नयाँ वेबसाइट खोलेर 'एग्जिट पोल' वा आचारसंहिताविपरीत सामग्री राखिएको भेटिएमा नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्र पठाइन्छ, जसले त्यस्ता साइट ब्लक गर्ने काम गर्छ ।

घिमिरेका अनुसार नेपाल प्रहरीको साइबर ब्युरो, नेपाली सेनाको साइबर विज्ञ टोली र आयोगको प्राविधिक टिम मिलेर निगरानी प्रक्रिया अघि बढाइएको छ । 'तर, चुनौती अझै छ । हाम्रो सफ्टवेयर अझै पूर्ण रूपमा एड्भान्स छैन,' घिमिरे स्विकार्छन् ।

यसपटक निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले डिजिटल प्लेटफर्मको प्रयोग उल्लेख्य रूपमा गरेपछि सैद्धान्तिक बहसमा चुकेको डिजिटल राइट्स नेपालका निर्देशक तथा अधिवक्ता सन्तोष सिग्देलको विश्लेषण छ । उनका अनुसार डिजिटल प्लेटफर्म उम्मेदवारको व्यक्तिगत प्रचार र कार्यक्रम प्रसारमा केन्द्रित भए, नीतिगत तथा वैचारिक छलफलमा भने कमजोर देखियो ।

'राजनीतिक दल तथा उम्मेदवारले डिजिटल प्लेटफर्ममा बहस सिर्जना गर्नुपर्थ्यो । तर, एकतर्फी सूचना मात्रै प्रवाह गरिरहेको देखिन्छ,' उनी भन्छन्, 'प्रविधिलाई जनतासम्म विचार पुऱ्याउने माध्यमका रूपमा प्रयोग गर्न उम्मेदारहरू चुके ।'

सामाजिक सञ्जालमा महिला उम्मेदवारमाथि भद्दा टिप्पणी, लैंगिक विभेद र घृणात्मक अभिव्यक्ति बढेको सिग्देलको भनाइ छ । 'निर्वाचन आयोगले डिजिटल स्पेससम्बन्धी आचारसंहिता जारी गर्दै सामाजिक सञ्जालमा 'बुस्टिङ' गर्न नपाइने तथा एआईको प्रयोगमा प्रतिबन्ध लगाएको थियो,' उनी भन्छन्, 'तर व्यवहारमा एआईमार्फत फोटो, भिडियो तथा सामग्री उत्पादन गरी दुष्प्रचार भइरहेको देखिन्छ । त्यसको प्रभावकारी निगरानी र नियन्त्रणमा आयोगको भूमिका हुनुपर्छ ।'

■ विश्लेषक भन्छन्- नीति ओझेल, व्यक्ति हाबी


लेखक तथा राजनीतिक विश्लेषक राजेन्द्र महर्जन चुनावको मूल मर्म मतदातासँगको प्रत्यक्ष संवाद हुनुपर्ने बताउँछन् । उनका अनुसार चुनाव भनेको मतदाताबिच पुगेर आफ्नो विचार सार्वजनिक गर्ने, एजेन्डा स्पष्ट गर्ने प्रक्रिया हो । 'आफू र आफ्नो पार्टीले गर्न खोजेको काम के हो भन्ने कुरा मतदातालाई सुनाउने र त्यसैका आधारमा मत निर्माण गर्ने प्रक्रिया नै चुनाव हो,' उनी भन्छन् । तर, अहिले चुनाव एकपक्षीय बन्दै गएको उनको विश्लेषण छ । प्रायः उम्मेदवारले आफ्ना विचार र नीतिभन्दा पनि व्यक्तिगत प्रचारमा जोड दिइरहेको उनको टिप्पणी छ । 'पार्टीको विचार सार्वजनिक गर्नेभन्दा व्यक्तिको अनुहार देखाउने होडबाजी चलिरहेको देखिन्छ । यसले मतदातासँगको सार्थक संवाद कमजोर बनाइरहेको छ । उनीहरूको आकांक्षा बुझेर दोहोरो संवाद गर्नुपर्ने हो । तर, उम्मेदवारहरूको एकतर्फी प्रचार मात्रै भइरहेको देखिन्छ । यसमा सामाजिक सञ्जाल बढी प्रभावकारी माध्यम बनेको छ,' उनी भन्छन् ।

राजनीतिक विश्लेषक इन्द्र अधिकारीका अनुसार डिजिटल प्लेटफर्मको प्रयोग आफैंमा सकारात्मक भए पनि त्यसको स्वरूप र सामग्री महत्त्वपूर्ण हुन्छ । गहिरो नीतिगत बहस नदेखिएको उनको विश्लेषण छ । 'सामाजिक सञ्जालमा अधिकांश उम्मेदवारका एजेन्डा बाटो, पुल र खानेपानीजस्ता पूर्वाधारमा मात्रै सीमित देखिए,' उनी भन्छन्, 'प्रविधिमा पहुँच भएका र लगानी गर्न सक्ने उम्मेदवारहरू प्रचारमा अगाडि देखिएका छन् ।' सामाजिक सञ्जालका एल्गोरिदमका कारण एउटै प्रकारका सामग्री बारम्बार देखिने भएकाले मतदाताका एकपक्षीय धारणा बन्ने जोखिम रहेको अधिकारीको विश्लेषण छ ।

महर्जनका अनुसार सामाजिक सञ्जालमार्फत हुने एकोहोरो प्रचारले मतदाता र उम्मेदवारबिच दुरी बढाएको छ । 'जनतालाई शासक होइन, प्रतिनिधि चाहिएको हो । निर्वाचन राजतन्त्रमा जस्तो शासक होइन, जनताको मुद्दा बोक्ने प्रतिनिधि छान्ने प्रक्रिया हो,' महर्जन भन्छन्, 'तर, पर्यटकजस्ता मान्छे निर्वाचित हुने, सामाजिक सञ्जालमा जसले लगानी गर्न सक्छ, उही लोकप्रिय हुने र जो लोकप्रिय हुन्छ, उही निर्वाचित हुने खालको प्रवृत्ति देखिन्छ । यसले समाजलाई झन् खतरातिर लैजान्छ । यसले जनतासँग दुरी बढाउँछ । यसो हुनु लोकतन्त्रको स्वास्थ्यका लागि झन् खतरनाक हो ।'

योमरीको युनेस्को यात्रा







सम्पदा

नेवाः भाषामा य अर्थात् मनपर्ने र मरी अर्थात् रोटी हो । यही योमरी अब नेवाः समुदाय र नेपालमा मात्र सीमित नहुने भएको छ । योमरीले पखेटा फिँजाएर विश्वयात्रा गर्दै छ । यसका लागि काठमाडौं महानगरले पहल थालेको छ ।

यमरी नेवाः समुदायमा प्रचलित खानेकुरा हो । नयाँ धान थन्क्याएपछि त्यसवर्षको अन्नको पहिलो परिकार नै योमरी हुने गर्छ । यमरी बनाउन चामलको पिठो पानीमा मुसिन्छ । त्यसमा राख्न तिल र चाकु तयार पारिन्छ । पछिल्लो समय पिठोभित्र खुवा, कुराउनीलगायत परिकार पनि राख्न थालिएको छ । पिठोको डल्लोलाई क्रमशः एकातर्फ चुच्चो बनाउँदै लगिन्छ । औंलाको सहयोगमा एकातर्फबाट पिठोको डल्लोमा पारेको प्वालमा चाकु वा अन्य स्वादअनुसारको खाद्यवस्तु राखी मुख बन्द गरिन्छ । त्यसपछि बाफमा पकाइन्छ । यसलाई बफ्याउन विशेष प्रकारको भाँडोको प्रयोग गरिन्छ ।

वर्षभरि खानका लागि प्रमुख अन्न धान भित्र्याएपछि त्यो धान कुटेर बनाइएको चामलबाट तयार पारिएको योमरी अर्थात् मन रोटी तयार गरी यस दिनमा देवी-देवतालाई चढाउने, आफू र आफन्तलाई खुवाउने चलन रहेको छ । अन्न फलाउन सन्तुलित प्राकृतिक वातावरण आवश्यक पर्ने भएकाले यसलाई प्रकृतिसँग पनि जोडिएको छ ।

■ छैटौं शताब्दीबाटै योमरीको प्रचलन

योमरी खाने प्रचलन छैटौं शताब्दीबाटै सुरु भएको मानिन्छ । लिच्छविकालीन राजा अंशु बर्माको समयमा नेपालमा धान खेतीको प्रचलन सुरु भएको र त्यही वेलादेखि योमरी बनाउन थालिएको बताइन्छ । संस्कृतिविद् प्राडा पुरुषोत्तमलोचन श्रेष्ठका अनुसार वंशावलीबाट प्राप्त प्रमाण र अरू प्रमाणसँग तुलनात्मक अध्ययन गर्दा यस्तो देखिएको हो । 'हामीसँग अभिलेख प्राप्त छैन । तर, वंशावली प्रमाण र अरू प्रमाणसँग तुलनात्मक अध्ययन गरेर हेर्दा अंशु बर्माको पालादेखि धान संस्कृति सुरु भएको र त्यसैवेलादेखि योमरी खान सुरु गरिएको देखिन्छ,' श्रेष्ठ भन्छन् ।

योमरीसँग सम्बन्धित धेरै मिथहरू छन् । जसमध्ये हजारौं वर्ष पहिला 'पाञ्चाल देश' भन्ने एउटा ठाउँ अर्थात् काभ्रेपलाञ्चोकको पनौतीबाट योमरी बनाउने प्रचलन सुरु भएको पनि भनिन्छ । श्रेष्ठ पनि योमरीका विषयमा धेरै कथा बने पनि पनौतीबाटै यसको प्रचलन भएको मान्छन् ।

चामलको पिठोमा विशेषगरी मास, मुगी, चाकु राखेर योमरी खाने चलन छ । चाकुले ऊर्जा दिन्छ । जुन वैज्ञानिक रूपमा प्रमाणित भएको छ । ऋतुअनुसार खानपिन गर्न जान्ने एउटा विज्ञान वा कला नेवाः समुदायसँग भएको उनी दाबी गर्छन् । 'योमरी र नेवाः संस्कृति एक सिक्काका दुई पाटा हुन् । योमरी भन्नेबित्तिकै नेवार जोडिएर आउँछ,' श्रेष्ठ भन्छन्, 'नेपाल मण्डलमा धान संस्कृति र सभ्यताको सुरु गर्ने नेवारहरू हुन् । नेपाल मण्डलमा खेतीपाती गरेर सभ्यताको उद्घोष गर्ने नेवार हुन् । त्यसैले नेवारहरूले चामलको पिठो, धानलाई विभिन्न रूपमा प्रचलनमा ल्याउन थाले । त्यही सन्दर्भमा ऋतुअनुसारको खानाको रूपमा जाडो समयमा योमरी खान थालियो ।' नेवाः समुदायमा योमरी अन्य विशेष अवसरमा पनि बनाएर खाने प्रचलन छ ।

छैटौं शताब्दीबाट प्रचलनमा आएको यो खानालाई विश्वमाझ चिनाउन पहल भइसकेको छ । नेवाः समुदायको परम्परागत, मौलिक एवं सांस्कृतिक खाद्य परिकार योमरीलाई युनेस्कोको अभौतिक सांस्कृतिक सम्पदामा सूचीकृत गर्न महानगरले पहलसमेत थालेको छ । 'हरेक शुभकार्यसँग जोडिएको योमरीको महत्त्व र पहिचानलाई राष्ट्रियकरण गर्दै युनेस्कोको अभौतिक सम्पदा विधामा सूचीकृत गराउनु अन्तर्राष्ट्रियकरणको प्रक्रिया हो । यसले नेपालकै पहिचान बढाउँछ,' महामनगरका सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले भने, 'योमरी खाद्य परिकार मात्र होइन, यसले प्रकृति, कृषि पेसा, धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षसँग पनि गहिरो सम्बन्ध राख्छ ।'

योमरीसँगै अनगिन्ती अभौतिक सम्पदा सूचीकृत गर्नुपर्नेछ । यसले सम्पदाको एकीकृत विकासमा टेवा दिने उनको भनाइ छ । उनका अनुसार समितिले अमूर्त सांस्कृतिक सम्पदाको पहिचान, अध्ययन, अभिलेखन, विकास र प्रवर्द्धनलाई पहिलो प्राथमिक कार्यक्रममा राखेर काम गरिरहेको छ ।

योमरी युनेस्कोको अभौतिक सांस्कृतिक सम्पदामा सूचीकृत हुनु नेपालको अर्थतन्त्र र पर्यटनमा टेवा पुग्नु भएको सरोकारवाला बताउँछन् । महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार प्राचीनकालदेखि चल्दै आएको रोटी प्रजातिको यो खानालाई विश्वसम्म लैजान पहल भइरहेको छ । 'नेवाः समुदायमा सदियौंदेखि प्रयोग हुँदै आएको यो रोटी विज्ञान र प्रकृतिसँग समेत जोडिएको छ । यसलाई अभौतिक सम्पदाको रूपमा सूचीकृत गर्न सकिए पर्यटन र अर्थतन्त्रमा केही सुधार ल्याउन सकिन्छ ।' महानगरको यो यात्रामा युनस्कोका प्रतिनिधिले पनि सकारात्मक प्रतिक्रिया दिएका छन् । यदि योमरी युनेस्कोको अभौतिक सांस्कृतिक सम्पदाको सूचीमा पर्ने हो भने महानगरले अरू भौतिक र अभौतिक सम्पदालाई पनि सूचीकृत गर्न पहल थाल्नेछ ।

महानगरपालिकाका पुराना सहरी क्षेत्रका चोक-चोकमा, गुठी-गुठीमा, हरेक संस्कार र परम्परामा अमूर्त सम्पदा छन् । अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी महासन्धि सन् २००३ मा भएको हो । नेपाल सन् २०१० मा पक्षराष्ट्र भएको हो ।

प्रस्तुति : **शान्ति तामाङ**

वानखेडेमा छाएका दीपेन्द्र

स्कटल्यान्डविरुद्धको खेलमा भने दीपेन्द्र मैदानको चारैतर्फ छाए । चौका र छक्का उनले मैदानका चारैतर्फ पुऱ्याएका थिए । दीपेन्द्रले समूह चरणमा १६९ रन बनाए ।



खेल



● रमेश सुवेदी

१५औं ओभरसम्म नेपाल कठिन स्थितिमा हुँदा वानखेडे रंगशालामा सन्नाटा छाइरहेको थियो । स्कटल्यान्डका बलरले नेपाली ब्याटरविरुद्ध दबाब बनाइरहेका थिए । नेपाल लगातार चौथो हारतर्फ अग्रसर थियो । चिरपरिचित प्रतिद्वन्द्वी स्कटल्यान्डलाई जित्नैपर्ने थियो । मैदानमा १६ हजार समर्थक नेपालको जितको पर्खाइमा थिए ।

१६औं ओभर लिएर स्कटल्यान्डका माइकल लिस्क आए । यही ओभरबाट माथि बढे मात्रै जित पक्का थियो । नेपाललाई हरेक ओभरमा १२ रन चाहिएको थियो । क्रिजमा थिए, दीपेन्द्र सिंह ऐरी र गुल्सन झा । पहिलो बलमै दीपेन्द्रले मिडविकेटमा छक्का हिर्काए । दर्शकको गुञ्जनले वानखेडे रंगशाला तातियो । दीपेन्द्रले लगातार दुई छक्का हिर्काएपछि दर्शकको ताली थामिएन । स्कटल्यान्ड दबाबमा पऱ्यो । यही अवस्थाबाट नेपालले माथि उठ्दै १२ वर्षपछि विश्वकपमा जित निकाल्यो ।

१६औं ओभरमा दीपेन्द्रले एक्लै १९ रन लिएका थिए । स्कटल्यान्डविरुद्ध एकाध मिनेटमै फरक कथा बन्यो । नेपालले दुईपटकको च्याम्पियन वेस्ट इन्डिज र इंग्ल्यान्डसहित इटाली र स्कटल्यान्डविरुद्ध खेल्दा दीपेन्द्र छाएका थिए । प्रतियोगितामा अरू नेपाली खेलाडी खासै चल्न नसक्दा दीपेन्द्रले भने आफ्नो लयलाई निरन्तरता दिए । चाहे हारेको खेलमा होस् या जितेको खेलमा ।

भारतीय पूर्वक्रिकेटर तथा कमेन्टेटर इरफान पठानले त आफ्नो सोसल मिडियामा दीपेन्द्रको खुलेरै प्रशंसा गरे । स्कटल्यान्डविरुद्ध अर्धशतक बनाएपछि उनले ६.५ मिलियन फलोअर्स भएको आफ्नो एक्सको पेजमा लेखे, 'अल्वेज इन्जोय वाचिङ दीपेन्द्रसिंह ऐरी । प्रेसर वाज अन ह्वेन ही कम टु ब्याट । ही ह्यान्डलेड इट भेरी नाइस ।'

दीपेन्द्रको प्रदर्शनबाट नेपालका पूर्वकप्तान पारस खड्का पनि खुसी छन् । उनी भन्छन्, 'दीपेन्द्रजस्तो खेलाडी पाउँदा हामी सबै भाग्यमानी छौं । दीपेन्द्रले आफ्नो क्षमता विश्वकपमा देखाएका छन् ।'

२६ वर्षीय दीपेन्द्रले इंग्ल्यान्डविरुद्ध ४४ रन बनाएका थिए । रन मात्रै होइन, यी अलराउन्डरले दुई विकेट पनि लिए । साम करण र ज्याकोब बेथेलजस्ता आक्रामक ब्याटरलाई आउट गराएका थिए उनले । भलै, यो खेलमा अन्य मध्यक्रमका ब्याटर चल्न सकेनन् । ४२ रन बनाउँदा दुई विकेट गुमाएपछि दबाबमा आएको नेपालका लागि दीपेन्द्रले कप्तान रोहित पौडेलसँग ८२ रनको साझेदारी गरेका थिए ।

तर, नेपाल मध्यक्रम र डेथ ओभरमा चुक्यो । नत्र नेपालले इंग्ल्यान्डविरुद्ध ऐतिहासिक जित निकाल्ने थियो । त्यति मात्रै होइन, सुपर एटको ढोका खुल्ने थियो । तर, त्यसो हुन सकेन ।

नेपाली राष्ट्रिय टिमका प्रशिक्षक जगत टमटाले दीपेन्द्रलाई यू-१९ टिमबाटै हेर्दै आएका छन् । चाहे राष्ट्रिय टिम होस् या एनपिएलको सुदूरपश्चिम रोयल्समा । दीपेन्द्रका प्रशिक्षक हुन् जगत टमटा । विश्वकपको प्रदर्शनपछि प्रशिक्षक टमटा पनि दंग छन् ।

उनी भन्छन्, 'दीपेन्द्रले सानैदेखि मिहिनेत गरिरहेको छ । त्यही मिहिनेतपछि विश्वकपमा पनि उस्तै लय कायम राख्यो,' टमटा भन्छन्, 'विश्व क्रिकेटमा उसको चर्चा हुँदा म निकै खुसी छु ।'

इटालीविरुद्ध १० विकेटको लज्जास्पद हारमा पनि दीपेन्द्रले १७ रन जोडेका थिए । यो खेल भने दीपेन्द्र मात्रै होइन, कुनै पनि नेपालीका लागि सहन सक्ने अवस्था थिएन । भारतीय पत्रकारदेखि क्रिकेट विज्ञले पनि नेपालको इटालीविरुद्धको प्रदर्शन चित्त बुझाएका छैनन् । 'इटालीविरुद्ध हामीले धेरै गल्ती गर्‍यौं,' दीपेन्द्र नै भन्छन्, 'हामीले इटालीविरुद्ध राम्रो गरेको भए माथि बढ्न सजिलो हुन्थ्यो ।'

वानखेडे रंगशालामा नेपालले तेस्रो खेल वेस्ट इन्डिजसँग खेल्यो । दुईपटकको च्याम्पियन वेष्ट इन्डिजविरुद्ध नेपाल नौ विकेटले पराजित भयो । तर, यो खेल दीपेन्द्रका लागि विशेष रह्यो । उनले टेस्ट राष्ट्रविरुद्ध अर्धशतक बनाएका थिए । यो अर्धशतक १२ वर्षपछि विश्वकपमा नेपालले बनाएको हो । यसर्थ, दीपेन्द्र १२ वर्षपछि विश्वकपमा अर्धशतक बनाउने दोस्रो खेलाडी बने । यसअघि सन् २०१४ मा सुवास खकुरेलले अर्धशतक बनाएका थिए ।

चौथो नम्बरमा क्रिजमा आएका दीपेन्द्रले एक्लै ५८ रन बनाए । ४.१ ओभरमा १७ रन बनाउँदा तीन विकेट गुमाएपछि दीपेन्द्र क्रिजमा आएका थिए । दबाबबिच दीपेन्द्रले नेपाली टिमलाई १९.२ ओभरसम्म १२७ रनमा पुऱ्याए । त्यसपछि नेपाल विश्वकपकै लो स्कोरिङबाट बचेको थियो ।

चौथो खेलमा भने दीपेन्द्रले सानदार प्रदर्शन गरे । २३ बलमा चार चौका र तीन छक्का हिर्काए । फिनिसरको भूमिका खेले । उनी र गुल्सनले नेपाली टिमलाई जितसम्म पुऱ्याएका थिए । यो खेलमा दीपेन्द्र मैदानको चारैतर्फ छाए । चौका र छक्का उनले

साप्ताहिक राशिफल

९ फागुन (शनिबार)
१५ फागुन (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो.** : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साथीभाइको राम्रो सल्लाह र सद्भावना प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन् । रोकिएका सरकारी काम सुल्झाउने राम्रो समय छ । धार्मिक तथा आध्यात्मिक गतिविधिमा सहभागी बन्नु पर्नेछ र त्यसबाट प्रशंसित हुने अवसर प्राप्त हुनेछ । आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि तथा पशुपालनमा कम र व्यापारमा प्रशस्त फाइदा हुने योग छ । गरेका कामबाट राम्रै लाभ हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । सन्तान पक्षबाट पनि राम्रै सहयोग प्राप्त हुनेछ । साताको अन्त्यमा पछाडि कुरा काट्ने शत्रु आफैं पराजित हुनेछन् । सामाजिक कार्यमा नेतृत्वदायी भूमिका वहन गर्नुपर्नेछ । सद्भाव र प्रेममा उच्च सफलता प्राप्त हुने योग छ । मातापिता वा विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ । प्रतिष्ठित काम गर्ने मौका छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

पछाडि कुरा काट्नेहरूले षड्यन्त्रको तानाबुना रच्ने प्रयास गर्नेछन् । बुधबारपछि पुराना साथीभाइसित अचानक भेटघाट हुने र आकस्मिक लाभ मिल्ने समय छ । कर्मसिद्धिको समय छ । सामूहिक नेतृत्व सम्हाल्ने मौका मिल्नेछ । व्यापारमा लाभ हुनेछ । समाजमा प्रतिभाको कदर हुनेछ । साताको अन्त्यमा व्यापारमा प्रशस्त फाइदा हुनेछ । काममा मातापिताको सहयोग प्राप्त होला ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साझेदारीबाट फाइदा हुनेछैन । अध्ययन, अध्यापन र लेखनको कार्यमा खासै बुधबारपछि व्यापारीले हानि व्यहोर्नुपर्छ र कर्मचारीले अपजस व्यहोर्नुपर्छ । छात्रछात्रा रमाइलोमा भुलिनेछन् । यात्रा घातक बन्न सक्छ, धेरै टाढा नजानुहोला । अकारण वादविवादमा फस्ने र प्रतिफल प्राप्त नहुने क्षेत्रमा लगानी हुनेछ । मान्यजन र अभिभावक वर्गको सहयोगमा रोकिएका काम सम्पादन गर्न सघाउ पुग्नेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

पठनपाठनमा प्रगति हुनेछ । घरमा मांगलिक कृत्य सम्पादन गर्ने समयसमेत छ । अध्ययन, अध्यापन र लेखनमा खास अभिरुचि हुनेछैन । साताको अन्त्यमा शरीरमा आलस्य र थकानको अनुभव हुनेछ । अप्रिय समाचार सुन्नुपर्दा मन खिन्न हुने स्थिति आउनेछ । धन, धर्म र भाग्यमा हानि पुग्ने सम्भावना छ । गर्नु नपर्ने काम बढी समय लगाएर गर्नुपर्ला ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आफ्नै जिद्दीपनाले गर्दा काम बिग्रने र छरछिमेकमा असमझदारी बढ्ने सम्भावना छ । व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । छोराछोरीबाट सन्तोष हुनेछ । आफन्तले समेत कुरा सुन्न र समय दिन सक्दैनन् । मनमा अशान्ति र छटपटी व्याप्त हुनेछ । स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्ने सम्भावना छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ । दाजुभाइको प्रगतिको समाचार सुन्न पाइएला । पारिवारिक जीवन सामान्य र सन्तोषप्रद रहनेछ । साथीहरूसित मनोरञ्जन गर्ने अवसर जुर्नेछ । साताको अन्त्यमा प्रतिद्वन्द्वीहरूसित सतर्क रहने दिन हो । परिवारमा पनि वैचारिक मतभेद देखापर्ने सम्भावना छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

पारिवारिक जमघटमा मन रमाउनेछ । वस्त्र, अलंकार आदि खरिद गर्ने योग छ । पशुपालक र दुग्धव्यवसायमा संलग्नले लाभ प्राप्त गर्नेछन् । कृषि-चौपायाबाट हानि पुग्न सक्छ । साताको अन्त्यमा कुनै विशेष खुसीको समाचार सुन्न पाइएला । राम्रो कामका लागि काम गर्ने वातावरण अनुकूल बन्नेछ । बौद्धिक क्षमताको प्रस्फुटन हुनाले सिर्जनात्मक सफलता मिल्नेछ । भोगविलासमा मन जानेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

खानपिनका परिकार प्राप्त हुने र भ्रमण, पर्यटन, रमझम तथा सामाजिक काममा सहभागी हुनुपर्नेछ । सुनचाँदीजस्ता धातुको कारोबारबाट धेरथोर लाभ मिल्नेछ । बुधबारपछि सामाजिक कार्यमा नेतृत्वदायी भूमिका वहन गर्नुपर्नेछ, जसबाट यश प्राप्त हुनेछ । बोलीको प्रभाव रहनाले काम बन्नेछ, समयलाई पर्खिनुहोला । परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनुपर्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

व्यवसाय वा पेसामा परिवर्तनको धारणा उत्पन्न हुन सक्छ । नयाँ काममा हात हाल्ने समय भएकाले आफ्ना विचारलाई कार्यान्वयन गर्दा राम्रो हुन्छ । धन लगानी गर्ने अवसर पाउनुहुनेछ । साताको अन्त्यमा सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ । शुभ कुराको संकेत मिल्नेछ । कुनै देवालय, मठमन्दिर वा सार्वजनिक प्रतिष्ठानको दर्शन, भ्रमण वा अवलोकन हुनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

सन्तति र भाइबहिनीका पक्षबाट सन्तोष मिल्नेछ । व्यावसायिक क्षेत्र लाभप्रद छ । भौतिक साधनको जोहो हुनाका साथै मनोरञ्जनात्मक क्रियाकलापमा सक्रिय हुने अवसर जुट्नेछ । साताको अन्त्यमा प्राविधिक काममा विशेष सफलता प्राप्त हुनाले आत्मसन्तुष्टि प्राप्त हुनेछ । आभूषण, शृंगार, साजसज्जा, फेसनडिजाइन र सञ्चार क्षेत्रका व्यवसायीले राम्रो लाभ प्राप्त गर्नेछन् ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

समाजको नेतृत्व वहन गर्नुपर्नेछ । खाद्यान्नका परिकार तथा मेवामिष्ठान्न मिल्ने समय छ । जग्गाजमिनको कारोबार गर्दा असल हुनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । बोलीको कदर हुनेछ । प्रशंसा, बढुवा वा जिम्मेवारी मिल्ने देखिन्छ । बुधबारपछि पारिवारिक वातावरण अनुकूल हुनेछैन । मानसिक एवं बौद्धिक क्षमतामा कमी आउनेछ । मान-सम्मान र प्रतिष्ठा बढ्नेछ ।

चर्चा



● संगिता पनेरू

कम्युनिस्ट नेता लोककृष्ण भट्टराईद्वारा लिखित पुस्तक 'निर्वासन'मा आन्दोलनका क्रममा नेताहरूले भोगेका घटनाहरूको दृष्टान्त पाइन्छ । कार्ल मार्क्स, लेनिन र पुष्पलाल श्रेष्ठले लोकतन्त्र र समाजवाद स्थापना गर्न के कस्ता दुःख खेप्नुपऱ्यो भन्ने विषय किताबमा भेट्न सकिन्छ ।

आफ्नो समयमा यी तीनजनालाई खुला रूपमा आफ्ना विचार राख्न दिइएन । तत्कालीन देशका निरंकुश शासकले यी तीनैजनालाई दुःख दिनुसम्म दिए । निर्वासनमा जानुपऱ्यो । विदेशमा शरण लिनुपरेको कुरालाई भट्टराईले पुस्तकमा





पारस खड्का
पूर्वकप्तान

दीपेन्द्र शतप्रतिशत कमिट्मेन्ट, टिम स्पिरिटलाई बुझ्ने निकै मिहिनेती खेलाडी हुन् । विश्वकपमा उनले आफ्नो क्षमता देखाएका छन् । मिहिनेतसँगै नतिजा पनि आएको देखिन्छ । क्षमता धेरै छ उनीसँग । मानसिक रूपमा कसरी बलियो हुनुपर्छ, दीपेन्द्रले बुझेका छन् । टिमका लागि जुनै पनि भूमिका निर्वाह गर्न सक्ने खेलाडी हुन् । फिल्डिङमा त नेपाली क्रिकेट र विश्व क्रिकेटकै सबैभन्दा सफल खेलाडी हुन् । यस्तो खेलाडी पाउनु नेपाली क्रिकेटको भाग्य हो ।



जगत टमाटा
पूर्वप्रशिक्षक

दीपेन्द्रको खेल यू-१९ टिमबाटै हेर्दै आएको छु । २०१६ को क्वालिफायर्समा राम्रो खेले । श्रीलंकामा यू-१९ मा खेल्दादेखि नै उनको क्षमता राम्रो थियो । वानखेडेमा पनि उही प्रदर्शन गरे । ब्याटिङ, बलिङ र फिल्डिङमा उनले सबैभन्दा राम्रो गर्दै आएका छन् । दर्शकलाई खुसी बनाए । राम्रा बलरलाई डर देखाए । स्टार्टिङ पनि राम्रो गरे । मैदानको चारैतिर सर्ट खेले । खेल्ने शैली निकै परिवर्तन भएको छ । मानसिक रूपमा जस्तोसुकै खेल खेल्न पनि तयार छन् ।

मैदानका चारैतर्फ पुऱ्याएका थिए । दीपेन्द्रले समूह चरणमा एक सय ६९ रन बनाए । उनी बुधबारसम्म सर्वाधिक रन बनाउने खेलाडीको चौथो स्थानमा थिए । विश्वकपमा अलराउन्ड प्रदर्शनपछि उनी आइसिसी वरीयताको अलराउन्डतर्फ चौथो स्थानमा पनि उक्लिए ।

'स्कटल्यान्डविरुद्ध दीपेन्द्रको प्रदर्शन उच्चकोटीको थियो । मैदानको चारैतिर सर्ट खेलेका छन्,' प्रशिक्षक टमाटा भन्छन्, 'अब त खेल्ने शैली निकै परिवर्तन भएको छ । उसको भविष्य अझै उज्ज्वल छ । पिएसएलमा भनै राम्रो गर्न सक्छन् ।'

हारपछि स्कटल्यान्डका बलर ब्राड क्युरीले पनि दीपेन्द्रको क्षमता र प्रदर्शनको तारिफ गरेका थिए । 'दीपेन्द्र धेरै राम्रा खेलाडी हुन् । यो सबैलाई थाहा भएकै हो । उनले राम्रो खेल्दा हामीलाई गाह्रो भयो ।'

विश्वकप खेलिरहँदा प्रशिक्षक टमाटाले भनेजस्तै दीपेन्द्रले अर्को सफलता हासिल गरेका छन् । उनी पाकिस्तान प्रिमियर लिगमा इस्लामाबाद युनाइटडबाट खेल्न छनोट भएका छन् । उनी सन्दीप लामिछानेपछि पिएसएल खेल्ने दोस्रो नेपाली खेलाडी हुन् । यस प्रतियोगितामा राम्रो प्रदर्शन गर्न सके, दीपेन्द्रको आगामी बाटो भनै उज्ज्वल हुनेछ ।

■ कञ्चनपुरबाट विश्वमैदानमा

२६ वर्षअघि दीपेन्द्रको जन्म कञ्चनपुरको महेन्द्रनगरमा भएको थियो । दायाँहाते ब्याटर तथा अफ स्पिनर दीपेन्द्रले स्कुलबाटै क्रिकेटसँगै फुटबल र भलिबल खेल्न थालेका हुन् । तर, उनको क्षमता र लगन भने क्रिकेटमा बढी रह्यो । सुदूरपश्चिमका माटो नै क्रिकेटको भनेझैं भयो । गाउँमा प्रदीप ऐरी दाजुले नेपाली उमेर समूहबाट खेलिसकेका थिए । तत्कालीन समय प्रदीपको चर्चा राम्रो थियो ।

प्रदीपबाट सिक्दै दीपेन्द्रले पनि क्रिकेटमै ध्यान दिए । स्कुलमा पढ्दा समय मिलाएर क्रिकेट सिक्न थाले । त्यो दिन प्रशिक्षक टमाटाले अझै ताजा छ । 'दीपेन्द्र स्कुलमा खेल्दादेखि नै निकै ट्यालेन्ट हुन्,' उनले भने, 'स्कुलमा राम्रो खेलेको देखेपछि मै प्रशिक्षक हुँदा यू-१९ टिममा समावेश गरेको हुँ ।'

दीपेन्द्रले सन् २०१६ मा भएको यू-१९ विश्वकप खेलेका थिए । प्रशिक्षक थिए, जगत टमाटा नै । यू-१९ टिममा समेत राम्रो प्रदर्शन गरेपछि दीपेन्द्रले सन् २०१७ मा १७ वर्षको उमेरमै केन्यावरुद्ध राष्ट्रिय टिमबाट डेब्यु गरेका हुन् । यसपछि उनले आफूलाई फर्केर हेर्नुपरेको छैन ।

नेपालका चर्चामा रहेको अहिलेको एनपिएलदेखि एभरेस्ट प्रिमियर लिग, पोखरा प्रिमियर लिग र धनगढी प्रिमियर लिगले दीपेन्द्रलाई भनै खारिने अवसर थियो । एनपिएलको दुवै संस्करणमा दीपेन्द्रले टिमलाई फाइनलमा पुऱ्याएका छन् । सन् २०२३ चीनमा भएको एसियन गेम्सपछि भने दीपेन्द्रलाई विश्वभरबाट पछ्याउन थालियो । मंगलोलियाविरुद्ध उनले ९ बलमै अर्धशतक बनाए । यस्तो क्षमता भएका क्रिकेटर विश्वमै कम छन् । ६ बलमा ६ छक्का प्रहार गर्ने कीर्तिमान पनि दीपेन्द्रको नाममा छ । पछिल्लो समय डाइरेक्ट हिटमार्फत विपक्षीलाई रन आउट गर्न थालेपछि विश्वस्तरीय खेलाडीले उनको प्रशंसा गर्न कुनै कमी राख्दैनन् । दीपेन्द्र नेपालबाट टी-२० आईमा दुई हजार रन पूरा गर्ने एक्ला खेलाडी हुन् । यता, एकदिवसीयमा समेत एक हजार रन पूरा गरिसकेका छन् ।

उपत्यकाभित्र कति मासियो चराको वासस्थान ?

सिम कुखुरा, बकुल्लाजस्ता सिमसार-आश्रित रैथाने चरा घटेका छन् । बच्चा कोरल्ने सुरक्षित वातावरण नहुँदा उनीहरूको जीवनचक्र प्रभावित भएको देखिन्छ ।



पक्षी



● हेमसागर बराल, चराविद्

हाम्रा पुर्खाले चरालाई चिनेका थिए, उनीहरूको व्यवहार बुझेका थिए । तर, वैज्ञानिक अध्ययन भने भएको थिएन । वैज्ञानिक अध्ययन विदेशी काठमाडौंमै बसेर सुरु गरेका थिए । काठमाडौं उपत्यकाबाटै नेपालका चराको औपचारिक अभिलेख राख्न थालिएको हो ।

हिजोको काठमाडौं उपत्यका र आजकोमा ठुलो अन्तर छ । एक समय यहाँ वन थिए, ताल-तलैया थिए, पोखरी थिए, स्वच्छ नदी बग्थे । बागमती नदी पनि निकै सफा थियो । बागमती र विष्णुमती नदीको छेउमा घाँसे फाँट थिए । त्यहाँ विभिन्न प्रजातिका चरा पाइन्थे । पानी प्रशस्त थियो । नदीकिनारमा सीमसार क्षेत्र थिए । ती सबै चराका लागि उपयुक्त वासस्थान मानिन्थ्यो । भ्याली फ्लोरमा चराको वासस्थान लगभग समाप्त भएको छ । तर, उपत्यकाका डाँडामा भने अझै वन जीवित छन् । चराको वासस्थान पनि त्यहाँ कायम छ । उदाहरणका रूपमा शिवपुरी राष्ट्रिय निकुञ्ज, नागर्जुन वन, फुल्चोकी र चम्पादेवी क्षेत्रमा अझै चराको राम्रो उपस्थिति छ । वनमा आश्रित चरा पूर्ण रूपमा लोप भएका छैनन्, तर संख्या घटेको छ ।

■ उपत्यकामा सिमसारको संकट

मानिसहरूको क्रियाकलापले चराको वासस्थान मासियो । उपत्यकाको सतहमा रहेका ताल-तलैया र नदी सुक्ने अवस्थामा पुगेका छन् । कतिपय ताल-तलैया हराइसके । अग्ला भवन बनिसकेका छन् । सिमसारमा आश्रित चराको वासस्थान व्यापक रूपमा नष्ट भएको छ ।

एक समय काठमाडौं उपत्यकामा हिउँद बिताउने र वर्षाको समयमा बच्चा कोरल्ने सिमसार-आश्रित चरा प्रशस्त देख्न पाइन्थ्यो । तर, अहिले तिनीहरूको संख्या उल्लेखनीय रूपमा घटेको छ । ८० प्रतिशतभन्दा बढी सिमसार-आश्रित वासस्थान हराइसकेको छ । केही वर्षअघि त्यहाँ नयाँ-नयाँ प्रजाति भेटिन्थे, विशेषगरी वर्षायाममा । तर, अहिले संख्या घट्दो छ ।

■ टौदह

टौदह पहिले जलपक्षीका लागि प्रसिद्ध थियो । करिब २० वर्षअघि त्यहाँ ५०० भन्दा बढी हाँस देखिन्थे । अन्य पक्षी पनि प्रशस्त थिए । टौदहको जैविक अस्तित्व समाप्त भयो भन्दा फरक पर्दैन । गुलाफी टाउके हाँस, विश्वमै दुर्लभ कैलो टाउके हाँससँगै सर्याँको संख्यामा पाहुना चरा कुनै समय टौदहमा पाइने अभिलेखमा पाइन्छ । अहिले पोखरीमा सिमेन्टको संरचना, सिँढी र रिसोर्ट बनेका छन् । चराहरू सर्घैंका लागि आउन छोड्यो । उपयुक्त वासस्थान भएन । अहिले ४०-५० प्रजातिका चरा पुग्न कठिन भएको छ । ताल छ, तर चराको संख्या घटेको छ । टौ दहको जैविक विविधतामा प्रत्यक्ष ह्रास आएको देखिन्छ ।

बागमती नदीका फाँट हराएपछि त्यहाँ पाइने सिमसार-आश्रित चरा पनि हराए । चोभारतिर चरा बस्ने ठाउँ न्यून छ, दक्षिणतिर केही स्थानमा मात्र देखिन्छ । हिउँदमा आउने 'राज हुटिट्याउँ' जस्ता चरा बर्सेनि आउँछन्, तर सुरक्षित बसोवासको अभाव छ । बागमती नदीका फाँटमा अहिले चरा छैनन् ।

चोभार कटेपछि दक्षिणतिर जाँदा केही स्थानमा चरा बस्छन् । 'राज हुटिट्याउँ' नामक चरा देख्न पाइन्छ । हिउँदको समय ५०-६० को संख्यामा आउँछन् । त्यो चरा बर्सेनि आउँछ । तर, उनीहरूलाई बस्न गाह्रो छ । बढ्दो सहरीकरणका कारण घर बनिरहेका छन् । खाली जग्गा छैन । उनीहरू अप्ट्यारोमा परेका छन् । बागमतीको घाँसेमैदानमा स-साना प्रजातिदेखि सिकारी चरा देखिन्थे । सिकारी चरामध्ये हुचिल पहिले राम्रै संख्यामा देखिन्थे । अहिले हुचिल बस्ने राम्रो वासस्थान नै छैनन् ।

■ घट्दै छ चराको विविधता

पहिले पाइने विविधता अहिले देखिँदैन । अहिले प्रायः मानव बस्तीमा अभ्यस्त चरा मात्र देखिन्छन्, भँगेरा, काग, परेवा आदि । यी चरा मानवसँग सहअस्तित्वमा बस्न रुचाउँछन् । तर, सिम कुखुरा, बकुल्लाजस्ता सिमसार-आश्रित रैथाने चरा घटेका छन् । बच्चा कोरल्ने सुरक्षित वातावरण नहुँदा उनीहरूको जीवनचक्र प्रभावित भएको देखिन्छ ।

बालुवाटार, लाजिम्पाट, गैरीधाराजस्ता हरियाली बाँकी रहेका क्षेत्रमा केही प्रजातिका चरा देखिन्छन् । तर, संख्या नै महत्त्वपूर्ण हो । सतहबाट हराएर डाँडातिर चरा सीमित हुँदै गएका छन् ।

चरा देखिनु मात्रै ठुलो कुरा होइन । उनीहरूको जीवनचक्र महत्त्वपूर्ण हुन्छ । उनीहरूले बच्चा कोरल्न सक्ने वातावरण हुनुपर्छ । बच्चा कोरल्ने वातावरणमा असर पुगेको छ । त्यसका लागि सुरक्षित ठाउँ आवश्यक पर्छ ।

उपत्यकाको समथर क्षेत्रबाट सबै चरा हराए भन्न मिल्दैन । गोकर्ण वन अझै जीवित छ । त्यहाँ ठुलो संख्यामा चराहरूको प्रजाति पाइन्छ । मनहरा क्षेत्रको उत्तरतिर, बोडेआसपास, अझै केही चरा देखिन्छन् । वर्षाको समयमा नयाँ-नयाँ प्रजाति भेटिन्थे । तर, संख्या घटेको छ । नागदहमा फेरि चरा बस्न थालेका छन् । तर, त्यो पनि कति दिन सुरक्षित रहला भन्ने चिन्ता छ ।

रानीबारी, नारायणहिटी क्षेत्र, बुढानिलकण्ठतिर अझै विविध प्रजातिका चराहरू भेटिन्छन् । म आफैं बालुवाटार, लाजिम्पाट, गैरीधारा क्षेत्रका चरा नोट गर्छु । एक दिन घरको छतमा बसेर २० प्रजाति देखेँ । जहाँ रुपी, मलेवा, गौँथली, भँगेरा दुई प्रजातिका, कालो चिल, बुलबुल जुरेली, मैना दुई प्रकारको, धोबिनी चरा, सुँगा, कुरले ढुकुर, फिस्टो, बकुल्लालगायत चरा पाइन्छन् । रानीपोखरी र कमलपोखरीमा चरा छैनन् । त्यहाँ केही चरा फाट्टफुट्ट मात्रै देखिन्छन् । नारायणहिटी क्षेत्रमा पनि पाइन्छ । तर, आधुनिक संरचनाले त्यहाँका चरा अरू ठाउँमा विस्थापित भए ।

■ चरामैत्री छैनन् आधुनिक संरचना

हिजोका परम्परागत घर चरामैत्री थिए । घर वरिपरि रुखबिरुवा हुन्थे । बगैंचा हुन्थे । छानाको तल्लो भागमा चराले गुँड लगाउँथे । लाटोकोसेरो, गौँथली, भँगेराजस्ता चरा पुराना संरचनामा बस्न रुचाउँथे । तर, आज सिसाका अग्ला भवन बनेका छन् । यस्ता संरचनामा ठोक्किएर चरा मर्ने घटना पनि बढेका छन् । आधुनिक संरचना चरामैत्री छैनन् । राणाकालीन दरबार र पुराना मन्दिरमा अझै चरा देखिन्छन् । असन-इन्द्रचोकमा गयो भने भँगेरा, काग, परेवा मात्रै देखिन्छन् । ती मानवसँग बस्न रुचाउने चरा हुन् । मानव बस्ती नै उनीहरूको वासस्थान हो ।


■ वासस्थान जोगाउन के गर्ने ?

उपत्यकामा चरै छैनन् भन्ने होइन । तर, वासस्थानको ठुलो हिस्सा नष्ट भइसकेको छ । विशेषगरी सिमसार र फाँट मासिएका छन् । संरक्षणको नाममा गरिने सौन्दर्यकरणले पनि कहिलेकाहीं प्राकृतिक वासस्थान नष्ट गरिरहेको छ । साना घाँसे मैदान हराइरहेका छन् । अब राज्यस्तरबाट चासो देखाउँने वेला आएको छ । उपत्यकामा चराहरूको वासस्थान जोगाउनु नीति आवश्यक छ ।

उपत्यकाका बाँकी सिमसार जोगाउने, नदीकिनार प्राकृतिक रूपमा संरक्षण गर्ने, हरियाली विस्तार गर्ने, फलफूल र फूल फुल्ने बिरुवा रोप्ने काम गर्नुपर्छ, जहाँ चराहरूले आफ्नो वासस्थान बनाउन सकून् । जनस्तरमा पनि सचेतना आवश्यक छ । घरछेउछाउ वासस्थान जोगाउने चेतना फैलाउँनुपर्छ । हामीले पर्यावरणमैत्री व्यवहार र कानुनको पालना गर्नुपर्छ । स्थानीय सरकारले हरियाली बढाउन योजना ल्याउनुपर्छ ।

प्रस्तुति : **पवन बराइली**

पढ्नैपर्ने 'निर्वासन'



कार्लमार्क्सलाई तत्कालीन जर्मन सरकारले देशभित्र बस्न दिएन र फ्रान्समा निर्वासित हुनुपऱ्यो । फ्रान्सले पनि बस्न दिएन, बेल्जियम जानुपऱ्यो ।

मार्मिक ढंग लेखेका छन् । तीनैजनाले आ-आफ्नो समयमा निर्वासनमा बस्नुपऱ्यो । यी तीनमध्ये नेपाली कम्युनिस्ट नेता पुष्पलाललाई राजा महेन्द्रले देशभित्र शान्तिपूर्ण रूपमा बस्न दिएन । उनले भारतमा निर्वासित जीवन बिताउनुपऱ्यो । कार्ल मार्क्सलाई तत्कालीन जर्मन सरकारले देशभित्र बस्न दिएन र फ्रान्समा निर्वासित हुनुपऱ्यो । फ्रान्सले पनि बस्न दिएन, बेल्जियम जानुपऱ्यो । बेल्जियमले पनि बस्न नदिएपछि लन्डनमा निर्वासित जीवन बिताउनुपरेको कुरालाई पुस्तकमा स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

मार्क्सले त्यहीं बसेर 'क्यापिटल'जस्ता विश्व चर्चित किताब लेखे । त्यसबिचमा मार्क्सले अनेक समस्या झेले र अन्त्यमा लन्डनमै उनको मृत्यु भयो । त्यति मात्रै होइन, मार्क्सको शवसमेत जर्मन ल्याउन तत्कालीन सत्ताले दिएन र लन्डनमा नै अन्त्येष्टि गरियो । यसैगरी, नेपाली निरंकुश शासकले पुष्पलाललाई देशभित्र बस्न र राजनीतिक, सामाजिक कार्य त गर्न दिएन भारतमा निर्वासित जीवन बिताउनुपऱ्यो । यिनको मृत्यु पनि २०३५ सालमा भारतमा निर्वासनमा रहेकै वेला भयो । यिनको पनि शव निरंकुश राजाले ल्याउन दिएन र दिल्लीको यमुना नदीको निगमबोध घाटमा दाहसंस्कार गरियो । अस्तु पनि लुकाएर ल्याउनुपऱ्यो । यिनका दाजु गंगाललाई गोली हानेको ठाउँ विष्णुमतीको शोभा भगवतीमा ल्याई अस्तु बगाइयो ।

उता रुसको क्रूर जार शासकले लेनिनलाई पनि देशभित्र बस्न दिएन र छिमेकी देश फिनल्यान्ड र जर्मनीमा निर्वासनमा बस्नुपऱ्यो । निर्वासनमा बस्दाबस्दै यिनले रुसभित्र व्यापक संगठन विस्तार गरे र त्यो संगठित रसियन सोसलिस्ट पार्टीले सन् १९१७ मा जार शासन ढाल्यो । यिनको नेतृत्वमा क्रान्तिकारी सरकार बनायो । तर, यिनलाई त्यसवेलाका रुसका क्रान्तिविरोधीहरूले गोली हाने र दुई वर्ष थलिएर सन् १९२४ मा यिनको मृत्यु भयो ।

यो पुस्तकमा यी तीनैजनाले निर्वासनमा बस्दा गरेका कार्य पढ्न पाइन्छ । पुष्पलाल अध्ययन समाजका अध्यक्षसमेत रहेका लेखक भट्टराईको यो पुस्तक लोकतान्त्रिक तथा प्रगतिशील आन्दोलनका अध्येताहरूले नछुटाई पढ्नुपर्ने कृति हो । पुस्तकलाई 'कोसेली प्रकाशन'ले पाठकमाझ ल्याएको हो ।

झ्याप्पै !




रवि मिश्र
@rabimishra



अशुद्ध घोषित जिब्राहरूको इतिहास

मातृभाषा दिवसको उत्सवले तब मात्र सार्थकता पाउँछ, जब काठमाडौंका चिल्ला सडकमा बोलिने नेपाली शब्द र बागलुङको आरनमा गुन्जिने 'ज्वार' शब्दले बराबरको नागरिक सम्मान पाउँछन् ।



सन्दर्भ : अन्तर्राष्ट्रिय मातृभाषा दिवस



● यीश्वरा सिवा

सन् १९५२ फेब्रुअरी २१ को त्यो रक्तरञ्जित बिहान बंगलादेशको ढाका विश्वविद्यालयका सडक विद्यार्थीका पाइलाले मात्र होइन, एउटा जातिको अस्तित्व र अक्षर जोगाउने रगतले निश्चुक्क भिजेका थिए । बंगाली भाषालाई राज्यसत्ताले 'अशुद्ध' र 'दोस्रो दर्जा'को छाप लगाएर अपमानित गरेपछि सुरु भएको त्यो भाषिक महासंग्रामले अन्ततः संसारलाई 'अन्तर्राष्ट्रिय मातृभाषा दिवस'को गौरव दियो । आज संसारले यो दिवस मनाइरहँदा नेपालका १२४ भाषाको गणना र तिनको अस्तित्वको बहस फेरि सतहमा आएको छ ।

यसैबिच, एउटा भयावह मौनताले हाम्रो चेतनालाई गिज्याइरहेको छ । के यो उत्सवले ती काटिएका जिब्राहरूको पनि हिसाब राख्छ ? जसको मातृभाषा कुनै प्रत्यक्ष रणमैदानमा होइन, बरु सभ्यताका सुकिला मञ्चहरू र 'शुद्धता'का निर्मम कैँचीद्वारा योजनाबद्ध रूपमा रेटियो । के यो उत्सवले ती ओठहरूको चीत्कार सुन्छ ? जसलाई मानकको पर्खालभित्र आफ्नै मौलिक लवज बोल्दा अछुत, गँवार र अशुद्धको उपहास झेल्नुपऱ्यो ।

हामी मातृभाषालाई 'आमाको दुध'सँग तुलना गर्छौं । तर, यो समाजको क्रूरता हेर्नुहोस्- जुन आमाको हातको दुध र पानी चल्दैन भनियो, उनै आमाले बोल्ने शब्द कसरी 'शुद्ध' मानिन्थे होलान् र ? भाषा आयोगले तथ्यांकका फाइल पल्टाउँदै गर्दा एउटा प्रश्न सोध्न मन लाग्छ, यदि भाषा नै पहिचानको अन्तिम किल्ला हो भने के एउटा कुनै जातिले आफ्नो भाषा गुमाउनु भनेको बिस्तारै उसको अस्तित्वकै भाषिक नरसंहार होइन ? आयोगको पछिल्लो प्रतिवेदनमा दलित समुदायसँग जोडिएका कतिपय भाषा अति लोपोन्मुख सूचीमा पर्नु वा जनगणनामा कतिपयको संख्या शून्य देखिनु तथ्यांकीय संयोग मात्र होइन, यो त सदियौँदेखि राज्यले चलाएको संरचनागत दमन र 'आफ्नो लवज लुकाउँदा मात्र सुरक्षित भइन्छ,' भन्ने मनोवैज्ञानिक त्रासको परिणाम हो ।

> नेपालको संविधानले सबै मातृभाषालाई राष्ट्रभाषा भने पनि व्यवहारमा दलितका मौलिक लवजलाई अझै पनि अशुद्धको दर्जामा राखिनु संवैधानिक कपट हो । अब दलित आन्दोलनले आरक्षण र राजनीतिक सिटको मात्र कुरा गरेर पुग्दैन । भाषिक पुनरागमनको विद्रोह सुरु गर्नुपर्छ ।

प्रतिरोधको 'कोड' र राज्यविरुद्धको गुप्त संवाद

पहाडी दलितमध्ये गन्धर्व समुदायको भाषिक इतिहास विश्वकै लागि एउटा अनौठो र अध्ययनयोग्य विषय हो । यो समुदायले आफ्नो अस्तित्व रक्षाका लागि एउटा विशिष्ट 'कोड भाषा'को विकास गरेको थियो । यो भाषा रहरले नभएर, राज्य र तत्कालीन शासकको क्रूर दमनबाट जोगिन जन्मिएको एउटा रक्षात्मक ढाल थियो । जब गन्धर्वहरू थ्यांके (पैसा), झोल (रक्सी), खिउनी (चामल) वा गैँड्या (प्रहरी) भन्थे, त्यो सूचनाको आदानप्रदान मात्र थिएन, शासकको कानले नबुझ्ने गरी बुनिएको एउटा गुप्त युद्धनीति थियो ।

राज्यको जासुसी संयन्त्रले नबुझ्नू भनेर निर्माण गरिएको यो भाषा वास्तवमा प्रतिरोधको भाषिक व्याकरण थियो । यद्यपि, इतिहासकारले यसलाई अपभ्रंश वा कथित 'तल्लो जात'को लवज भनेर टिप्पणी गरे । सत्य के हो भने गन्धर्वको कोड भाषा एउटा जीवित प्रमाण हो कि कसरी एउटा उत्पीडित जातिले शब्दहरूलाई हतियार बनाएर आफ्नो अस्तित्व जोगाउँछ । आज ती शब्द हराउँदै जानुलाई ध्वनिको लोप भएको मात्र मान्न सकिँदैन, बरु गन्धर्व जातिको सयौँ वर्षको संघर्षको एउटा बलियो दस्ताबेज खरानी हुनु हो ।

अहंकार र पितृसत्ताले यो समुदायलाई केवल देह व्यापारको संकुचित भाष्यभित्र कैद गरिदियो । परिणामस्वरूप, उनीहरूका मौलिक कला र शब्दावली लोप भए ।

यस्तै अवस्था मधेशमा पनि छ । मुसहर, डोम र चमारहरूले बोल्ने मैथिली वा भोजपुरीलाई 'मुसहवा मैथिली' वा 'चमरौटी' भन्दै खिसी गरियो । विद्यालयमा जब एउटा मुसहर बालकले आफ्नो घरको लवज बोल्छ, उसलाई शिक्षकबाटै हप्काइन्छ । यो भाषिक नश्लवाद हो । यस्तो हुँदै गर्दा उसले त्यहाँ शब्द मात्र त्यागदैन, आफ्नो आत्मविश्वास र पुर्खाको इतिहास पनि त्याग्छ ।

संगीतको व्याकरण र धुनको भाषा

दलित समुदायका लागि बाजा र संगीत उनीहरूको सबैभन्दा बलियो मौखिक अभिलेख हो । दमाईं समुदायले बजाउने नौमती र पञ्चैबाजाका प्रत्येक ताल वास्तवमा एउटा अलिखित व्याकरण हुन् । बाजाको एउटा विशेष हान (स्ट्रोक) ले सूचना दिन्थ्यो, जुन शासकको भाषाले कहिल्यै टिप्न सकेन । राज्यले त सहनाई र झ्याम्टाका गुनासोलाई मनोरञ्जनको चस्माले मात्र हेरिदियो । गन्धर्वहरूले गाउने पुराना लयमा एउटा पंक्ति छ, 'सारंगीको तार रेटेर हामीले पेट पाल्यौं, तर हाम्रै भाषालाई राज्यले पाखा हाल्यो ।'

आजको विश्व आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को कब्जामा छ । एआईले संसारका जुनसुकै आवाजको हुबहु नक्कल गर्न सक्ला, गुगल र च्याटजिपिटीले भाषा अनुवाद गरिदेलान्, तर झलकमान गन्धर्वको त्यो स्वरको गहिराइ र आरनको त्यो 'पाइन' दिने वेलाको वृद्धको सुस्केरालाई कुन मेसिनले कपी गर्न सक्ला ? झलकमानको स्वर सातवटा सुरको खेल मात्र थिएन, त्यो त हजारौँ वर्षदेखि अपमानित एउटा जातिको सामूहिक भाषिक र सांस्कृतिक चीत्कार थियो, जुन कुनै पनि डिजिटल कीबोर्डमा अटाउँदैन ।

शिल्पको शब्दकोश र बौद्धिक उपनिवेशवाद

नेपाली भाषाको शब्दभण्डार निर्माणमा शिल्पी (दलित) समुदायको योगदानलाई सधैँ शारीरिक श्रमका रूपमा मात्र हेरियो, बौद्धिक योगदानका रूपमा कहिल्यै स्विकारिएन । बागलुङ र पर्वतका विश्वकर्मा बस्तीका आरनहरूमा प्रयोग हुने शब्दावलीहरू वास्तवमा धातु विज्ञानका मौलिक नेपाली शब्द हुन् । फलामको विशिष्ट रापलाई बुझाउन उनीहरूले प्रयोग गर्ने ज्वार (फलाम पग्लिने ताप) वा निभ (आकार दिन मिल्ने नरम ताप) जस्ता शब्दहरू कुनै पनि मानक शब्दकोशमा अटाएनन् ।

कुनै दिन आरनमा पुग्दा एक वृद्ध विश्वकर्मा बाजेले हतियारलाई पाइन दिँदै गर्दा भन्नुभएको थियो, 'नानी, यो फलामको जात चिन्नुपर्छ, नत्र यसले हामीलाई नै खान्छ ।' उहाँको त्यो एक वाक्यमा हजारौँ वर्षको शोध लुकेको थियो । दुर्भाग्य, नेपाली बृहत् शब्दकोश पल्टाउँदा यी शब्द कि त भेटिँदैनन्, कि त तिनलाई संकुचित अर्थमा मात्र राखिएको छ । इन्जिनियरिङ पढाउने ठाउँमा यी शब्द किन छैनन् ? असलमा, यो शिल्पमा लुकेको विज्ञानमाथि गरिएको बौद्धिक छुवाछुत हो । फलाम जोड्ने टाँसन वा धातु शुद्ध बनाउने खार्नेजस्ता शब्द उच्चस्तरको वैज्ञानिक ज्ञानका प्रमाण हुन् ।

त्यस्तै, सार्की समुदायले प्रयोग गर्ने खारी (छाला प्रशोधन गर्ने झोल), ओत्कन (आधार) वा जुत्ताको सोल अड्याउने आलजस्ता शब्द प्राविधिक इन्साइक्लोपेडिया हुन् । जुलाहा वा परियार समुदायले प्रयोग गर्ने तानाबाना र लुगाको घान मिलाउने कला गणितीय ज्यामिति र डिजाइनको संगम हो । ज्ञानलाई जातको कसीमा घोटेर 'अशुद्ध' घोषणा गरिनु नै नेपाली भाषिक र शैक्षिक इतिहासको सबैभन्दा ठुलो बौद्धिक बेइमानी हो ।

बादी र मधेशी दलित : 'देह'को भाष्य र हराएको मौलिकता

सुदूरपश्चिम र कर्णालीको पहाडी भूभागमा बादी समुदायको आफ्नै विशिष्ट भाषिक र सांस्कृतिक इतिहास छ । बादी शब्दको व्युत्पत्ति नै 'वादन' शब्दबाट भएको हो । तथापि, शासकीय

दलितका भाषा र लवजहरू आफैँ लोप भएका होइनन्, थिनलाई त भौगोलिक विस्थापन, लिखित इतिहासको निषेध र 'एक भाषा, एक भेष'को नीतिद्वारा हराइएको हो । नेपालको संविधानले सबै मातृभाषालाई राष्ट्रभाषा भने पनि व्यवहारमा दलितका मौलिक लवजलाई अझै पनि अशुद्धको दर्जामा राखिनु संवैधानिक कपट हो । अब दलित आन्दोलनले आरक्षण र राजनीतिक सिटको मात्र कुरा गरेर पुग्दैन । भाषिक पुनरागमनको विद्रोह सुरु गर्नुपर्छ । हाम्रा माग अब स्पष्ट र नीतिगत हुनुपर्छ :

● भाषा आयोगले दलितका यी प्राविधिक र वैज्ञानिक शब्दलाई मानक शब्दकोशमा समेट्नुपर्छ । आरन, सिलाइ र चर्म-शिल्पका शब्दहरूलाई 'तल्लो तहको बोली' होइन, प्राविधिक शब्दावलीको मान्यता दिनुपर्छ ।

● पाठ्यक्रम विकास केन्द्रले दलितको शिल्प-विज्ञान र भाषिक इतिहासलाई विद्यालयका पाठ्यपुस्तकमा समावेश गर्नुपर्छ । विद्यार्थीले आफ्नो पुर्खाको भाषा बोल्दा गर्व गर्ने वातावरण सिर्जना गरिनुपर्छ ।

● राज्यले लोपोन्मुख दलित भाषाको संरक्षणका लागि विशेष बजेट र भाषिक कोषको व्यवस्था गर्नुपर्छ । दलितका मौखिक इतिहासलाई अभिलेखीकरण गर्न डिजिटल आर्काइभ निर्माण गरिनुपर्छ ।

संरचनागत हिंसा र भाषिक पुनरागमन

इतिहासको लेखक बन्ने वेला

वास्तवमा, जब एउटा भाषा मारिन्छ, तब त्यहाँ शब्द मात्र मर्दैनन्, त्यो भाषाले बोकेको हजारौँ वर्षको प्रविधि, दर्शन र प्रतिरोधको स्मृति पनि सँगै चिहानमा गाडिन्छन् । भाषाको मौनता नै जातिको दासताको पहिलो कदम हो । हाम्रा पुर्खाले फलाममा टल्काएको ज्ञान र संगीतमा रेटेको इतिहासलाई आजको 'मानक नेपाली' ले कसिंगर देख्छ भने त्यो मानक आफैँमा दृष्टिदोषपूर्ण छ ।

यदि राज्यले हाम्रा शिल्पका शब्द, बाजाका ताल र संघर्षका लवजलाई 'सभ्यता' स्वीकार गर्दैन भने उसले गर्ने लोकतन्त्र र समावेशिताको व्याख्या आफैँमा एउटा बौद्धिक छल मात्र हो । मातृभाषा दिवसको उत्सवले तब मात्र सार्थकता पाउँछ, जब काठमाडौंका चिल्ला सडकमा बोलिने नेपाली शब्द र बागलुङको आरनमा गुन्जिने 'ज्वार' शब्दले बराबरको नागरिक सम्मान पाउँछन् ।

दलितको मातृभाषा हराएको होइन, हराइएको हो । तसर्थ, अब त्यसको हिसाब-किताब माग्ने वेला आएको छ ।

मातृभाषाको मौन क्षय

सहरी विस्थापन र सामाजिक परिवर्तनसँगै मातृभाषा क्रमशः कमजोर हुँदै जानु केवल राज्यस्तरको नीतिगत समस्या मात्र नभई परिवारभित्रको भाषिक नीतिसँग गाँसिएको गम्भीर विषय पनि हो ।





● मनिता कार्की

यदि तपाईंका नातिनातिनीले तपाईंको भाषा बुझ्नै सकेनन् भने त्यो केवल भाषिक समस्या हो कि पहिचानको अन्त्य ? आज नेपालका दर्जनौँ मातृभाषा यही प्रश्नको सामना गरिरहेका छन् । भाषा केवल सञ्चारको माध्यम होइन, त्यो इतिहास, स्मृति र पहिचानको वाहक हो । जब मातृभाषा मौन हुन्छ, तब केवल शब्द हराउँदैनन्- एक समुदायको संसार हेर्ने दृष्टि नै ओझेल पर्छ । कुनै भाषा मर्नका लागि बोल्नेहरूको मृत्यु आवश्यक पर्दैन- नयाँ पुस्ताले प्रयोग नगर्नु नै पर्याप्त हुन्छ । यही मौन क्षय आजको गम्भीर यथार्थ हो । यही सन्दर्भमा मातृभाषाको मौन क्षयलाई पहिचान र संरक्षणको प्रश्नसँग जोडेर हेर्नु अपरिहार्य भएको छ ।

■ नेपालको भाषिक विविधता

भाषा, संस्कृति र पहिचानको दृष्टिले नेपाल समृद्ध बहुभाषिक राष्ट्र हो । राष्ट्रिय जनगणना ०७८ अनुसार १२३ भन्दा बढी भाषाहरू बोलिन्छन् । तर, यही विविधता आज गम्भीर संकटमा परेको छ । नेपाल भाषा आयोगको रिपोर्ट (२०७८) अनुसार कुसुन्डा, दुरा, बाराम, लुइखिम, तिलुङ, सुरेल, राउटे, राजी, बोटे, काइके, छन्त्याल र हायुजस्ता १२ भाषा लोप हुने अवस्थामा छन् । यी भाषा लोप हुनुको प्रमुख कारण भाषिक समुदायको जनसंख्या न्यून हुनु हो । तर मैथिली, थारू, नेवार र तामाङ भाषाहरू नेपालीपछि सबैभन्दा धेरै जनसंख्या भएका भाषा हुन् । यी भाषिक समुदायमा भाषा परिवर्तन (भाषा सिफ्ट) तीव्र रूपमा बढ्दै गएको छ । यसको प्रत्यक्ष असर मातृभाषाको प्रयोगमा कमी, सांस्कृतिक पहिचानको क्षय तथा सामाजिक समावेशितामा नकारात्मक प्रभावका रूपमा देखिएको छ ।

त्यसो त मातृभाषा लोप विश्वव्यापी भाषिक क्यान्सरजस्तै फैलँदो छ । युनेस्कोको रिपोर्टअनुसार, विश्वमा आज करिब ७,००० भाषाहरू बोलिन्छन् । तीमध्ये करिब ७० प्रतिशत भाषा लोप हुने खतरामा छन् । भाषा नाशले संवादको माध्यम हराउनु मात्र होइन । सम्बन्धित समुदायको सांस्कृतिक, ऐतिहासिक र सामाजिक पहिचान पनि मेटिँदै जान्छ । भाषा समुदायको ज्ञान, परम्परा र सामूहिक स्मृतिको संवाहक भएकाले यसको लोप सांस्कृतिक विविधतामाथिको गम्भीर खतरा हो । यही सन्दर्भमा युनेस्कोले सन् १९९९ देखि फेब्रुअरी २१ लाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा मनाउँदै आएको छ ।

■ आन्तरिक आप्रवासीमा मातृभाषाको प्रयोग

व्यक्ति, परिवार र समुदायको (मातृ) भाषाप्रतिको धारणा र अभ्यासले भाषाको विकासमा गहिरो प्रभाव पार्दछ । सुविधा, शिक्षा, सहरीकरण, आर्थिक उन्नति तथा अन्तरजातीय विवाहका कारण मानिस एक स्थानबाट अर्को स्थानमा सर्ने प्रक्रियाले नेपालमा मात्र होइन, विश्वव्यापी रूपमा पनि जटिल भाषिक समाजको निर्माण गरेको छ । काठमाडौं उपत्यका आन्तरिक आप्रवासीका लागि प्रमुख गन्तव्यका रूपमा रहँदै आएको छ । यसको परिणामस्वरूप, आन्तरिक आप्रवासन र जनसंख्या वृद्धिका कारण काठमाडौं उपत्यकाको जनसंख्या वृद्धि मात्र भएको छैन, मानिसहरूको तीव्र आगमनले यहाँको भाषिक संरचनालाई अझ जटिल बनाएको छ । त्यसैले यस्तो जटिल परिवेशमा अल्पसंख्यक समुदायका मानिसले आफ्ना भाषिक अभ्यास कसरी गरिरहेका छन् भन्ने बुझ्नु अत्यन्त महत्त्वपूर्ण छ ।

यस सन्दर्भमा, आन्तरिक आप्रवासी समुदायमा गरेको एक अनुसन्धानले, मातृभाषाको प्रयोग अत्यन्त न्यून रहेको देखाएको छ । काठमाडौंमा बसोवास गर्ने एक समुदायको परिवारहरूको तीन पुस्ताको दैनिकीमा विभिन्न भाषाहरूको प्रयोग फरक-फरक रूपमा रहेको तथ्य उजागर गरेको छ । अध्ययनअनुसार अभिभावकमध्ये ४० प्रतिशतले मैथिली भाषा प्रयोग गर्ने गरेका छन् भने बालबालिकामा यो दर केवल १० प्रतिशतमा सीमित छ । यसको विपरीत, बालबालिकामा नेपाली भाषाको प्रयोग ६० प्रतिशत र अंग्रेजी भाषाको प्रयोग ३० प्रतिशत रहेको पाइन्छ । अभिभावकहरूले सामाजिक प्रतिष्ठा, शैक्षिक अवसर तथा भविष्यका सम्भावनालाई ध्यानमा राख्दै नेपाली र अंग्रेजी भाषालाई प्राथमिकता दिएको देखिन्छ । यसैगरी, बालबालिकाहरू विद्यालय र साथीहरूसँगको अन्तर्क्रियामा नेपाली र अंग्रेजी प्रयोग गर्न बढी सहज महसुस गर्छन् । परिणामस्वरूप, भाषिक सिफ्टको प्रक्रिया आन्तरिक आप्रवासी परिवारमा तीव्रगतिमा अघि बढिरहेको स्पष्ट संकेत गर्दछ ।

यसरी सहरी विस्थापन र सामाजिक परिवर्तनसँगै मातृभाषा क्रमशः कमजोर हुँदै जानु केवल राज्यस्तरको नीतिगत समस्या मात्र नभई परिवारभित्रको भाषिक नीतिसँग गाँसिएको गम्भीर विषय पनि हो । अध्ययनले देखाउँछ कि मैथिली भाषि शिक्षित परिवारले विभिन्न दैनिक गतिविधिमा बिताउने कुल समयको ५० प्रतिशतभन्दा बढी समय नेपाली भाषा प्रयोग गर्ने गरेका छन्, जसमा अंग्रेजी भाषा दोस्रो स्थानमा रहेको छ । त्यसैगरी, अल्पसंख्यक मातृभाषी व्यवसायी परिवारहरूको हकमा भाषाको प्रयोग शैक्षिकस्तर र व्यवसायको प्रकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित देखिन्छ । त्यसैगरी, अल्पसंख्यक मातृभाषी राजनीतिज्ञ परिवारमा पनि विभिन्न गतिविधिमा नेपाली र अंग्रेजी भाषाको प्रभुत्व स्पष्ट रूपमा देखिन्छ ।

यद्यपि, परिवारभित्रको भाषिक गतिशीलतालाई केवल तथ्यांकका आधारमा समेट्न गाह्रो हुने केही महत्त्वपूर्ण पक्ष पनि छन् । उदाहरणका लागि अध्ययनका क्रममा अभिभावक र बालबालिकाले प्रायः नेपाली भाषा प्रयोग गरिरहेको अवलोकन गरिएको थियो । यस अभ्यासबारे थप स्पष्टता प्राप्त गर्न 'तिमीहरू मातृभाषामा किन बोल्दैनौ ?' भन्ने प्रश्नको उत्तरमा एक मैथिली बालकले भने,'म आफ्नो मातृभाषा बुझ्छु, तर म नेपालीमा बोल्न रुचाउँछु । म नेपालीमा धाराप्रवाह हुन चाहन्छु ताकि आफ्ना अन्य साथीहरूसँग सजिलै संवाद गर्न सकुँ । नेपालीको अभ्यासले मेरो पढाइमा पनि सहयोग गर्छ ।'

अभिभावकहरूबिच मातृभाषाको प्रयोगले आफ्ना बालबालिकाको नेपाली र अंग्रेजी भाषा धाराप्रवाह बोल्ने क्षमतामा बाधा पुऱ्याउँछ भन्ने बलियो विश्वास पाइन्छ । उनीहरूले बालबालिकालाई नेपाली र अंग्रेजी भाषामै शिक्षित गर्नुको महत्त्वमा जोड दिँदै भने, 'बालबालिकालाई मातृभाषामै पढाउनु आवश्यक छैन, सामाजिक उन्नतिका लागि उनीहरूले नेपाली र अंग्रेजी सिक्न बोल्नैपर्छ । यो आधुनिक युगमा हामीले आफ्ना बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गर्न सहयोग गर्नुपर्छ ।'

नेपालमा भाषिक अधिकार र मातृभाषा संरक्षणका लागि थुप्रै आन्दोलन भएका छन् । आदिवासी तथा क्षेत्रीय समुदायहरूले आफ्नो भाषा अधिकारको माग गर्दै लामो समयदेखि आन्दोलन गरिरहेका छन् । विभिन्न भाषिक समुदायले भाषा प्रचार-प्रसार र संरक्षणका लागि सांस्कृतिक संस्था सञ्चालन गर्दै आएका छन् ।

■ भाषा संरक्षणका उपाय

● **प्रतिष्ठा र भाषा ह्रासको विरोधाभास** : विडम्बनापूर्ण रूपमा, सबैभन्दा बढी सांस्कृतिक, शैक्षिक र आर्थिक पुँजी भएका शिक्षित र सफल अल्पसंख्यक परिवार नै मातृभाषाको तीव्र स्थानान्तरणका कारक बन्न पुगेका छन् । उनीहरूको भाषा अभ्यासले समाजमा शक्तिशाली सन्देश दिन्छ : यदि शिक्षित र सफल व्यक्तिहरूले आफ्नै मातृभाषा त्याग्छन् भने, अल्पसंख्यक भाषाहरू अझै पिछडिएको वा अव्यावहारिक ठहरिन्छन् ।

● **पारिवारिक भाषा नीति** : आन्तरिक रूपमा स्थानान्तरण भएका अल्पसंख्यक परिवारहरूमा मातृभाषाहरू प्रायः कम उपयोगी, ग्रामीण जीवनसँग सीमित, वा व्यावसायिक सफलतासँग असम्बन्धित ठानिन्छ । जसले गर्दा, बालबालिकाहरूले आफ्नै पुर्ख्यौंली भाषा केवल निष्क्रिय रूपमा बुझ्ने वा पूर्ण रूपमा नजान्ने अवस्थामा हुर्किन्छन् । समयसँगै, अल्पसंख्यक भाषा हजुरआमा-बुबासँगको संवाद वा औपचारिक/अनुष्ठानिक प्रयोगमा मात्र सीमित हुन्छ । त्यसैले भाषिक सचेतवर्गले बहुभाषिकताको संवर्द्धन गर्दै मातृभाषाको संरक्षणका लागि पारिवारिक भाषा नीति एक कडी हुन सक्छ ।

● **सचेतनाबाट व्यवहारसम्म**

मातृभाषाको संरक्षणका लागि नेपाली वा अंग्रेजी अस्वीकार गर्न आवश्यक छैन । शिक्षित अल्पसंख्यक मातृभाषि परिवारहरूले आफूलाई भाषिक तथा सांस्कृतिक आदर्शका रूपमा चिन्ने जिम्मेवारी बोध गर्नुपर्छ । विभिन्न सांस्कृतिक कार्यक्रम जस्तै एकल वा बहुपारिवारिक भेटघाटमा पछिल्लो पुस्तासँग नियमितरूपमा मातृभाषा डबली गर्ने व्यवस्था मिलाउँदा मातृभाषाको संरक्षणमा इँटा थप्न सहयोग पुग्छ ।

● **सांस्कृतिक कार्यक्रम र मिडिया**

मातृभाषा प्रवर्द्धनका लागि रेडियो, टेलिभिजन तथा अनलाइन माध्यमको प्रभावकारी प्रयोग गरिनु पर्छ । सांस्कृतिक महोत्सव, साहित्यिक कार्यक्रम तथा कार्यशालामार्फत भाषिक चेतना अभिवृद्धि गर्न सकिन्छ । संरक्षण र प्रवर्दनका यस्ता कार्यक्रमको संख्या बढाउने र रचनात्मक बनाउने तर्फ सरोकार पक्षले सोच्न आवश्यक छ ।

● **हाइटेकको उपयोग**

मातृभाषा संरक्षण तथा प्रवर्द्धनमा नयाँ पुस्तालाई आकर्षित गर्न सूचना प्रविधिको प्रभावकारी प्रयोग गर्न सकिन्छ । उदाहरणका लागि, विभिन्न मातृभाषाका आइटी क्षेत्रमा कार्यरत प्रतिभाहरूको सदुपयोग गरी मातृभाषा सिकाइका लागि लर्निङ एप्स विकास गर्न सकिन्छ । यस्ता एप्समार्फत मातृभाषाको पढाइ-सिकाइका साथै विभिन्न स्तरका सिकाइको मूल्यांकन गर्ने व्यवस्था गर्न सके मातृभाषा संरक्षणमा नयाँ आयाम थपिन सक्छ ।

■ निष्कर्ष र सन्देश

शिक्षित वर्गबाटै अल्पसंख्यक मातृभाषा हराउँदै जाँदा ती भाषाले राजनीतिक र संस्थागत समर्थन गुमाउँछन्, जसले सिमान्तीकरण बढाउँछ । विश्वव्यापीकरणसँगै आन्तरिक स्थानान्तरणका कारण मातृभाषा संकटमा परेको छ । त्यसैले, परिवारदेखि समाजसम्म मातृभाषाका सजीव अभियान मार्फत मातृभाषाको संरक्षण र प्रवर्द्धन गर्न सरोकार पक्षहरूले ठोस पहल गर्न आवश्यक छ ।

(कार्की वासेदा विश्वविद्यालयमा विकासशील देशको शिक्षानीतिबारे विद्यावारिधि तहकी शोधार्थी हुन् ।)

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार ९ फागुन ०८२

■ प्रमुख दलहरूको घोषणापत्रमा आन्तरिक र वैदेशिक रोजगार तथा श्रम बजारसम्बन्धी एजेन्डा

५ देखि १५ लाखसम्म रोजगारी सिर्जना गर्ने

● पाँच वर्षमा १५ लाख नयाँ रोजगारी सिर्जना गर्ने कांग्रेसको प्रतिज्ञा ● सूचना प्रविधिबाट मात्रै एक लाखसहित वार्षिक पाँच लाखलाई रोजगारी दिने एमालेको घोषणा
● प्रतिवर्ष पाँच लाख रोजगारी थप्ने नेकपाको प्रतिबद्धता ● डिजिटल पार्क खडा गरी पाँच लाख रोजगारी सुनिश्चित गर्ने रास्वपाको वाचा ● आइटी तालिम दिने राप्रपाको संकल्प

अजित अधिकारी/नयाँ पत्रिका

२१ फागुनका लागि तय भएको निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरेका ठुला दलहरूले आन्तरिक र वैदेशिक रोजगारी सिर्जनालाई प्राथमिकता दिएका छन्। दलहरूले वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्नेदेखि आगामी पाँच वर्षमा श्रम बजारमा १५ लाखलाई रोजगारी दिनेसम्मका घोषणा गरेका छन्।

नेपाली कांग्रेसले आगामी पाँच वर्षमा १५ लाखलाई रोजगारी दिने प्रतिज्ञा गरेको छ भने नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टीले वार्षिक पाँच लाखका दरले नयाँ रोजगारी सिर्जना गर्ने महत्त्वाकांक्षी आश्वासन बाँडेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीले सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गरी पाँच लाखलाई प्रत्यक्ष रोजगारी सुनिश्चित गर्ने वाचा गरेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले रोजगारमुखी आइटी तालिम दिने संकल्प गरेको छ।

कांग्रेसले 'प्रतिज्ञापत्र' सार्वजनिक गर्दै श्रमका मुद्दा सम्बोधन गर्न 'हरेक हातलाई काम, हरेक कामलाई सम्मान' भनेर आकर्षक नारा दिएको छ। कांग्रेस सभापति गगन थापाले प्रजातन्त्र दिवसको अवसर पारेर बिहीबार सार्वजनिक गरेको प्रतिज्ञापत्रमा आगामी पाँच वर्षमा १५ लाख नयाँ रोजगारी सिर्जना गर्ने महत्त्वाकांक्षी लक्ष्य राखिएको छ।

'आत्मनिर्भरता, सामाजिक सुरक्षामार्फत गरिबीको दुश्चक्र तोड्न रोजगारी विस्तार हाम्रो प्राथमिकता हो। सिप, दक्षता र प्रविधिमैत्री शिक्षामार्फत उत्पादनशील र गुणस्तरीय रोजगारी सिर्जना गरी युवालाई स्वदेशमै भविष्य देखाउने हाम्रो स्पष्ट दृष्टि छ,' कांग्रेसले प्रतिज्ञापत्रमार्फत भनेको छ, 'जहाँ रोजगारी केवल जीविकोपार्जनको माध्यम मात्र होइन, बरु नागरिकको आत्मसम्मान र राष्ट्र निर्माणको पौरख हुनेछ।'

औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशतभन्दा माथि पुऱ्याएर युवालाई स्वदेशमै रोजगारीको प्राथमिकता दिन स्थानीय तहमा 'बेरोजगारकेन्द्रित रोजगार कार्यक्रम' सञ्चालन गर्ने कांग्रेसको घोषणा छ। त्यस्तै, डिग्रीसँगै सिप, पढाइसँगै कमाइ, सामाजिक सुरक्षा श्रमिकको पहिलो अधिकार र बाध्यात्मक वैदेशिक रोजगारी अन्त्य गर्ने कांग्रेसको प्रतिज्ञा छ।

नेकपा एमालेको घोषणापत्रमा उच्च आर्थिक वृद्धिबाट वार्षिक चार लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप एक लाख गरी वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्ने उल्लेख छ। रोजगारीका लागि थप अवसरलाई दोब्बर बनाई वैदेशिक रोजगारीमा जाने बाध्यात्मक परिस्थिति हटाउने एमालेको घोषणा छ। 'रोजगारी सिर्जनालाई विकासको केन्द्रीय एजेन्डा बनाउँदै युवालाई स्वदेशमै काम र रोजगारीका अवसर उपलब्ध गराउनेछौं,' एमालेको घोषणापत्रमा भनिएको छ, 'निजी क्षेत्रको आत्मविश्वास बढाउने लगानीमैत्री वातावरण सिर्जना गरी रोजगारी सिर्जना गर्नेछौं।'



- आत्मनिर्भरता, सामाजिक सुरक्षामार्फत गरिबीको दुश्चक्र तोड्न रोजगारी विस्तार प्राथमिकतामा
- औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशतभन्दा माथि पुऱ्याउने
- स्थानीय तहमा 'बेरोजगारकेन्द्रित रोजगार कार्यक्रम' सञ्चालन
- पढाइसँगै कमाइ सामाजिक सुरक्षा श्रमिकको पहिलो अधिकार
- बाध्यात्मक होइन, स्वैच्छिक र जोखिमरहित वैदेशिक रोजगार
- वैदेशिक रोजगारमा रहेका नेपालीलाई स्वदेश फर्कने वातावरण सिर्जना
- आगामी पाँच वर्षभित्र वैदेशिक रोजगारीमा जानेहरूको संख्या ५० प्रतिशत घटाउने।

- प्रत्येक वर्ष पाँच लाखलाई रोजगारी
- जनसांख्यिक लाभको उच्च उपयोग गर्ने गरी प्रतिवर्ष एक लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक पाँच लाख रोजगारी सुनिश्चित गर्ने
- विदेशमा सिप सिकेर आएकामध्येलाई उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई उद्यमी बनाउने
- विपन्न, पिछडिएका र सीमान्तकृत समुदायका लागि विशेष रोजगारी कार्यक्रम
- सीपमूलक शिक्षा, आइटी, डिजिटल र रिमोट रोजगारीका अवसर विस्तार गर्ने
- प्रत्येक पालिकामा श्रम डेस्क स्थापना गरी श्रमिकको दर्ता, सीप विकास र सामाजिक सुरक्षामा आबद्धता सुनिश्चित गर्ने।

- वार्षिक पाँच लाखलाई रोजगारी
- उच्च आर्थिक वृद्धिबाट वार्षिक चार लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप एक लाख गरी वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्ने
- रोजगारीका लागि थप अवसरलाई दोब्बर बनाई वैदेशिक रोजगारीमा जाने बाध्यात्मक परिस्थिति हटाउने
- कृषि, भौतिक पूर्वाधार निर्माण र स्तरोन्नति र एआईको बढ्दो प्रयोगबाट रोजगारी बढाउने
- श्रमिकको वार्षिक उत्पादकत्व वृद्धिदर सात प्रतिशतभन्दा बढी पुऱ्याई आगामी पाँच वर्षमा श्रम आय दोब्बर बनाउने
- वैदेशिक रोजगारीका लागि चर्को ब्याजमा ऋण लिएर जानुपर्ने व्यवस्थाको अन्त्य।

- आइटीमार्फत पाँच लाखलाई प्रत्यक्ष रोजगारी
- सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गरी पाँच लाख प्रत्यक्ष रोजगारी सुनिश्चित
- नेपालमै बसेर विदेशी कम्पनीमा काम गर्न पाउने कानुनी व्यवस्था
- रिमोट वर्क र डिजिटल घुम्ते (डिजिटल नोम्याड)लाई आकर्षित गर्न भिसा, बसोवास तथा सहकार्य केन्द्रसम्बन्धी नीतिगत व्यवस्था गर्ने
- वैदेशिक रोजगारमा गई विप्रेषण भित्र्याउने श्रमिकलाई विशेष परिचयपत्र, उक्त परिचयपत्रका आधारमा सरकारी स्वास्थ्य सेवा, शिक्षा तथा अन्य सामाजिक सेवामा सहुलियतको व्यवस्था
- श्रमलाई सस्तो होइन, सम्मानजनक मावन पुँजीका रुपमा स्थापित गर्दै सुरक्षित, मर्यादित र न्यायपूर्ण श्रम बजार निर्माण गर्ने।

- सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको घोषणा गरी रोजगारी वृद्धि
- नेपालमै बसेर विदेशी कम्पनीमा काम गर्ने वातावरण
- रोजगारमुखी आइटी तालिम
- वैदेशिक रोजगारी वा अन्य प्रयोजनबाट आर्जन गरेको सिप र पुँजीलाई उद्यमशीलतामा रूपान्तरण गरिने
- ब्रेन ड्रेनलाई ब्रेन गेनमा रूपान्तरण
- स्टार्टअप, अनुसन्धान र आइटी आउटसोर्सिङमार्फत रोजगारीलाई प्रोत्साहन
- उद्यम, उत्पादन,सेवा, प्रविधि, पर्यटन जस्ता क्षेत्रहरूमार्फत रोजगारी सिर्जनामा टेवा

कृषिको आधुनिकीकरण, भौतिक पूर्वाधार निर्माण र स्तरोन्नति र एआईको बढ्दो उपयोगबाट रोजगारी सिर्जना गर्ने एमालेको दाबी छ। श्रमिकको वार्षिक उत्पादकत्व वृद्धिदर सात प्रतिशतभन्दा बढी पुऱ्याई आगामी पाँच वर्षमा श्रम आय दोब्बर बनाउने र वैदेशिक रोजगारीका लागि चर्को ब्याजमा ऋण लिएर जानुपर्ने व्यवस्थाको अन्त्य गर्ने पनि उल्लेख छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले जनसांख्यिक लाभको उच्च उपयोग गर्ने गरी प्रतिवर्ष एक लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक पाँच लाख रोजगारी सुनिश्चित गर्ने घोषणापत्रमा उल्लेख गरेको छ। सार्वजनिक तथा निजी स्वामित्वको बाँझो जमिन, नदी-नाला, वन, खनिज र जैविक स्रोतलाई उत्पादनमूलक रूपमा उपयोग गरी युवा जनशक्तिलाई स्वदेशमै रोजगारी उपलब्ध गराइने नेकपाको प्रतिबद्धता छ।

विदेशमा रहेका जनशक्तिको ज्ञान, सिप, अनुभव र पुँजीलाई रोजगारी-स्वरोजगारी तथा लगानीका लागि अनुकूल वातावरण बनाउन रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई उद्यमी बनाउने दाबी गरिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गरी पाँच लाख प्रत्यक्ष रोजगारी सुनिश्चित गर्ने वाचा गरेको छ। नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्न स्पष्ट कानुनी र नीतिगत प्रबन्ध गर्ने, रिमोट वर्क, डिजिटल रोजगारीलाई कानुन बनाएर मान्यता दिने वाचापत्रमा उल्लेख छ।

वैदेशिक रोजगारमा गई विप्रेषण भित्र्याउने श्रमिकको योगदानको सम्मान गर्दै उनीहरूका लागि विशेष परिचयपत्र जारी गर्ने र सो परिचयपत्रका आधारमा सरकारी स्वास्थ्य सेवा, शिक्षा तथा अन्य सामाजिक सेवामा सहुलियतको व्यवस्था गरिने उल्लेख छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको घोषणा गरी रोजगारी वृद्धि गर्ने संकल्प गरेको छ। त्यस्तै, नेपालमै बसेर विदेशी कम्पनीमा काम गर्ने वातावरण बनाउने, रोजगारमुखी आइटी तालिम दिने र वैदेशिक रोजगारी वा अन्य प्रयोजनबाट आर्जन गरेको सिप र पुँजीलाई उद्यमशीलतामा रूपान्तरण गरिने राप्रपाको संकल्पपत्रमा उल्लेख छ।

संक्षेप

'पर्यटन क्षेत्र अर्थतन्त्रको मुख्य मेरुदण्ड'



काठमाडौं/ अर्थमन्त्री रामेश्वर खनालले पर्यटन क्षेत्र मुलुकको अर्थतन्त्रको मुख्य मेरुदण्ड भएको बताएका छन्।

'पर्यटनको अर्को पुस्ताका लागि नेपालको स्थान निर्धारण' विषयमा अन्तर्क्रियामा मन्त्री खनालले पर्यटनले रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन र समग्र आर्थिक वृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरे। उनले दिगो, समावेशी र जिम्मेवार पर्यटन अभ्यासमार्फत मुलुकको प्राकृतिक सम्पदा र सांस्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने दिशामा सरकारले निरन्तर काम गरिरहेको बताए।

त्यस्तै, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले जलवायु सहनशील वित्त पोषणले सडक भवनमै सीमित नगरी महिलाद्वारा सञ्चालित उद्यम, लैंगिक संवेदनशील पूर्वाधार र सामुदायिक संरक्षणमा लगानी गर्न आग्रह गरिन्। मन्त्री श्रेष्ठले महिलाहरू औपचारिक र मौसमी आम्दानीमा निर्भर रहेको उल्लेख गर्दै होमस्टे सञ्चालन, स्थानीय उत्पादन बिक्री, होटेल तथा जल क्षेत्रमा काम र सांस्कृतिक सेवा आदानप्रदानमार्फत जीविकोपार्जन गर्दै आएको बताइन्।

हायर-पर्चेज कर्जाको ऋण अनुपात ८०% गर्न माग

काठमाडौं/ नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चर्स एसोसिएसन (नाइमा)ले सबै प्रकारका सवारीसाधनमा सवारीसाधन हायर-पर्चेज कर्जाको ऋण-मूल्य अनुपात (एलटिभी रेसियो) हाल कायम ६० प्रतिशतबाट वृद्धि गरी अधिकतम ८० प्रतिशत कायम गर्न माग गरेको छ। नाइमाले नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयसमक्ष औपचारिक यस्तो माग गरेको हो।

यसमा ६० प्रतिशतको सीमा हुँदा अटोमोबाइल बजारमा सुस्तता देखिएको हो। 'उच्च प्रारम्भिक भुक्तानीको आवश्यकताका कारण धेरै उपभोक्ता सवारीसाधन खरिद गर्न असमर्थ भएका छन्, जसले बिक्रीमा कमी ल्याएको मात्र नभई समग्र आर्थिक गतिविधि तथा राजस्व संकलनमा समेत प्रत्यक्ष प्रभाव पारेको छ,' नाइमाले भनेको छ, 'अटोमोबाइल क्षेत्र भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमार्फत सरकारको राजस्वमा उल्लेखनीय योगदान पुऱ्याउने क्षेत्रमध्ये एक हो। सवारीसाधन बिक्रीमा वृद्धि हुँदा राजस्व संकलनमा ठोस तथा सकारात्मक प्रभाव पर्ने नाइमाको विश्वास छ।'

■ मुलुककै पहिलो उद्योग विराटनगर जुटमिलको व्यथा

प्रत्येक चुनावमा चर्चा चल्छ, उद्योग चल्दैन

मोरङका उम्मेदवारले जुटमिल चलाउने एजेन्डा बेचेर प्रत्येक चुनाव
जित्दै आएका छन्, तर ०७४ देखि पूर्ण रूपले बन्द भएको उद्योग झन्-झन् जीर्ण बन्दै छ





विराटनगरमा **गणेश लम्साल**

देशकै पहिलो उद्योग विराटनगर जुटमिल सञ्चालनको फेरि एकपटक चर्चा चलेको छ, किनभने मुलुकमा चुनाव आएको छ। मोरङका उम्मेदवारले विगतमा जस्तै यसपटक पनि जुटमिल सञ्चालन गरेर रोजगारी सिर्जना गर्ने र उद्यमशीलता विकास गर्ने आश्वासन बाँडिरहेका छन्, तर ०७४ देखि पूर्ण रूपले बन्द उद्योग झन्-झन् जीर्ण बन्दै छ।

विराटनगर महानगरपालिका- १५ रानीस्थित विराटनगर जुटमिल मोरङ- ५ निर्वाचन क्षेत्रअन्तर्गत पर्छ। सो क्षेत्रबाट उम्मेदवारी दिएका कांग्रेसका फूलकुमार लालवानी, एमालेका मनोजकुमार अग्रवाल, नेकपाका शिवकुमार मण्डल, जसपाका राजकुमार यादव, रास्वपाकी आशा झालगायतका उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। यी सबै उम्मेदवारले जुटमिलसहित विराटनगरको रानी क्षेत्रमा बन्द रहेका उद्योगलाई पुनः सञ्चालन गर्ने वातावरण मिलाउने र नयाँ उद्योग स्थापनाका लागि पहल गर्ने प्रतिवद्धता सार्वजनिक गरेका छन्।

उनीहरूको प्रतिबद्धता भने स्थानीय मतदाताले पत्याएका छैनन्। जुटमिल सञ्चालक समितिका अध्यक्ष राजेन्द्र कार्कीले प्रमुख दलका उम्मेदवारहरू बन्द उद्योग चलाउने प्रतिबद्धता लिएर आए पनि विश्वास नलागेको बताए। 'चुनाव लड्ने उम्मेदवारले पहिले पनि कसम खाएकै हुन्। यसपालि पनि सबै मुख्य दलका उम्मेदवारले विराटनगर जुटमिलसहित बन्द उद्योग सञ्चालन गराउने भनेर भाषण गरी नै रहनुभएको छ,' उनले भने, 'धेरैले आफ्नो प्रतिबद्धतापत्रमा पनि ल्याइसक्नुभएको छ। तर, सधैं यसरी हावादारी कुरा गरेर चल्दैन।' सरकारले ठोस निर्णय गरेर उद्योग चलाउन पहल गर्नुपर्ने उनको धारणा छ।



विराटनगर जुटमिल सञ्चालक समिति अध्यक्ष राजेन्द्र कार्की भन्छन्-

दलका उम्मेदवारले जुटमिल चलाउने भाषण गर्न थालेका छन्, तर पत्याउँदैनौं

म ०७२ देखि जुटमिलमा सञ्चालन समितिको बोर्ड सदस्य भएर जोडिएको हुँ। यसैले जुटमिलको अवस्था नजिकबाट नियालेको छु। अहिले म सञ्चालक समिति अध्यक्ष छु। बन्द भए पनि आन्तरिक स्रोतबाट १३ जना कर्मचारीलाई सुरक्षाका लागि खटाएर जेनतेन तलब दिइरहेका छौं। अहिलेको अवस्थामा जुटमिलको कम्तीमा पनि १५ अर्बभन्दा बढीको सम्पत्ति छ। यो सम्पत्तिमा धेरैका आँखा लागेको छ।

जुटमिल चलाउनुपर्छ भनेर गणतन्त्र बहालीपछिका सबै सरकारले भनेकै हुन्। चुनाव लड्ने उम्मेदवारले पहिले पनि कसम खाएकै हुन्। यसपालि पनि सबै मुख्य दलका उम्मेदवारले विराटनगर जुटमिलसहित बन्द अवस्थामा रहेका उद्योग सञ्चालन गराउने भनेर भाषण गरिरहनुभएको छ। धेरैले आफ्नो प्रतिबद्धतापत्रमा पनि जुटमिल सञ्चालन गर्ने विषय ल्याइसक्नुभएको छ। तर, सधैं यसरी हावादारी कुरा गरेर चल्दैन। विराटनगर जुटमिलमा सरकारको ६८ र निजीतर्फको ३८ प्रतिशत सेयर छ। यसैले सधैं सरकारले जुटमिललाई सेतो हात्ती बनाएर निजी सम्पत्तिको मूल्य बढाइदिइरहनुपर्ने काम गर्नुहुँदैन। अध्ययन गरेर ठोस निर्णय गर्नुपर्छ।

■ आठ वर्षदेखि पूर्ण रूपले बन्द छ उद्योग

१९९३ मा स्थापित मुलुकको पहिलो उद्योगपरिसरबाटै औद्योगिक र राजनीतिक क्रान्ति सुरु भएको हो, तर राजनीतिक दलहरूले उद्योग चलाउनभन्दा उद्योगको सम्पत्ति दोहनमा ध्यान दिँदा १० मंसिर ०७४ देखि पूर्ण रूपले बन्द छ। उद्योग चलाउन नसकेपछि कर्मचारीलाई ५० करोड खर्चेर बिदासमेत गरिएको छ। उद्योग चलाउन चौतर्फी दबाब बढेपछि निजी क्षेत्रसँगको सहकार्यमा केही समय सञ्चालन पनि भएको थियो। स्वदेशी उद्योगीले नसकेपछि भारतीय कम्पनी बिमसम प्रालिले लिजमा सञ्चालन गरे पनि एक वर्षमै असफल भएको थियो। अहिले उद्योगको नाममा रहेको जग्गा मिच्नेक्रम बढेको छ भने भौतिक सम्पत्ति चोरी हुन थालेको छ।

जुटमिलका पूर्वकर्मचारी आइतबहादुर तामाङका अनुसार विराटनगर मिलको स्वामित्वमा पाँच अर्ब रुपैयाँबराबरको सम्पत्ति छ। मिल भएको स्थान विराटनगर रानीमा ६७ बिघा जमिन छ। परिसरभित्र ६ सय आठ किलोवाटका दुईवटा पावरहाउस, एउटा टर्बाइन पावरहाउस र जुट बनाउने सयौं मेसिनहरू र दर्जनौं पक्की भवन र गोदाम छन्।

जुटमिल बचाउ अभियानका संयोजक धर्मानन्द सञ्जेलले मिलको स्वामित्वमा रहेको सम्पत्तिको संरक्षण गर्नुपर्ने र त्यसपछि डिपिआर गरेर मिल सञ्चालनको निर्णय लिनुपर्ने बताए। 'अब सधैं जुटमिललाई चुनावी मुद्दा मात्र बनाइराख्नुहुँदैन। विस्तृत अध्ययन गरेर चल्ने भए व्यवस्थित रूपले चाँडै सञ्चालन गर्नुपर्छ हैन भने सम्पत्तिको संरक्षण गरेर वैकल्पिक उपयोगमा ल्याउनुपर्छ,' उनले भने।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 6.24% p.a.
T & C apply
Global IME Bank ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT Call Us: +977-1-5970600 globalconnect@gibl.com.np

सातामा १२ सय बढ्यो सुन

काठमाडौं/ यो साता सुनको मूल्य तोलामा १२ सय रुपैयाँले बढेको छ। अघिल्लो साताको शुक्रबार सुनको मूल्य तोलामा तीन लाख तीन हजार पाँच सय रुपैयाँ थियो। यो साताको शुक्रबार सुनको मूल्य तीन लाख चार हजार सात सय रुपैयाँ कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ।

आइतबार सुनको मूल्य बढेर तोलाको तीन लाख पाँच हजार आठ सय रुपैयाँ पुगेको थियो। त्यसपछि तोलामा सोमबार तीन लाख दुई हजार आठ सय रुपैयाँ, मंगलबार तीन लाख एक हजार नौ सय रुपैयाँ, बुधबार तीन लाख चार सय रुपैयाँ र बिहीबार तीन लाख चार हजार सात सयरुपैयाँ पुगेको थियो। शुक्रबार सुनको मूल्य स्थिर भयो।

यो सातामा चाँदीको मूल्य पनि तोलामा ५० रुपैयाँले बढेको छ। गत साताको शुक्रबार चाँदीको मूल्य तोलाको पाँच हजार थियो। आइतबार त्यो घटेर चार हजार नौ सय ८५ रुपैयाँमा सीमित भयो। त्यसपछि सोमबार चार हजार आठ सय ६० रुपैयाँ, मंगलबार चार हजार आठ सय ८५ रुपैयाँ, बुधबार चार हजार आठ सय ८० रुपैयाँ र बिहीबार पाँच हजार ६० रुपैयाँ कायम भएको थियो।

जगेडामा रहेको शेयर बिक्री गर्ने सम्बन्धी सूचना !!!

यस गोरक्ष हाइड्रोपावर लिमिटेडको प्रबन्धपत्रको नियम ६ (ग) बमोजिम जगेडामा रहेको शेयर मध्येबाट २४,००,००० कित्ता शेयर हाल कायम रहेका शेयरधनिहरुलाई रु. १०० प्रति कित्ताका दरले बिक्रि गर्ने निर्णय भए बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र इच्छुक शेयरधनी महानुभावहरुले शेयर खरिद फर्म, नागरिकता, राष्ट्रिय परिचय पत्र र बैकमा रकम जम्मा गरेको भौचर सहित निवेदन पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र हाल कायम रहेका शेयरधनी महानुभावहरुबाट आंशिक वा पूर्ण रुपमा शेयर खरिदका लागि आवेदन प्राप्त नभएमा अन्य इच्छुक व्यक्ति तथा संस्थाहरुलाई शेयर बिक्रि गरिने समेत जानकारी गराईनेछ।

गोरक्ष हाइड्रोपावर लि.
काठमाण्डौ-०९, बत्तिसपुतली
फोन नं. :- ०१-४५८२९४५

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. १९९६
स्वर्गारोहण: वि.सं. २०८२ माघ २६

स्व. दोमा कुमारी उपाध्याय

यस बैंकका अध्यक्ष आदरणीय श्री तुक प्रसाद पौडेलकी ममतामयी माता **दोमा कुमारी उपाध्याय**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक www.sanimabank.com
पो.ब.नं: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं, फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४५२८९६९, ईमेल: sanima@sanimabank.com

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शनिबार ९ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

आइसिसी पुरुष टी-२० विश्वकप २०२६

यस्तो रह्यो नेपाली खेलाडीको प्रदर्शन

मुम्बईमा **रमेश सुवेदी**

१०औँ संस्करणको टी-२० विश्वकप क्रिकेटमा सहभागी नेपाली खेलाडी अहिले जय ट्रफीमा व्यस्त भइसकेका छन्। भारत र श्रीलंकाले आयोजना गरेको विश्वकपको समूह 'सी'मा रहेको नेपालले तीन हार र एक जित निकाल्यो। नेपालले १२ वर्षपछि एक जित निकाल्दा स्कटल्यान्डलाई सात विकेटले हरायो। टोलीका १५ मध्ये १४ खेलाडीले खेल्ने अवसर पाए, तर बसिर अहमदले खेल्नै पाएनन्। नेपाली टोलीमा उपकप्तान दीपेन्द्रसिंह ऐरी सबैभन्दा सफल देखिए। उनले लगातार दुई खेलमा अर्धशतकीय इनिङ्स खेले। सोमपाल कामी तीनवटा विश्वकप खेल्ने एक मात्र नेपाली क्रिकेटर बनेका छन्। पहिलो चरणबाटै बाहिरिएको नेपालको प्रदर्शन मिश्रित रह्यो। समग्रमा विश्वकप खेलेका नेपाली खेलाडीको प्रदर्शन यस्तो छ :



रोहित पौडेल : रोहितको कप्तानीमा नेपालले लगातार दोस्रोपटक टी-२० विश्वकप खेल्यो। समग्रमा नेपालले तेस्रोपटक विश्वकप खेलेको हो। सन् २०२४ र ०२६ को विश्वकपमा नेपालले उपस्थिति जनाए पनि कप्तानीका रूपमा उनले खासै गतिलो प्रदर्शन गर्न सकेनन्। यद्यपि, उनकै कप्तानीमा नेपालले १२ वर्षपछि विश्वकपमा पहिलो जित निकाल्यो। समूह 'सी'को अन्तिम खेलमा नेपालले स्कटल्यान्डमाथि सात विकेटको जित निकाल्यो। रोहितले आफ्नो कप्तानीमा विश्वकपमा लगातार ६ खेलको हार पनि तोडे। चालू विश्वकमा उनले चार खेलमा ८३ रन बनाए। उनले इंग्ल्यान्डविरुद्ध ३९ रन, इटलीविरुद्ध २३ रन, वेस्ट इन्डिजविरुद्ध पाँच रनमा र स्कटल्यान्डसँगको खेलमा १६ रन बनाएर आउट भए। ब्याटिङ अलराउन्डर भूमिका निर्वाह गर्ने रोहितले स्कटल्यान्डविरुद्ध बलिङ गर्दै २१ विकेट लिए।

दीपेन्द्रसिंह ऐरी : १०औँ संस्करणको विश्वकप उपकप्तान ऐरी नेपाली टोलीकै स्टार बने। उनले चालू विश्वकपमा व्यक्तिगत रेकर्ड राखे। लगातार दुई खेलमा अधशतकीयसँगै विकेट पनि उनले लिए। एक किसिमले ऐरीले चारै खेलमा अलराउन्ड प्रदर्शन गरे। विश्वकपमा दुई अर्धशतक लगाउने उनी पहिलो नेपाली बने। वेस्ट इन्डिजविरुद्ध उनको ५८ रन विश्वकपमा नेपाली खेलाडीको व्यक्तिगत उच्च स्कोर रह्यो। सन् २०१४ को विश्वकपमा ओपनर सुवास खकुरेलले ५६ रन बनाएका थिए। स्कटल्यान्डविरुद्ध उनले २३ बलमा ५० रन जोड्दा नेपालले १२ वर्षपछि विश्वकपमा जित निकाल्यो। इंग्ल्यान्डविरुद्धको सनसनी खेलमा उनले महत्त्वपूर्ण ४४ रन जोडेका थिए। इटलीसँगको खेलमा उनी १७ रनमा आउट भए। गत बुधारसम्म उनी विश्वकपकै सर्वाधिक रन बनाउने सूचीको दोस्रो स्थानमा थिए। उनले समग्रमा चार खेलमा एक सय ६९ रन जोडेका थिए। बलिङमा उनले चार खेलमा दुई विकेट पनि लिएका छन्।

सोमपाल कामी : चालू विश्वकपमा सोमपालले व्यक्तिगत रेकर्ड बनाए। पहिलो दुई खेलमा प्रशिक्षक स्टुवार्ट लले अनुभवी खेलाडी सोमपाललाई बेन्चमा राखेका थिए। प्रशिक्षकले आशा गरेका युवा खेलाडीले खराब प्रदर्शन गरेपछि सोमपालले वेस्ट इन्डिजसँगको खेलमा मौका पाए। वेस्ट इन्डिजविरुद्धको खेलसँगै नेपाली खेलाडीमध्ये तीन विश्वकप खेल्ने उनी पहिलो खेलाडी बने। लगातार दुई खेलमा मौका पाउँदा उनले आफूलाई प्रमाणित गरेका थिए। वेस्ट इन्डिजविरुद्ध उनले आक्रामक रूपमा ब्याटिङ गरी २६ रन बटुलेका थिए। उनकै ब्याटिङ प्रदर्शनका कारण नेपालले वेस्ट इन्डिजलाई सम्मानजक योगफल दिएको थियो। प्रशिक्षक स्टुवार्टले उनलाई स्कटल्यान्डविरुद्ध पहिलो रोजाइमै राखे। सो खेलमा स्कटल्यान्डको रन गति रोक्न उनले महत्त्वपूर्ण भूमिमा निर्वाह गरे। उनले चार ओभरमा २५ रन खर्चेर तीन विकेट लिएका थिए। विश्वकपमा नेपालबाट धेरै विकेट लिने उनी पहिलो बलर बनेका छन्।

कुशल भुर्तेल : स्कटल्यान्डसँगको खेलबाहेक नेपालको ओपनिङ दमदार भएन। ओपनिङ ब्याट्सम्यान असफल हुँदा नेपालले इंग्ल्यान्ड, इटाली र वेस्ट इन्डिजविरुद्ध पावर प्लेमा कमजोर प्रदर्शन गऱ्यो। पछिल्लो समयमा नेपालका लागि ओपनिङ गर्दै आइरहेका कुशलले तीन खेलमा स्वाभाविक खेल खेल्न सकेनन्। कुशलले इंग्ल्यान्डविरुद्ध २९ रन, इटालीविरुद्ध पाँच रन तथा वेस्ट इन्डिजसँगको खेलमा एक रन बनाए। अन्तिम खेलमा उनले स्कटल्यान्डविरुद्ध विस्फोटक ब्याटिङ गरी ४३ रन जोडेका थिए। वानखेडे रंगशालामा उनले स्कटल्यान्डसँगको प्रतिस्पर्धामा विशाल चार छक्का लगाएका थिए। कुशलले खेलमा समग्रमा गरी ७८ रन बनाए। ओपनिङ खेलाडीका रूपमा यो स्कोर राम्रो मानिँदैन।

लोकेश बम : लोकेशले डेब्यु विश्वकपमा मिश्रित नतिजा निकालेका छन्। विश्वकपकै डेब्यु खेलमा लोकेशले दुईपटकको विजेता इंग्ल्यान्डविरुद्ध असाधारण प्रदर्शन गरे। सो खेलमा उनले २० बलमा चार चौका र दुई छक्का प्रहार गरी ३९ रनमा नटआउट इनिङ्स खेले। यद्यपि, इंग्ल्यान्डसँग नेपाल चार रनले चुक्यो। पहिलो खेलबाहेक उनको ब्याटिङ दमदार भएन। प्रशिक्षक स्टुवार्टले खुबै मन पराएका लोकेश इटालीविरुद्ध तीन र वेस्ट इन्डिजविरुद्ध १३ रनमा आउट भए। खराब प्रदर्शन भएपछि उनी स्कटल्यान्डविरुद्धको खेलमा बेन्चमा रहे।

गुल्सन झा : नेपालका एक मात्र बायाँहाते ब्याट्सम्यान गुल्सन ठुलो सट खेल्न माहिर छन्। विश्वकपमा उनीबाट यस्तै अपेक्षा थियो। तर, आफ्नो क्षमताअनुसार वानखेडे रंगशालामा खेल देखाउन चुके। यद्यपि, अन्तिम खेलमा गुल्सनले ब्याटिङमा स्कटल्यान्डविरुद्ध दीपेन्द्रसिंहलाई म्याच विनिङ साझेदारीमा साथ दिए। यही खेल नै उनको सम्झनलायक रह्यो। स्कटल्यान्डविरुद्ध उनले नटआउट २४ रन बनाएका थिए। यसबाहेक उनले इंग्ल्यान्डविरुद्ध तीन रन, इटालीसँग एक रन तथा वेस्ट इन्डिजविरुद्ध ११ रन जोडेका थिए।

आसिफ शेख : कुशलका पार्टनर आसिफ पनि खासै चल्न सकेनन्। इंग्ल्यान्ड, वेस्ट इन्डिज र इटालीविरुद्धको प्रतिस्पर्धामा उनले गतिलो ओपनिङ दिलाउन सकेनन्। समूह 'सी'को अन्तिम खेलमा उनले ३३ रन जोडेका थिए। यसअघि इंग्ल्यान्डविरुद्ध सात रन, इटालीसँग २० रन तथा वेस्ट इन्डिजविरुद्ध उनले ११ रन जोडेका थिए। समग्रमा उनले चार खेलमा ७१ रन जोडेका थिए। ब्याटिङमा मात्र नभएर उनले विकेट किपिङ पनि गतिलो प्रदर्शन गर्न सकेन। उनले इंग्ल्यान्ड र स्कटल्यान्डसँगको खेलमा समान एक क्याच समाते।

आरिफ शेख : दोस्रो नेपाल प्रिमियर लिगमा उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेका कारण नै आरिफले टी-२० विश्वकपमा स्थान बनाएका हुन्। टी-२० फर्म्याटमा जमेका ब्याट्सम्यानले विश्वकपजस्तो ठुलो स्टेजमा मध्यक्रममा राम्रो गर्न सकेनन्। इंग्ल्यान्डविरुद्ध १० रन जोडेका उनले नवप्रवेशी राष्ट्र इटलीविरुद्ध सर्वाधिक २७ रन बनाएका थिए। दुईपटकको विजेता वेस्ट इन्डिजसँगको खेलमा आरिफले दुई रन मात्रै बनाए। खराब ब्याटिङ प्रदर्शन गरेका कारण नै उनी चौथो खेलमा बेन्चमै रहे।

सन्दीप लामिछाने : सन्दीप टोलीमा आबद्धमध्ये सबैभन्दा अनभुवी खेलाडी थिए। विशेष टी-२० फ्रेन्चाइजका अनुभवी सन्दीपले दोस्रोपटकको विश्वकप खेलिरहँदा आशालाग्दो प्रदर्शन गर्न सकेनन्। विश्वकपअगाडि बंगलादेश प्रिमियर लिग र दोस्रो एनपिएलको अनुभव बटुल्दै उनले विश्वकपमा उत्कृष्ट बलिङ गर्ने अपेक्षा थियो। तर, नेपालकै प्रमुख लेग स्पिनर कहलाएका सन्दीपले केवल एक विकेट मात्र लिए। त्यो पनि इंग्ल्यान्डसँगको खेलमा उनले २५ रन खर्चेर एक विकेट हात पारेका थिए। चार खेलमा उनले एक सय २३ रन खर्चेका थिए। यसपटक उनी नेपाली बलरमध्ये सर्वाधिक खर्चिलो देखिए।

नन्दन यादव : प्रशिक्षक स्टुवार्टको रोजाइमा परेका यादवले चारै खेल खेल्ने अवसर पाए। उनले चार खेलमा प्रशिक्षकलाई निराश बनाएनन्, एक किसिमले विश्वकपमा राम्रै प्रदर्शन गरेको भन्नुपर्छ। समग्रमा उनले चार खेलमा पाँच विकेट लिएर विश्वकपको अनुभव बटुले। पहिलो खेलमा उनले इंग्ल्यान्डविरुद्ध तीन ओभरमा २५ रन खर्चेर महत्त्वपूर्ण दुई विकेट लिए। कमजोर मानिएको इटालीसँगको खेलमा एक ओभरमा उनले १२ रन खर्चिए। यादवले वेस्ट इन्डिजविरुद्ध तीन ओभरमा २४ रन दिएर एक विकेट लिए। वेस्ट इन्डिजसँगको खेलमा उनको नाममा एक मात्र विकेट रह्यो। अन्तिम खेलमा स्कटल्यान्डलाई नेपालले हराउँदा उनले ३४ रन खर्चेर दुई विकेट लिए। चारै खेलमा विकेट लिने उनी मात्र हुन्।

करण केसी : लगभग एक दशकदेखि करण नेपालका ओपनिङ बलर हुन्। फास्ट बलर करणले चालू विश्वकपमा आफ्नो क्षमताअनुसार प्रदर्शन गर्न सकेनन्। दुईपटक विश्वकप खेल्दा पनि उनी विकेटविहीन भए। प्रशिक्षक स्टुवार्टले उनलाई पहिलो तीन खेलमै मौका दिएका थिए। खर्चालु देखिनुका साथै विकेटविहीन भएपछि करण चौथो खेलमा बाहिरिए। इंग्ल्यान्डविरुद्ध ३५ रन, इटालीविरुद्ध २१ रन दिएका करणले वेस्ट इन्डिजसँगको खेलमा १२ रन खर्चिए। ब्याटिङ अवसर पाउँदा उनले समग्रमा २० रन बनाए। जसमध्ये इटालीसँगको खेलमा उनले १८ रन जोडेका थिए।

ललित राजवंशी : स्टुवार्टले वानखेडेको पिचअनुसार राजवंशीलाई टोलीमा समावेश गरेका थिए। तर, राजवंशीले एक खेलमा मात्र अवसर पाए। इटालीसँगको खेलमा मौका पाउँदा उनी विकेटविहीन भए। उनले यस खेलमा १९ रन खर्चेका थिए। लगातार दुई विश्वकपमा सहभागी हुँदा पनि राजवंशी इंग्ल्यान्ड, वेस्ट इन्डिज र स्कटल्यान्डविरुद्धको खेलमा बेन्चमै सीमित भए।

शेर मल्ल : दोस्रो एनपिएलमा उत्कृष्ट बलिङ प्रदर्शन गरेपछि शेरले विश्वकपमा स्थान बनाए। प्रशिक्षकको नजरमा रहेका शेर इंग्ल्यान्डविरुद्धको खेलमा समावेश हुँदै विश्वकपमा डेब्यु गर्न सफल भए। वानखेडेको पिचमा उनले दोस्रो ओभरमै बलिङ गरी पहिलो बलमै विकेट लिएर सनसनी मच्चाए। उनले फिल्ड साल्टको विकेट लिएका थिए। सो खेलमा उनले ३५ रन खर्चिए। त्यसपछि उनी तीन खेलमा बेन्चमै रहे।

सन्दीप जोरा : सन्दीपको विशेषता मध्यक्रममा आक्रामक ब्याटिङ गर्नु हो। तर, विश्वकपमा उनले आफ्नो क्षमताअनुसार प्रदर्शन गर्न सकेनन्। उनले एक खेल मात्र खेल्ने अवसर पाए। इंग्ल्यान्ड, इटाली र वेस्ट इन्डिजसँगको खेलमा बेन्चमा सीमित भएका सन्दीपले स्कटल्यान्डविरुद्ध अवसर पाए। तर, उनले ब्याटिङ अवसर नै पाएनन्।

ओमानविरुद्ध अस्ट्रेलिया नौ विकेटले विजयी

एजेन्सी

पूर्वविजेता अस्ट्रेलियाले १०औँ संस्करणको टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा शुक्रबार आफ्नो अन्तिम खेलमा एसोसिएट राष्ट्र ओमानमाथि सानदार १० विकेटको जित निकालेको छ। श्रीलंकाको पालेकेले रंगशालामा समूह 'बी'कै अन्तिम खेलमा पहिलो ब्याटिङ गरेको ओमानले १६.२ ओभरमा सबै विकेट गुमाएर एक सय चार रनको झिनो योगफल खडा गरेको थियो।

प्रत्युत्तरमा अस्ट्रेलियाले केवल ९.४ ओभरमा एक विकेटको क्षतिमा एक सय आठ रन बनाएर सानदार जित निकाल्यो। विश्वकपको समूह चरणबाटै बाहिरिसकेको अस्ट्रेलियाले चार खेलमा समान दुई जित र हार सामना गरेको छ। श्रीलंका र जिम्बावेसँग पराजित हुँदा अस्ट्रेलिया दोस्रोपटक विश्वकपबाटै बाहिरिएको हो।

समूह चरणकै अन्तिम खेलमा अस्ट्रेलियाका लागि ओपनर तथा कप्तान मिचेल मार्स र टेबिस हेडले पहिलो विकेटका लागि ८.१ ओभरमा ९३ रन जोडेका थिए। हेड सकिल अहमेदबाट कट एन्ड बोल्ड भए। हेडले १९ बलमा ६ चौका प्रहार गरी ३२ रन बनाए। मार्सले ३३ बलमा चार छक्का र सात चौका प्रहार गरी सर्वाधिक ६४ रन जोडे। जोस इंग्लिसले ६ बलमा १२ रन बनाए।

यसअघि ब्याटिङ गरेको ओमानविरुद्ध स्पिनर एडम जाम्पाले घातक बलिङ गरे। उनले ३.२ ओभरमा २१ रन खर्चेर चार विकेट लिए। जाभियरले २७ रन दिएर दुई विकेट र ग्लेन म्याक्सवेलले पनि दुई नै विकेट हात पारे।

ओमानका लागि पाँचौँ क्रमका ब्याट्समान वासिम अलीले सर्वाधिक ३२ रनको योगदान दिए। उनले ३३ बलमा चार चौका प्रहार गरेका थिए। ओपनर अमिर कालिम सामना गरेको बलमै आउट भए। जातिन्दर सिंहले १५ बलमा १७ रन तथा हमाद मिर्जाले १३ बलमा १६ रन जोडेका थिए।

सुपर ८ मा पुगेका राष्ट्र

समूह ए	भारत, दक्षिण अफ्रिका, वेस्ट इन्डिज, जिम्बावे
समूह बी	इंग्ल्यान्ड, न्युजिल्यान्ड, पाकिस्तान, श्रीलंका

आजको खेल

पाकिस्तान — राति ७:१५ बजे — न्युजिल्यान्ड

अंक तालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
भारत	४	४	०	८	२.५०
पाकिस्तान	४	३	१	६	०.९७
अमेरिका	४	२	२	४	०.७८
नेदरल्यान्ड्स	४	१	३	२	-१.२१
नामिबिया	४	०	४	०	-३.१०

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
जिम्बावे	४	३	०	७	१.५०
श्रीलंका	४	३	१	६	१.७४
अस्ट्रेलिया	४	२	२	४	१.५२
आयरल्यान्ड	४	१	२	३	-०.१५
ओमान	४	०	४	०	-४.८४

समूह 'सी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	४	४	०	८	१.८७
इंग्ल्यान्ड	४	३	१	६	-०.२०
स्कटल्यान्ड	४	१	३	२	०.१८
इटाली	४	१	३	२	-१.०२
नेपाल	४	१	३	२	-१.३४

समूह 'डी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
द. अफ्रिका	४	४	०	८	१.९४
न्युजिल्यान्ड	४	३	१	६	१.२२
अफगानिस्तान	४	२	२	४	०.८८
युएई	४	१	३	२	-१.३६
क्यानडा	४	०	४	०	-२.४२

एसोसिएट राष्ट्रहरू ठुलासँग दूरी घटाउँदै

एजेन्सी

१०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा ओमान र अस्ट्रेलियाबिचको खेलसँगै समूह चरण खेल समाप्त भएका छन्। समूह चरणबाट टेस्ट मान्यताप्राप्त आठै राष्ट्रले सुपर आठमा स्थान बनाएका छन्। सुपर आठमा आइसिसीको पूर्णकालीन सदस्य प्रवेश गर्नु कुनै नयाँ भएन। तर, यसपटक उनीहरूले नसोचेको चुनौती पाए। त्यो पनि उनीहरूले आफूबराबरको नभएर एसोसिएट राष्ट्रहरूबाट चुनौती सामना गर्नुपरेको हो। एसोसिएट राष्ट्रहरूले एउटा सन्देश दिएका छन्, 'अब विश्वकपजस्तो प्रतियोगितामा हामी पनि कम छैनौँ।'

वास्तवमा एसोसिएटले शक्तिशाली राष्ट्रसँग दूरी घटाएको यो नै पहिलोपटक हुनुपर्छ। मैदानभित्र टेस्ट मान्यता तथा एसोसिएट राष्ट्रबिच प्रतिस्पर्धा भइरहँदा दुवै पक्ष हाबी भए। विश्वकप सुरु हुनुअघि क्रिकेटविज्ञले भनेका थिए, '१०औँ संस्करणमा उपाधि दाबेदारले कमजोर टोलीविरुद्ध तीन सय रन सहजै कटाउनेछन्।' तर, शुक्रबार समूह चरणका खेल सकिँदासम्म कुनै पनि सहभागी टोलीले तीन सय रन पार गरेका छैनन्। मुस्किलले दुई सय रनमाथिको योगफल बनेका छन्।

विज्ञहरूले तीन सय रन योगफल बन्न सक्ने कारण देखाएका थिए। भारत, इंग्ल्यान्ड, वेस्ट इन्डिज र अस्ट्रेलियाका आक्रामक ब्याट्सम्यानले सहजै कमजोर बलरविरुद्ध चौका र छक्का वर्षा गर्नेछन्। भारतका इसान किसन, इंग्ल्यान्डका विल ज्याक, वेस्ट इन्डिजका रोस्टन चेज तथा अस्ट्रेलियाका टेबिस हेडजस्ता खतरनाक ब्याट्सम्यानले पहिलो बलदेखि छक्का लगाउनेछन्। तर, विश्वकपमा विज्ञहरूले भनेजस्तो भएन। उनीहरूले शतकीय इनिङ्ससम्मै खेल्न सकेका छैनन्।

अझ उपाधि दाबेदार अस्ट्रेलिया विश्वकप इतिहासमै दोस्रोपटक समूह चरणबाटै बाहिरियो। टेस्ट राष्ट्रमा जिम्बावे, अफगानिस्तान र आयरल्यान्डलाई कमजोर राष्ट्रका रूपमा हेरिन्छन्। जिम्बावेसँग २३ रनले पराजित हुँदा अस्ट्रेलिया विश्वकपबाट बाहिरिनुको मुख्य कारण बन्यो। यसले पनि टेस्ट राष्ट्रहरूलाई प्रतिस्पर्धामा ढुक्क भएर बस्न नहुने सन्देश दिएको छ। पछिल्लो समयमा फ्रेन्चाइज फर्म्याट आधुनिक क्रिकेटको जग हो। मोर्डन क्रिकेट भनेको टी-२० फ्रेन्चाइज हो। यो फर्म्याटमा समर्थक तथा खेलको समय पनि बचत हुन्छ। खेल पनि आकर्षक बन्ने गर्छ।



क्रिकेटमा 'सानो' र 'ठुलो'बिचको पर्खाल भत्किँदै छ। टेस्ट राष्ट्रहरूले आगामी दिनमा विचार पुऱ्याउनुपर्छ। यदि सानो मनस्थिति वा ओभर कन्फिडेन्स राखेर खेल्दा नसोचेको नतिजा भोग्नुपर्नेछ। यस्तो नतिजा निकाल्न एसोसिएट राष्ट्र तयार भइसकेका छन्।

अहिले टी-२० लिग विभिन्न देशमा चलिरहेका छन्। यसमा धेरैजसो एसोसिएट राष्ट्रका नाम चलेका खेलाडी अनुबन्ध भइरहेका छन्। पछिल्लो समयमा विश्वकपको प्रदर्शनका कारण नेपालका उपकप्तान तथा अलराउन्डर दीपेन्द्रसिंह ऐरीलाई लिन सकिन्छ। नेपाली टोलीमा ऐरी 'मिस्टर कुल' उपनामले प्रख्यात छन्। न्यु ब्रान्डका रूपमा स्थापित हुन कोसिस भइरहेको पाकिस्तान सुपर लिगमा ऐरी लगभग ६० लाख पाकिस्तानी रुपैयाँमा इस्लामाबाद युनाइटेडमा आबद्ध भए। जहाँ उनले एन्ड्रेस गोसजस्ता खेलाडीसँगै प्रतिस्पर्धा गर्न अवसर पाउनेछन्।

ड्रेसिङ रुमको अनुभव र आत्मविश्वास

नेदरल्यान्ड्सका पाउल भान मिकेरेन एसोसिएट राष्ट्रका खेलाडीमध्ये फ्रेन्चाइज लिगमा सबैभन्दा हुनेमा पर्छन्। उनी निरन्तर रूपमा वेस्ट इन्डिज, बंगलादेश, श्रीलंका तथा युएईमा आयोजना हुने लिगमा आबद्ध छन्। अझ टी-२० ब्लास्टमा पाउल भान विश्वप्रसिद्ध क्रिकेटरसँग ड्रेसिङ रुम सेयरिङ गरिरहेका छन्। श्रीलंकाका पूर्वकप्तान तथा ब्याट्सम्यान महेला जयवर्द्धनेसँग उनले ड्रेसिङ रुममा सहकार्य गरेका उदाहरण छन्। यसले पनि के देखाउँछ भने एसोसिएट खेलाडीले आफ्नो स्तर वृद्धि गर्नुका साथै टेस्ट राष्ट्रका खेलाडीसँग अनुभव बटुल्ने अवसर प्राप्त गरेका छन्।

जब एसोसिएट खेलाडी डेभिड वार्नर वा किरोन पोलार्डजस्ता स्टारसँगै एउटै टुफीका लागि प्रतिस्पर्धा गरिरहेका हुन्छन्, त्यसवेला उनीहरूमा आत्मविश्वास बढ्छ। यही आत्मविश्वासले गर्दा नै विश्वकपमा अहिले अप्रत्याशित र रोमाञ्चक खेलहरू भइरहेका हुन्। चालू विश्वकपमा नेपालले एउटा खेलमा सनसनीपूर्ण प्रदर्शन गऱ्यो। लगभग नेपालले १०औँ विश्वकपमा सबैभन्दा ठुलो अप्रत्याशित नतिजा निकालिसकेको थियो।

मेघा प्रतियोगितामा अनुभवका कारण उनीहरू इंग्ल्यान्डविरुद्धको खेलमा थोरै चार रनले पछि परेका थिए। नेपालमाथि चार रनको जित निकाल्दा इंग्ल्यान्डका साम करनले अन्तिम ओभरमा घातक बलिङ गरे, १० रन चाहिएको अवस्थामा केवल पाँच रन मात्र दिए। विश्व क्रिकेटकै अनुभवी बलर सामकै कारण नेपाल विश्वकपमा स्तब्ध नतिजा निकाल्नबाट वञ्चित भयो।

एसोसिएट खेलाडीको प्रशंसा

खेलपछि सामले भनेका थिए, 'एसोसिएट राष्ट्रका खेलाडी बिस्तारै अगाडि बढिरहेका छन्। उनीहरूलाई मैदानको आधार मतलब छैन। केवल मैदानभित्र प्रवेश गरेपछि उत्कृष्ट खेल देखाउने भावना राख्छन्। मलाई व्यक्तिगत रूपमा नेपाललाई विश्वकपकै एउटा डरलाग्दो राष्ट्रका रूपमा लिएको छु।' स्कटल्यान्डले पनि इंग्ल्यान्डलाई कडा टक्कर दियो। विश्वकपअगाडि साना राष्ट्र ट्याग दिइएकाले खेलप्रतिको समर्पण देखाए। अझ नेपाल र स्कटल्यान्डबिचको प्रतिष्ठाको भिडन्तमा दीपेन्द्रसिंह ऐरीले देखाएको प्रदर्शनले प्रमाणित गऱ्यो कि साना टोलीबिचको प्रतिस्पर्धाले नै उनीहरूलाई थप मजबुत बनाइरहेको छ।

अहिलेको विश्व व्यापीकरणले क्रिकेटमा ठुलो परिवर्तन ल्याएको छ। कसैले पनि सोचेका थिएनन्, नेपालजस्तो टोलीलाई प्रशिक्षण दिन अस्ट्रेलियाका स्टुअर्ट ल र फास्ट बलर इयान हार्भेजस्ता प्रशिक्षक आउनेछन्? वास्तवमा यस्ता दिग्गज क्रिकेटर आउनु भनेको एसोसिएट राष्ट्रहरूको प्रगतिका कारण नै हो। सन् २०११ मा भारतलाई एकदिवसीय विश्वकप उपाधि दिलाएका प्रशिक्षक गेरी कर्स्टन नामिबियासँग छन्। उनी दक्षिण अफ्रिकाबाट कुनै समय ओपनिङ ब्याटिङ गर्थे। रायन कुक नेदरल्यान्ड्ससँग र भारतलाई पहिलो टी-२० विश्वकप जिताउने लालचन्द राजपुत युएईसँग छन्। यी दिग्गजहरूको अनुभव र ज्ञानले नयाँ पुस्ताका खेलाडीलाई माथि उठाउन मद्दत गरिरहेको छ।

नजर परिवर्तन हुनु आवश्यक

पक्कै पनि अब ठुला राष्ट्रले सानालाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्ने वेला भइसकेको छ। भोलिका दिनमा अमेरिकाले भारतलाई हरायो वा नेदरल्यान्ड्सले पाकिस्तानमाथि जित निकाल्यो भने त्यसलाई अप्रत्याशित मान्न मिल्दैन। बरु, यस नतिजालाई उनीहरूको कडा मिहिनेतको प्रतिफल मान्नुपर्छ। यसैकारण अब क्रिकेटमा 'सानो' र 'ठुलो'को पर्खाल भत्किँदै छ। यसमा ठुला राष्ट्रले आगामी दिनमा विचार पुऱ्याउनुपर्छ। यदि सानो मनस्थिति वा ओभर कन्फिडेन्स राखेर खेल्यो भने ती राष्ट्रहरूले नसोचेको नतिजा भोग्नुपर्नेछ। यस्तो नतिजा निकाल्न एसोसिएट राष्ट्र तयार भइसकेका छन्। र, अन्त्यमा इटालीका ग्रान्ट स्टुअर्टले इंग्ल्यान्डविरुद्ध जितको नजिक पुऱ्याएको त्यो पल वा नेपालको प्रत्येक खेलको रोमाञ्चकतालाई विश्वकपमा ताजा राखेका छन्। खेलको सुन्दरता नै यही हो। यहाँ कुनै पनि वेला जे पनि हुन सक्छ।

क्रिकइन्फोका लागि अलगप्पन मुथु

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com